# के हो इस्लाम?



लेखः जमाल अल -दीन जराबोजो

अनुवादः अबू बक्र नद्वी पुनरवलोकनः रहमतुल्लाह मियाँ

वितरण दअ्वह वल्-इर्शाद केन्द्र
मदीना खलीफा जुनूबिया, दोहा, कतार
पो.बो.२४८२ - फो.४४८७१७०६ फ्याक्स.००९७४४४८६४७३७

**बिस्मिल्लाहहिर्रहमानिर्रहीम**

## सराहना

सबै प्रशंसा अल्लाहको लागि होस साथै कृपा र शान्ति होस हाम्रा सन्देष्टा मुहम्मदमाथि ।

'के हो इस्लाम' भन्ने पुस्तकको सराहना गर्दै खुशी भइरहेको छु, यसलाई 'निमन्त्रणा र निर्देशन केन्द्र' कतारमा कार्यरत् मेरो इस्लामी भाई र धर्मविद्वान अबू बक्रले अनुवाद गरेका छन् । यसको उद्देश्य नेपाली भाषामा इस्लाम धर्मको परिचय गराउन निम्ति इस्लामी पुस्तकालयलाई अनुदान पुऱ्याउनु हो । मैले यिनलाई ज्ञानको खोजकर्ता र आफ्नो मूल नेपाली भाषाको संगसंगै अरबी भाषामा पनि उत्कृष्ट पाएको छु ।

हामी 'निमन्त्रणा र निर्देशन केन्द्र'द्वारा यस सफल कार्यको प्रकाशन गर्दै, जसको धेरै विद्वान र नेपाली भाषाविशेषज्ञहरुले सराहना गरेका छन्, 'हामी इस्लामी पुस्कालयमा एउटा नयाँ पुस्तक थप गर्नुमा सफलता पाएका छौं र यो पुस्तक इस्लामबारे ज्ञान खोज्नेलाई स्रोत बन्न सक्छ होला' हाम्रो अल्लाहसित आशा छ ।'

अल्लाह हाम्रो यस कार्यलाई आफ्नो खुशी प्राप्तिको लागि विशुद्ध पाररुन् तथा यिनी अनुवादकलगायत यस लाभदायक पुस्तकलाई प्रकाशमा ल्याउन सघाएका हरेकलाई प्रतिफल देऊन् ।

कृपा र शान्ति होस हाम्रा सन्देष्टा मुहम्मद, उनका सन्ततिलगायत उनका सबै साथीहरुमाथि ।

फव्वाज अब्दुल्लाह अल गामिदी

व्यवस्थापकः 'निमन्त्रणा र निर्देशन केन्द्र', दोहा, कतार ।

१४/७/२०१२

## अनुवादकका दुई शब्दहरु

सबै प्रशंसा अल्लाहको लागि होस जो सर्वजगतका प्रभु हुन् तथा कृपा र शान्ति होस उनका सन्देशवाहक मुहम्मद र उनका सन्ततिलगायत उनका सबै साथीहरुमाथि ।

पढ्न लागेको यो पुस्तक इस्लाम धर्मको परिचय गराउन निम्ति अंग्रेजी भाषामा लेखिएको what is islam भन्ने पुस्तकको नेपाली अनुवाद हो । मूल पुस्तकको लेखक एउटा अमेरिकी नयाँ मुस्लिम इकोनोमिक्सका पी. एच. डी स्कालर Jamaal al-Din M. Zarabozo हुन् । उनीबारे विस्तृत जानकारी उनको उक्त नाम इन्टरनेटमा सेर्च गर्दा प्राप्त हुनेछ ।

उनको यो पुस्तक इस्लामका मूल स्रोत कुरआन र हदीसको मेरो अध्यनको प्रकाशमा अति वास्तविक र सही परिचय हो । उनले थोरै शब्दहरु बाट अति आकर्षक शैलीमा इस्लामका सार राम्ररी पेश गरेका छन् ।मेरो अनुभव अनुसार इस्लामको सही परिचयबारे यस्तो भरपर्दो र समावेशी पुस्तक अहिलेसम्म नेपाली भाषामा लेखिएको छैन । पाठक स्वयंले यसलाई पढेर महसूस गर्न सक्नुहुन्छ । तसर्थ म यसबारे अरु धेरै लेख्दै पाठक र पुस्तकको बीच अवरोध नबनेर यसको फैसला पाठकमाथि नै छोडछु ।

मेरो भुमिका आफ्ना प्रिय नेपाली भाषीहरुलाई पनि यस्ता इस्लामी पुस्तकहरुको अनुवादमार्फत इस्लाम धर्म बाट अवगत गराउनु हो । अनुवाद गर्दा मैले इमानदारीको पुरा ख्याल राखेको छु । सिंगो पुस्तकमा मेरोतर्फ बाट कुनै थप घट भएको पाइंदैन । मूल किताब अंग्रेजी भाषामा अनेक चोटि छापिसकिएको छ, तर यो यसको पहिलो संस्क्रणको अनुवाद हो । उक्त पुस्तक लेखकको वेभसाइटमा पनि मौजूद रहेको छ ।

आफ्नो अनुवादको शुद्धतामा झन् ढुक्कहुनु निम्ति मैले यसको पुनरवलोकनको लागि नेपाली भाषामा परिपक्व तथा इस्लामी परिभाषिक शब्दहरुसित पनि राम्ररी अवगत आफ्नो प्रिय इस्लामी भाई आदर्णीय रहमतुल्लाह मियांसित सच्याउन अनुरेध गरेको थिएं । उहांले आफ्नो अति व्यस्तताका बावजूद पुण्य कमाउने नियतले यसको लागि आफ्नो बहुमूल्य समय खर्चिनुभयो । अल्लाहले उहांलाई यसको राम्रो प्रतिफल देऊन् । तापनि 'कुनै गल्ती भेटाएमा वा कुनै प्रस्ताव पेश गर्न चाहेमा तल दिएको मेरो email ID अथवा संस्थाको पो. बोक्समा सम्पर्क

गर्नुहोस'तपाईहरुसित मेरो अनुरोध छ । आइन्दा संस्करणमा इन्शाअल्लाह संशोधन गर्नुकासाथै निकै आभारी पनि हुनेछु । इस्लाम धर्मबारे ज्ञान प्राप्त गराउन निम्ति छापिएको यो मेरो पांचौं पुस्तक हो । यस अघि 'सत्य एकैश्वरवाद' 'इस्लाम धर्मका केही सुन्दर्ताहरु' र 'मुहम्मद अल्लाहका सन्देशवाहक' (उनीमाथि अल्लाहको कृपा र शान्ति होस) जस्ता पुस्तकहरु छापिसकिएका छन् । र यसका अलावा केही अरु पुस्तकहरु छाप्नको लागि तयार पनि छन् । उक्त किताबहरुको तयारीमा मेरो अनन्त र परम स्वामी अल्लाहको प्रेर्णा र कृपापछि म कार्यरत्रहेको संस्था 'इस्लामी निमन्त्रणा र निर्देशन केन्द्' र यसको व्यवस्थापकश्री आदर्णीय फव्वाज अब्दुल्लाह अल गामिदी महोदयको प्रमुख भूमिका रहेको छ । परम अल्लाह उनलाई राम्रो प्रतिफल देऊन् र यसको पछाडि मेरो आशय मात्र आफ्नो खुशी प्राप्तिको लागि विशुद्ध पारुन् । र यस बाट हाम्रा प्रिय पाठकहरुलाई सत्यलाई आत्मसात गर्न उत्प्रेर्णा देऊन् । आमीन ।

अबू बक्र नद्वी

पो. बोक्स न. २४८२

दोहा – कतार

email: abubakarmusalman@yahoo.com

## प्रस्तावना

## पुस्तक लेख्नुको लक्ष्य र उद्देश्य

इस्लामबारे एउटा स्पष्ट र संक्षेप भएको पुस्तक प्रकाशन गर्नका लागि यो अत्यन्तै महत्वपूर्ण समय हो । अहिले विविध कारणले गर्दा संसारका धेरै स्थानहरुमा इस्लाम धर्मलाई प्रायजसो नकारात्मक चित्रण गरिने गरेको पाइन्छ । प्रायः मानिस इस्लामसित अनभिज्ञ भएको हुनाले आमसञ्चारका माध्यमहरुमा जे देखिन्छ, ती माध्यमहरुले इस्लामका बारेमा गलत चित्रण गर्ने हुनाले इस्लामसित अप्रभावित हुनु अचम्मको कुरा होइन । यस अवस्थाको सर्वसुलभ र संभवतः सर्वाधिक लाभदायक उपचार यस्ता मानिसहरुसम्म पुग्नु र इस्लामको वास्तविकताबारे उनीहरुलाई सुन्न लगाउनु नै राम्रो हो । मानिसले बढाईचढाईभन्दा माथि उठेर धर्मको बारेमा सत्य र विश्वश्नीय शिक्षा अवश्य पाउनुपर्छ ।

यहाँ हाम्रो लक्ष्य इस्लामबारे व्यापक दुष्प्रचारसित सरोकार गर्ने होइन । हाम्रो एकमात्र लक्ष्य इस्लामको वास्तविकता र यसलाई इस्लामको ईश्वरीय मान्यताका स्रोत र मूलआधारहरु कुरआन वा अर्को शब्दमा अल्लाहकोतर्फबाट उनका सन्देष्टा मुहम्मद (उहाँमाथि अल्लाहको कृपा र शान्ति होस्) माथि उद्भाषित गरिएको ग्रन्थबाट र स्वयम् सन्देशवाहकका निर्देशन एवं पद्दतिहरु (हदीसहरु) बाट इस्लामको सही स्वरुप प्रस्तुत गर्नु हो ।

## इस्लामका स्रोत र आधारहरु

इस्लामको बहसभन्दा अघि यसका मौलिक स्रोतहरुबारे केही जान्न र बुझ्न आवश्यक हुन्छ । इस्लामका अधिकारिक स्रोतहरु दुई वटा मात्रै हुन्, कुरआन र सन्देशवाहक मुहम्मदको सुन्नह । (१) यी दुई वटा मात्रै इस्लामका अन्तिम अधिकार हुन् किनकि यिनीहरुमा नै अल्लाहबाट सन्देष्टा (उहाँमाथि अल्लाहको कृपा र शान्ति होस्) ले ग्रहण गरेका प्रकाशनालाई संग्रहित गरिएका छन् । अल्लाहले सन्देष्टा ( ईशदूत) लाई कुरआन र सुन्नह दुबैबाट प्रेरणा दिएका छन् । तसर्थ सम्पूर्ण आस्था र कर्महरु यिनी दुबैका मातहत रहनुपर्दछ, यिनीहरुको अनुरुप हुने स्वीकार्य हुनेछ र अमिल्दो हुने स्वीकार्य हुनेछैन ।

कुरआन बाइबलभन्दा धेरै फरक छ । कुरआनमा मानवका विभिन्न सन्देशवाहकहरुबारेका कथाहरु उल्लेख गरिएका छैनन् । कुरआन वस्तुतः अल्लाहको वाणी हो । यो अल्लाहबाट जिब्रईल (अलैहिस्सलाम) को माध्यमबाट सन्देष्टा मुहम्मद (उहाँमाथि अल्लाहको कृपा र शान्ति होस्) तर्फ प्रत्यक्ष उद्‌भाषित गरिएको हो । कुरआनमा उद्‌भाषित वाणीहरु सन्देशवाहकले स्वयम् ग्रहण गरी आफ्ना अनुयायीहरुलाई प्रदान गरे । यो प्रकाशना आफ्नो यथार्थ उच्चारणकासाथ कण्ठ गरियो, लेखियो र हुबहु सारियो । त्यसैले अहिलेसम्म कुरआनको स्वरुपमा केवल ईश्वर मात्रले पुनः बोली रहेका छन् । कुरआनमा कतैपनि मानिसका टिप्पणी, कुराकानी वा उद्दरणहरु भेटाइन्नन् ।

त्यसैले कुरआनको शैली बेजोड छ । यो मुटु, मन र आत्मामा अल्लाहको कथन हो । यो आफ्नो विशुद्ध अरबी भाषामा असाध्यै चलनचल्ती र सुन्दर किसिमको रहेको छ । (अहिले अनगन्ति भाषाहरुमा कुरआनको अर्थको अनुवाद गरिसकिएको छ । तापनि ती अनुवादहरु कहिल्यै पनि कुरआन ठानिएका छैनन् । कुरआन केवल विशुद्ध अरबी हो । तसर्थ प्रार्थना र कर्मकाण्डहरुमा सही सद्धे अरबी कुरआन मात्र प्रयोग गरिन्छ ।)

कुरआनका साथै सन्देष्टा मुहम्मद (उहाँमाथि अल्लाहको कृपा र शान्ति होस्) का कथन र आचरणहरु पनि छन् । अल्लाहका सन्देशवाहकको सुन्नतको अधिकार, 'उनी अर्ध ईश्वरको कुनै किसिम हुन्' भन्ने कदापि होइन । उनी (मुहम्मद) सम्पूर्ण सन्देष्टाहरुझैं मानवजातिमध्ये कै हुन् । सन्देशवाहकको अधिकार अल्लाहको आज्ञापालनको प्रचार गर्नु मात्रै हो । अल्लाहले नै कुरआनमा सन्देशवाहकको अधिकार वर्णन गरेका छन् । तसर्थ सन्देशवाहकको पद्धति पछ्याउनुको आशय अल्लाहको मातहत र आज्ञापालनबाहेक अन्य केही होइन । अल्लाहले भनेका छन्, 'जसले ईशदूतको आज्ञापालन गऱ्यो निश्चय नै त्यसले अल्लाहको आज्ञापालन गऱ्यो, जो विमुख भए हामीले तिमी (मुहम्मद) लाई त्यस्ताहरुकालागि पहरेदार बनाएर पठाएका छैनौं ।' (कुरआन, ४ : ८०)

कुरआन र सुन्नतबीच अति धेरै अन्योन्याश्रित सम्वन्ध रहेको छ । कुरआनलाई कसरी कार्यान्वयन गर्नुपर्छ भन्ने सुन्नतले व्याख्या गर्छ । कुरआन जे बताउँछ त्यसको सुन्नत व्यवहारिक स्पष्टिकरण हो । कुरआनी शिक्षाको यो पूर्णआकार मुस्लिमहरुको

लागि महान् आशिष र कृपा हो । यसले अल्लाहको पथप्रदर्शनलाई झन् पूर्ण र सबैसम्म पहुँचको लायक बनाउँदछ ।

यसप्रकार मानवजातिको मार्गदर्शनको लागि आवश्यक सिद्धान्तहरु सधैंभरि कुरआन र हदीस अभिन्न अंग बनी प्रस्तुत गर्ने छन् ।

त्यसैले इस्लामबारे कुनै भरपर्दो पुस्तक कुरआन (२) र सन्देशवाहक मुहम्मद ( उहाँमाथि अल्लाहको कृपा र शान्ति होस्) को शिक्षामा आधारित हुनुपर्छ ।

## अल्लाहमाथि विश्वास गर्नु

अल्लाहमा विश्वास गर्नु साँच्चिकै इस्लामको पूर्ण आस्था हो । इस्लामका अन्य विश्वास तथा सम्पूर्ण इस्लामी क्रियाकलापहरु अल्लाहमा दृढ आस्थाका वरिपरी घुमिरहन्छन् । त्यसैले अल्लाहबारे दृढ विश्वासलाई संसारभरिका अन्य धार्मिक समुदायहरुभन्दा सम्भवतः इस्लाममा धेरै बढी विस्तृत बर्णन गरिएको पाइन्छ ।

## अल्लाहलाई कसरी जान्ने

'अल्लाहद्वारा मानवजातिलाई विचार शक्ति र नैसर्गिक प्रेरणा प्रदान गरिएको छ' भन्ने इस्लाम धर्मले अस्वीकार गर्दैन । बरु 'एउटा स्रस्टा अल्लाह छन्' जस्तो सत्यलाई जान्न र मान्नका लागि अल्लाहले मानवजातिलाई जन्मजात ल्याकत दिएका छन्' भन्ने वास्तवकितालाई पनि इस्लामले स्वीकार्छ । सर्वमहान् चिन्तकहरुले प्रायः मानिसहरुको स्रस्टाको अस्तित्वतर्फ औंल्याउने विभिन्न संकेतहरुलाई कहिल्यै पनि अस्वीकार गरेका छैनन् । उनीहरु अल्लाहको अस्तित्वको मतलाई निसंकोच स्वीकार गर्दछन् । केही मानिस भ्रमित हुनु र अल्मलिनुको कारण, अल्लाहका बारेमा ठीकसँग नजान्नु र अल्लाहको सत्य एवं सुरक्षित प्रकाशनासम्म उनीहरुको पहुँच नहुनाले पनि हो । 'अल्लाहमा आस्था राखेपछि मान्छेलाई पनि अल्लाहबारे यथार्थ जानकारी हुने अधिकार हुन्छ' भन्ने गलत स्रोतहरुले जनाउँछन् ।

अल्लाह आफ्ना सृष्टिभन्दा पूरै पृथक र बेग्लै छन् । यसैले उनी मानव अनुभवको लोक, मानव सोचलगायत मानव जाँचमध्येको कुनै कुरा होइनन् । तसर्थ अल्लाहबारे विस्तृत ज्ञान विशेषतः अल्लाहसित मानिसको अपेक्षित सम्बन्ध जान्नको लागि स्वयम् अल्लाह र उनको प्रकाशनातर्फ फर्कनुपर्छ । यसको लागि अर्को कुनै उपाय हुन सक्दैन । यसको ज्ञान अल्लाहबाहेक अरु कसैलाई छैन ।

अल्लाहबाट कुरआनको प्रकाशना तथा अल्लाहका सन्देष्टा मुहम्मद (उनीमाथि अल्लाहको दया र शान्ति होस्) का अनुप्राणित शब्दहरु नै अल्लाहबारे यस्ता स्पष्ट प्रदर्शन उपलब्ध गराउँछन् । यिनीहरुले अल्लाहको अस्तित्व, उनको शक्तिलगायत उनको ज्ञानबारे सबै आशंकाहरु हटाउँछन् । सर्वशक्तिमानप्रति मानिसको आवश्यक व्यवहारसित सम्बन्धित सबै प्रश्नहरुको उत्तर पनि दिन्छन् । अझ अल्लाहले आफ्नो कृपाले आफ्ना नाम र गुणहरुमार्फत आफूबारे उपलब्ध गराएका विस्तृत ज्ञानबाट उनी साँच्चिकै प्रिय, उपासनाको एकल पात्र तथा कसैको जीवनको प्रमूख प्रेरणा बन्न पुग्दछन् ।

## अल्लाह सम्पूर्ण सृष्टिको एकमात्र स्रस्टा र पालनकर्ता हुन्

कुरआन पढ्दा एउटा कुरा निश्चय नै अगाडि आउँछ, 'अल्लाह सृष्टिका सम्पूर्ण संरचनामाथि मानवजातिलाई विचार गर्न अह्राउँछन् ।' कुरआनका शिक्षाहरु कहिल्यै पनि विवेकयुक्त चिन्तनसित अमिल्दा हुँदैनन् । वस्तुतः ज्ञानका यी आधारहरुलाई कुरआनमा एउटा मार्गझैं आह्वान गरिएको छ । 'हाम्रा आँखा अगाडि यो सृष्टिको अस्तित्व र उत्पत्ति एउटा महान ईश्वर र शर्वशक्तिमान स्रष्टाको इच्छा र संरचना विना सम्भव भएको छैन' भन्ने एकल निष्कर्षतर्फ यी संरचनाहरुले डोऱ्याउँछन् । (३)

मानव जातिलाई सदियौंसम्म विश्वसनीय बनाउने अल्लाहले एउटा श्लोकमा साँच्चिकै एउटा यस्तो ठोस तर्क प्रदान गर्छन्, 'के यिनीहरुको सृष्टि कुनै सृष्टिकर्ता विना नै भएको हो वा यिनीहरु आफैं स्रष्टा हुन् ? वा आकाशहरु तथा पृथ्वीलाई यिनीहरुले सृष्टि गरेका हुन् ?' (कुरआन, ५२ : ३५, ३६) 'स्पष्टतः मानिसहरु यस संसारमा न त नास्तिबाट आएका छन् न उनीहरुले आफ्नो सृजना आफैं गरेका हुन्' श्लोकहरुको संकेत अधिकांश मानिस समक्ष यसरी नै स्पष्ट छ । तसर्थ उनी एउटा स्रष्टाको कर्म परिणाम हुन् ।

'यस अस्तित्वको अवश्य एउटा स्रष्टा छ' यथार्थलाई अझ बढी बुझाउनका निम्ति ब्राह्माण्ड भित्रको सुन्दरता र सन्तुलनमा पनि ध्यान दिनुपर्छ । निर्माणको ढाँचा यस्तो नियमनिष्ठ छ, जस्तो कि यसले कहिलेकाहीं 'प्रकृतिको सूक्ष्मग्राही सन्तुलन'तर्फ औंल्याउछ । कसरी हरेक चीजहरु आपसमा अझ आफ्नो स्वयम् शरीरभित्र एक अर्काकासाथ काम गरिरहेका हुन्छन्, साँच्चिकै यो आश्चर्य पार्ने

अर्न्तवस्तु हो । उदाहरणका लागि शरीरका विभिन्न अंगहरुबीच आपसी सहयोग विना जीवन चल्न सम्भव नै हुँदैन । हेराईमा आएका यी अद्भूत घटनाहरु अन्य धेरै महत्वपूर्ण निष्कर्षहरुसम्म लैजान्छन् ।

पहिलो, 'निर्माण ढाँचा र ब्राह्माण्डका विभिन्न अप्रशिक्षित वा अशिक्षित निर्जीव तत्वहरुबीच सहयोग' यिनीहरु अहिले पनि सर्जकको नियन्त्रण र निर्देशनमा रहनुको सूचक हुन् । तिनीहरुको आपसमा सहकार्य र सहयोगको स्तरले सम्पूर्ण ज्ञान र सञ्चालन एवं निर्देशन गर्ने सम्पूर्ण सामर्थ्य दुबै राख्ने अस्तित्वको प्रभुत्वमा तिनीहरुलाई हुनेतर्फ औंल्याउँछ । यस्तो नभएको भए आमरुपी र विशेषतः यो ब्राह्माण्डभित्रका सबै वस्तुहरुलाई सृजना गर्ने प्रमाणु र कणहरुका धेरै संख्याबीच अस्तव्यस्तताको सम्भावना हुन्थ्यो ।

दोस्रो, ब्राह्माण्डको स्रष्टा र मालिक एउटै हो । 'यस सन्तुलित र एकीकृत ब्राह्माण्डको एकभन्दा बढि स्रष्टा हुन सम्भव छैन' भन्ने स्पष्ट चिन्ह रहेको छ । यस विषयले पनि अघिल्लो विषयलाई प्रमाणित गर्दछ । एकभन्दा बढी स्रष्टा भएको भए हरेकसित इच्छा र बल हुन्थ्यो अनि सृष्टिमा अहिले जुन एकता र सन्तुलन देखिन्छ त्यो अपेक्षित हुँदैनथ्यो ।

यसप्रकार प्रारम्भिक बुँदा, 'ब्राह्माण्डको स्रष्टा, सञ्चालक र अन्तिम शक्ति एउटै हो' भन्ने दुबैलाई मानवजाति माझ प्राकृतिक तथा तार्किक तवरले ठहर गरिसकिएको छ ।

'ब्राह्माण्डको स्रष्टा र सञ्चालक एकमात्र अल्लाह हो' एकचोटी ठहर गरिसकेपछि अर्को महत्वपूर्ण निर्णय आफैं प्रस्फुटित हुन्छ । विषेषतः शायद कसैले आफूसित सोध्न सक्ने सबैभन्दा महत्वपूर्ण प्रश्न, 'त्यस स्रष्टासित हाम्रो सम्बन्ध कस्तो हुनुपर्छ त भन्ने हो ?' यसले पछिल्लो कुरा 'अल्लाह मात्र उपासना योग्य र त्यसको हकदार छ, भन्ने तर्फ अप्रत्यक्ष रुपमा डोऱ्याउँछ ।

## उपासनाको एउटै लक्ष्य अल्लाह हुनुपर्छ

एउटै स्रष्टा र सञ्चालकको अस्तित्व पत्याउनु अत्यन्तै महत्वपूर्ण हुँदाहुदै पनि इस्लाममा अल्लाहको आस्था र कल्पनामध्ये पर्नुका बावजूद पनि प्रयाप्त छैन । 'मानवजातिको आत्मामा नैसर्गिक तवरले त्यो निहित रहेको छ' सत्य वास्तवमा

सबैलाई थाहा छ र यो प्रश्नभन्दा बाहिर हुनुपर्छ । अझ बढी महत्वपूर्ण र रहस्यमय विषय स्रष्टा तथा सञ्चालक एउटै मान्ने व्यक्तिसित गएर जोडिन्छ ।

दुइवटा उदाहरणले यो विषयलाई सम्भवतः स्पस्ट पार्छ होला । पहिलो, अल्लाहको सृष्टिले उसको महानता र उसको महान ज्ञानतर्फ औल्याउँछ र पूर्णमहान तथा अचम्मित रहंदा हरेकको दृष्टिकोण सामान्तया अदब, सम्मान र आदर हुने गर्छ । अझ बढी स्रष्टाको महानताको दर्जा सृजना नै गर्न नसक्ने असक्षमहरुसँग दाँज्न सकिन्न । यसबारे अल्लाह भन्दछन्, 'के तिनीहरुले यस्तालाई साझेदार बनाउँछन् जो कुनै पनि वस्तु सृष्टि गर्दैनन् बरु तिनीहरु स्वयम् सृजित भएका छन् ?' (कुरआन, ७ : १९१) अल्लाह अगाडि भन्दछन्, 'के सृजना गर्ने र गर्न नसक्ने, दुबै समान छन् ? तिमी किन पाठ सिक्दैनौं ?' (कुरआन, १६ : १७)

अल्लाह हरेक उपहार र आशिष बरु हरेकको जिन्दगी र यस सृष्टिमा उसको लागि तयार पारिएका सबै कुराहरुका स्रोत हुन् । त्यसबारे अल्लाह कुरआनमा भन्दछन्, 'र, यदि तिमीहरुले अल्लाहका सबै अनुग्रहहरुको गणना गर्न चाह्यौ भने पनि गन्न सक्ने छैनौ ।' (कुरआन, १४ : ३४)

अल्लाहको सहयोग र मद्दत बिना ती उपहारहरु मानिस आफ्ना लागि ल्याउन सक्छन् त ? अल्लाहले आफ्नो यस कथनसँगै अर्को उदाहरण दिन्छन्, '(हे सन्देष्टा !) तिनीहरु (अविश्वासीहरु) लाई सोध-के तिमीहरुले सोचेका छौ कि अल्लाह तिमीहरुको सुन्ने र हेर्ने शक्ति खोस्छन् र तिम्रा हृदयहरुमा सील (मोहर) लगाईदिन्छन् भने अल्लाहबाहेक कुन उपास्यले तिमीहरुलाई त्यो फिर्ता दिन सक्छ ? हेर, हामी कसरी आयात (श्लोक) वर्णन गर्छौं तैपनि तिनीहरु बेवास्ता गर्छन् ।' (कुरआन, ६ : ४६)

यति हुँदाहुँदै पनि एकमात्र ईश्वरको अवज्ञा गर्नु, बेवास्ता गर्नु र अहमता प्रदर्शन गर्नु कसैको लागि उचित हो त ? वस्तुतः यत्रा वरदानहरु प्रदान गर्ने त्यस्तो महान र अचम्म पार्ने प्रकृतिसित विनम्र, आज्ञाकारी, आभारी, मायालु र श्रद्धालु नै हुनुपर्छ ।

माया, आदर र उपासना गरिने हकअधिकार केवल अल्लाहको लागि विशिष्ट हुनुपर्ने बताउनका लागि अल्लाहका यी दुई उदाहरणहरु अर्थात् सृजनात्मक क्षमता एवं ज्ञान र अल्लाहद्वारा एक्लै प्रद्वत्त बरदानहरु प्रयाप्त छन् । यसबारे एउटै स्रष्टा त मान्ने अनि तुरुन्तै उनलाई बेवास्ता गरी बनावटी ईश्वर र बनावटी चिजहरुको

उपासना गर्नेहरुलाई अल्लाह अनेक पटक कुरआनमा विभिन्न किसिमबाट सम्बोधन गर्दछन् । उदाहरण स्वरुप अल्लाह भन्दछन्, 'भन, यदि तिमीहरु जानकारी राख्छौ भने, पृथ्वी तथा त्यसमा रहेका चिजहरु कस्का हुन् ?' तिनीहरुले भन्ने छन्, 'अल्लाह कै हुन् ।' भनीदेऊ, अनि तिमीहरु उपदेश किन ग्रहण गर्दैनौ त ?' (कुरआन, २३ : ८४-८५)

त्यसैगरी महत्वपूर्ण कुरो, 'सही मार्ग देखाउन आवश्यक ज्ञान' अल्लाहलाई मात्र छ । मिथ्या पूजिनेहरु त्यसमध्ये केही पनि जान्दैनन् । यसबारे अल्लाह भन्दछन्, 'सोध, के तिमीहरुका साझेदारहरुमध्ये कोही यस्तो छ जसले सत्मार्ग देखाउन सक्छ ?, भनिदेऊ, केवल अल्लाह सत्यको मार्ग देखाउँछन्, अनि बताऊ, जसले सत्यको बाटो देखाउँछ त्यो बढी अनुसरण योग्य रहेको छ वा त्यो जसलाई मार्ग नदेखाउञ्जेल स्वयंले मार्ग प्राप्त गर्न सक्दैन ? आखिर तिमीहरुलाई के भएको छ ? तिमीहरु कस्तो निर्णय गर्छौ ? र, तिनीहरुमध्ये अधिकांश केवल अनुमानको भरमा हिंड्छन् जबकि अडकलबाजी सत्यको मामिलामा अलिकति पनि लाभदायक छैन । निस्सन्देह तिनीहरुले गरिरहेका कार्यहरुसँग अल्लाह पूर्णरुपले अवगत छन् ।' (कुरआन, १० : ३५-३६)

उपरोक्त र कुरआनभरि छरिएर रहेका अनेक तर्कहरुबाट उपासनाको योग्य अल्लाहबाहेक कोही र कोही पनि छैन, हरेकले यही निष्कर्ष निकाल्नुपर्छ । फलस्वरुप उपासना योग्य अल्लाहबाहेक कोही नभएकोले हरेकले एउटै अल्लाहकै उपासनामा जोडदिनु बुद्धिसँगत हुनेछ । सम्पूर्ण इस्लामको मुलभूत सन्देश र विगतका सबै ईशदूतहरुले दिएका मूख्य उपदेशहरु पनि वास्तवमा यही नै थियो ।

यहाँ इस्लामी परिप्रेक्षमा उपासनाको परिभाषाको अर्थ परिभाषित गर्न उपयुक्त होला । 'उपासना' शब्द कुरआनी र अरबी परिभाषामा 'इबादत'को अनुवाद हो । यो परिभाषाको भावार्थ अंग्रेजी शब्द 'वर्शिप' भन्दा बेग्लै रहेको छ । वर्शिप शब्दको अर्थ अंग्रेजीमा आदर गर्नु भन्ने हुन्छ । यसको ब्याख्या 'ईश्वरको आदर-सम्मानमा भक्ति युक्त कर्महरु गर्नु' भनेर भन्न सकिन्छ । (४) तर बिलाल फिलिप्सको यसबारे टिप्पणी यसप्रकार रहेछ,

'अन्तिम प्रकाशनाको भाषा अरबीमा वर्शिपलाई इबादत (उपासना) भनिएको छ, 'इबादत' शब्दको अर्थ दास हो र 'अब्द' नामबाट उत्पत्ति भएको हो । दाससित

आफ्नो मालिकको इच्छानुसार कार्य गरिरहने अपेक्षा गरिएको हुन्छ । फलस्वरुप अन्तिम प्रकाशना अनुसार वर्शिपको अर्थ 'ईश्वरको इच्छा बमोजिम गर्ने आत्मसमर्पण हो ।' ईश्वरबाट मानवजातितर्फ पठाइएका सम्पूर्ण सन्देशवाहकहरुको सन्देशको सार पनि यही नै थियो । उदाहरणका लागि वर्शिप (उपासना) को उक्त बुझाई मथ्थेव ७ : २१ मा यशुद्वारा जोडदारसँग यसरी बयान गरिएको छ, 'मलाई प्रभु मान्ने मानिसहरुमध्ये आकाशमा रहने मेरो पिताको इच्छानुसार गर्नेहरु मात्र ईश्वरको राज्यमा प्रवेश हुनेछन् ।' (५)

यसप्रकार एकैश्वरवाद (उपासनाको लक्ष्य अल्लाहलाई मात्र मान्नु) को उक्त रुप विशेषतः पश्चिमाका मानिसहरुले बुझेकोभन्दा अधिक भिन्न रहेको छ ।

इस्लामी एकैश्वरवादको उक्त रुपले उपासनाका नियमसँगै मनोभाव र शारीरिक कर्महरुलाई पनि समेटेको छ । मनोभावबाट केवल उसैलाई पत्यार र भरोसा गर्नु, मात्र उसैसित सर्वोपरी भय राख्नु, केवल उसैसित अत्यधिक आशा राख्नु तथा उसैलाई ईश्वर र स्रष्टा आदि मान्नुलाई भन्ने भाव समेटिएको छ ।

अल्सअ्दीको बर्णनअनुसार अल्लाहको उपासनामा विशेषतः दुईवटा चिजहरु सँगसँगै हुन्छन्, उपासनाको वास्तविकता र चेतना, अल्लाहको आधिनता र उनीसित मायाको सम्पादनद्वारा सिद्ध हुन्छ । अल्लाहसित पूर्ण माया र उनको पूर्ण अधिनता उपासनाको सत्यता हो । उपासनाले ती दुबै वा तीमध्ये कुनै एकलाई पनि गुमाएको भए वास्तवमा त्यो उपासना हुँदैन किनकि उपासनाको सत्यता अल्लाहको आधिनता र समर्पण मै पाइन्छ । र, त्यो अल्लाहसितको माया, मायाका सबै आवेगमाथि हैकम राख्ने गरी परिपूर्ण भएपछि मात्र देखिन्छ । (६)

'अल्लाह केवल उपास्यको एक्लो पात्र हो' भन्ने बुझेर अल्लाहमाथि आस्था राख्नुका धेरै अर्थहरु हुन्छन्, भन्ने कुरा स्पष्ट भइसकेको छ । विशेषतः 'अल्लाहमै समर्पित हुनुपर्ने जीवनका कैयौं रुपहरु हुन्छन्, तथ्य नबुझिकन जो कोही पनि 'कोही पूजनीय होइन अल्लाहबाहेक' भन्ने वक्तव्यलाई समात्नुमा असफल हुनेछ । एउटा संक्षिप्त व्याख्याबाट ती रुपहरुको विचारलाई बढि स्पष्ट पार्नुपर्छ ।

पहिलो, उपासनाका सबै संस्कारहरु एक्लो अल्लाहकै लागि समर्पित हुनुपर्दछ । प्रार्थना, ब्रत, हज (तीर्थयात्रा), धर्मदान आदि कार्यहरु केवल अल्लाहकै लागि खुशी पार्ने नियतले र उनकै उपासनाको मनसायले मात्रै सम्पन्न गर्नुपर्छ । यसप्रकार कसैले

अल्लाहबाहेक अन्य कसैको प्रार्थना गरेमा उसले वास्तवमा अल्लाहबाहेक अरु कसैको उपासना गर्ने मूलतत्वको उलंघन गर्दछ ।

दोस्रो, जीवनबारे अन्तिम र अपार अधिकार अल्लाहसँगै रहन्छ । अर्को शब्दमा, जो कोहीले पनि अल्लाहका आदेश र अल्लाहबाट उद्‌भाषित प्रकाशनाको अधिनमै रहनुपर्छ । अल्लाह स्रष्टा हुन्, मानवजातिको लागि पथप्रदर्शनका ऐनकानून बताउने अधिकार उनैको हो । शेखीले ऐश्वरीय कानूनको विरोध गर्नु वा जानीजानी त्यसलाई बेवास्ता गर्नुको अर्थ 'मानिस यथार्थमा ईश्वरमा समर्पित छैन' भन्ने हुन्छ । यसरी ऊ उनलाई उपासना र समर्पणको पात्र मान्दैन ।

तेस्रो, जो कोहीको माया, भक्ति, इच्छा र अवहेलनाहरु अल्लाहका प्रकाशना अनुसारै हुनुपर्छ । अल्लाहको साँचो माया र उपासनाबाट दिल भरिपूर्ण भएपछि मात्र उक्त भाव दिलबाट उर्लिन्छ । हुनत यो एउटा साधारण विचार हो तर यसको सम्बन्ध दूरगामी रहेको हुन्छ । मान्छेको दिलमा सबैभन्दा प्रिय अल्लाह हुनुपर्ने आस्थाको परिपूर्णताको आशय ऊ अन्तरात्मामा प्रिय हुनुपर्ने हो । यो तथ्य मान्छेमा मिसिएपछि मात्र ऊ आफ्नो प्रियले मन पराएकोलाई मन पराउन र मन नपराएकोलाई घृणा गर्न थाल्छ । यसरी अल्लाहले मन पराउने पाएपछि अनुयायी र सेवकले पनि त्यसलाई मन पराउनुपर्छ । यसको विपरीत, केही कुरामा अल्लाहले घृणा पाएपछि (यद्यपि उसैले त्यसलाई सृजना र संसारमा मानवजातिको परिक्षाको लागि राखेको र उनीहरुको लागि उपलब्ध गराएको नै किन नहोस्) अनुयायी र सेवकले पनि त्योसँग घृणा गर्नुपर्छ ।

अल्लाहलाई उपासनाको एकल पात्र स्वीकर्नु सही एकैश्वरवादको मूलतत्व हुँदाहुँदै पनि सधैं यो विचारबाट टाढिएको वा ठीकसँग अभ्यास गरिएको भेटिंदैन । यो मानवजातिको वास्तविक घाटा हो किनकि एकैश्वरवादको यथार्थ तथा सही र सुहाँउदो जीवनको साँचो यही नै हो ।

इब्ने तैमियाले लेखेका छन्, 'मान्छेलाई अल्लाहको खाँचो (जसको ऊ उपासना गरोस् र कसैलाई उससँग समकक्षी नठहराओस्) एउटा बेजोड आवश्यकता हो' भन्ने तपाईले अवश्य पनि जान्नुपर्छ । जसरी यो शरीरलाई खानु र पिउनुको आवश्कता पर्छ यो पनि त्यस्तै हो । तापनि ती दुबैबीच धेरै फरक छ । मानवजातिको मोल उसको विचार र आत्मामा हुन्छ । यिनीहरु अल्लाहसँग, (जो बाहेक अन्य कोही ईश्वर

होइन) आफ्ना सम्बन्ध बिना सम्पन्न हुन सक्दैनन् । यदि कोही अल्लाहबाहेक अरु कसैको उपासना गर्छ र अल्लाहसित पनि आस्था राख्छ अनि (त्यस मिथ्या उपासनाबाट) केही आनन्द वा सन्तुष्टि पनि पाउँछ, यस्तो उपासनाले उसलाई विष खाएको मान्छेले भोग्ने हविगत विनासभन्दा बढि विनास पुऱ्याउँछ...। (७)

पुनः 'यस ब्राह्माण्डको एउटै स्रष्टा र पालनकर्ता हो' भन्ने कुरामा आस्था राख्नु अल्लाहमा सही आस्थाको लागि पर्याप्त छैन तथा यसमा प्रशस्त जोड पनि दिएको पाइएन । इतिहासभित्र केही मानिस यसैलाई अल्लाहमा यकीनको लागि पर्याप्त ठान्थे । सत्यताभन्दा बढ्ता केही हुन सक्दैन । यो विश्वास निश्चय नै जरुरी भए पनि पर्याप्त छैन । यो आस्थालाई अल्लाहको आदर-सम्मानका साथसाथै दिलको भावना र कर्मका सही सम्बन्धद्वारा अवश्य पछ्याउनुपर्छ । स्रष्टालाई साँच्चिकै आफ्नो एकल ईश्वर मान्नुको अर्थ, 'उनै मानिसको परम् माया, उपासना र आज्ञापालनको लक्ष्य बनुन्' भन्ने हुनुपर्छ । यस्तो विश्वास गर्दै अल्लाहबाहेक अन्यलाई हरेक रुपमा उपास्य भएको इन्कार गरेपछि मात्र ऊ अल्लाहमा विश्वासको साँचो अर्थ पालन गर्ने व्यक्ति ठहरिन्छ ।

संक्षेपमा, उपरोक्त कुराहरुको आधारमा (१) मान्छेलाई अल्लाहको महानता, पूर्णता र उनै मात्रै स्रष्टा, दाता र पालनकर्ता भएको हुनाले उनको उपासनामा हौसिनुपर्छ । (२) यस्ता गुणहरु अल्लाहमै पाइएकाले उनै मात्र उपासना योग्य हुन् । (३) मान्छेले अल्लाहबाहेक अन्यलाई हरेक रुपमा उपासनाबाट आफूलाई रोक्नुपर्छ ।

एउटा अन्तिम तर महत्वपूर्ण बुँदा ती दुई फाँटको अन्त्यमा जोड्नु जरुरी हुन्छ, । (मानवीय स्वभाव, भौतिक सेरोफेरो तथा युगौंयुगमा अल्लाहका सन्देशवाहकहरुद्वारा सिकाइएका सन्देशहरुको मध्येनजर) 'अल्लाहमा साँचो आस्थाका त्यति बलिष्ट चिन्हहरु हुनाले अल्लाहबाहेक कसैको उपासना गर्नु बुद्धिमता र धार्मिक दुबै किसिमले पूर्णतया स्वीकार गर्न योग्य हुँदैन ।' तसर्थ अल्लाहबाहेक अरुलाई समकक्षी एवं साझेदार (शिर्क गर्नु) बनाउनु (८) वा अल्लाहको उपासनालाई अस्वीकार गर्नु अपराध हो, यसको घोरता र उद्दण्डता यति ठूलो छ कि यस्तै अवस्थामा उसको मृत्यू भयो भने अल्लाहले यस महापापलाई माफ गर्नेछैनन् । अल्लाहले स्पष्टसँग भनेका छन्, 'अल्लाहले आफूसित कसैलाई साझेदार बनाउने कार्य (शिर्क) लाई कदापि क्षमा गर्ने छैनन् तर यसबाहेकका अन्य पाप जसको लागि

चाहनेछन् क्षमा गर्नेछन् । जसले अल्लाहसँग (कसैलाई) साझेदार बनायो उसले वास्तवमा एउटा ठूलो पापको संरचना गऱ्यो ।' (कुरआन, ४ : ४८)

## अल्लाहका नाम र गुणहरुमा विश्वास गर्नु

अल्लाहबारेअन्यत्र कल्पना न गरी साँचो श्रद्धा र सर्वपरि माया राख्नु निम्ति उनलाई एकमात्र स्रष्टा र पालनकर्ता मान्दै उनबारेआफ्नो मौलिक दृष्टिकोणभन्दा पर ज्ञानकोहरेकलाई खाँचो हुन्छ ।आफ्नो प्रकाशना तथा कृपा र दयाद्वारा आफ्नो बारेमा अल्लाहले यति धेरै प्रसस्त ज्ञान उपलब्ध गराएपछि सत्यता खोज्ने जो कोहीले पनि यथार्थ ज्ञानबाट आफ्नो प्रभुलाई जान्न र उपासना गर्न सक्छ ।

मुस्लिमहरु कुरआनभरि उद्घृत गरिएका अल्लाहका नाम र गुणहरुलाई जान्न लालायित हुन्छन् । उदाहरणस्वरुप, अल्लाहले भनेका छन्, 'उनै अल्लाह हुन् जसबाहेक अन्य कोही पूज्य होइन । उनी सम्राट हुन् अत्यन्तै पवित्र, सर्वथा शान्त, निश्चिन्त प्रदानकर्ता, संरक्षक, प्रभुत्वशाली र महान् बनेर रहनेवाला । पवित्र छन् अल्लाह त्यस शिर्कबाट जुन यी मानिसहरु गर्दैछन् । उनै अल्लाह हुन् सृष्टिको योजना बनाउनेवाला र अस्तित्व प्रदानकर्ता अनि रुप बनाउनेवाला । उनैकालागि उत्तम नामहरु छन् । आकाशहरु तथा पृथ्वीका सारा चिजहरु उनको महिमागान गर्छन् र उनी प्रभुत्वशाली एवं तत्वदर्शी छन् ।' (कुरआन, ५९ : २३-२४)

कुरआन र सन्देशबाहकबाट (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) हरेकले अल्लाहबारे यी कुराहरु जान्न सक्छ, 'अल्लाह सबैभन्दा बढि मायालु, निरन्तर दयावान, (९) सधैं क्षमावान, सधैं पश्चाताप स्वीकार गर्ने, अत्यन्तै सहनशील, माफ गर्ने र माया गर्ने हुन् । उनी उदार, महानुभाव, दाता र क्षमाशील हुन् । जो उनलाई पुकार्छन् उनी तिनीहरुको उत्तर दिन्छन्, उनी सबैका रक्षक हुन् । उनी उत्कृष्ट, महान, सबैखाले प्रशंसाको पात्र, सम्पूर्ण सृष्टिको स्वामी, न्यायको दिनको मालिक तथा अन्तिम पुर्पक्षको निर्णायक हुन् । उनी सबै सुन्ने, सबै देख्ने, सबै जान्ने र पूर्ण दूरदर्शी पनि हुन् । उनी अत्यन्तै जब्बर, अत्यन्तै सक्षम, र सर्वशक्तिमान हुन् । उनी स्वयम् प्रयाप्त, कसैसित कुनै पनि आवश्यकता नराख्ने र सबै आहारको दाता हुन् । उनी परम र सर्वोच्च हुन् । उनी आफ्ना सृष्टिका मामिलाहरुको प्रशासन गर्दै, आदेश दिँदै, निषेध गर्दै, खुशी हुँदै, रिसाउँदै, इनाम दिँदै, सजाय दिँदै, प्रदान गर्दै, अस्वीकार गर्दै, इज्जत प्रदान गर्दै तथा अबमूल्यन गर्दै रहन्छन् । उनी जे पनि

चाहन्छन् गरिहाल्छन् । उनी पूर्णताका हरेक गुणबाट सुसज्जित तथा अपूर्णता वा दोषका सानोभन्दा सानो अंशबाट पनि मुक्त छन् । जसलाई उनीहरु उनको साझेदार ठहराउँछन्, ती सबैबाट उनी निकै उच्च र पूर्ण छन् । एउटा कण पनि उनको इच्छा र अनुमति बिना हल्लिंदैन ।'

अल्लाहका सम्वन्धमा अचम्मको यस्तो ज्ञान मानवजातिको लागि निकै हितकर रहेको छ । ईश्वरले आफूबारे प्रयाप्त ज्ञान स्वयम् प्रकाशना गरेका छन् जसले गर्दा मानवजातिलाई भौतारिने वा अल्मलिने आवश्यकता नै पर्दैन ।

उपरोक्त तथ्यहरुबारे कुरआनमा केही विषयहरु अत्यन्तै स्पष्ट गरिएका छन्, इस्लामी आस्थानुसार अल्लाहको मूर्ति बनाई पूज्ने कुनै संकेत पनि पाइंदैन । यो एउटा यस्तो बिन्दु हो जसमा पहिलाका धेरै मानिसहरु पथभ्रष्ट भएका छन् । स्रष्टा र सृष्टि अलग र पृथक हुन् । अल्लाहका गुणहरु उसको पवित्रता र महानताबाट पूर्ण छन् । अल्लाहको कुनै गुण र मान्छेको त्यसै गुणबीच केही सम्युक्त सोच आए पनि वस्तुतः दुबैको उपयोगितामा समानता छैन । यसप्रकार अल्लाहले स्वयम् कुरआनमा भनेका छन्, 'अल्लाहजस्तो अरु कोही होइन र उनी सर्वश्रोता एवं सर्वद्रष्टा हुन् ।' ( कुरआन, ४२ : ११)

यहाँ मूर्ति पूजाको पूर्ण अस्वीकार गरिएको छ जबकि त्यसैबेला अल्लाह सुन्दछ र देख्दछ भन्ने पुष्टि गरिन्छ । मुस्लिमहरु सधैं अल्लाहको पूर्णताबोध गराउँछन्, कहिले पनि उसलाई असुहाउँदो तरीकामा बर्णन गरेर होच्याउँदैनन् । न त अल्लाह मानिसझैं गुणहरु राख्दछ न मानिस नै ईश्वरीय गुण राख्दछ । अघिल्लो सिद्धान्तको उलंघन गर्नु स्पष्ट अनास्था र अल्लाहसँग समकक्षी र साझा ठहराउनु हो ।

उपासना गर्ने स्वभाव मानवजातिको इतिहासदेखि नै उनीहरुभित्र अवस्थित रहेको छ । उनीहरुलाई पूजा र उपासनाको लागि एउटा ईश्वर अवश्य चाहियो । उनीहरुलाई त्यहाँ कुनै विशेष र सर्वमहान अस्तित्व हुनु जसको अगाडि उनी विन्ति र विनम्रता गरुन् भन्ने थाह छ । तापनि उनीहरुमध्ये धेरैले आफ्ना आशा, भरोसा, सपना र आकांक्षा साधारणतया आदर र उपासना योग्य नहुने वस्तुहरुमा राख्दछन्, यिनी प्रकृतिका शक्ति, निर्जीव वस्तु, अन्य मानिस, मूर्ति, राष्ट्र तथा गोत्र आदि हुन्छन् । उपासनाका ती मिथ्या चिजहरु तिनका आकांक्षा र बोकेका सपनाहरु पूरा गराउन सक्छन् भन्ने कुरामा विश्वास गर्नका निम्ति उनीहरुले आफूलाई बाध्य पार्छन् । अर्को

शब्दमा, उनीहरु आफ्नो उपासनाका ती मिथ्या वस्तुहरुलाई ईश्वरको गुण प्रदान गर्न थाल्दछन् । अल्लाहतर्फ फर्कनु तथा अल्लाहलाई उनका गुणहरुद्वारा चिन्हाउनु अनि 'उनले खोजेको शक्ति वास्तवमा अल्लाह नै हो, भन्ने मान्नुको सट्टा उनीहरु उपासना, माया र पूजाको लागि अन्य वस्तुतिर उन्मुख हुन्छन् । यसले गर्दा उनी सिधा मार्ग र आफ्नो सही ईश्वरबाट भट्केर धेरै टाढा गइसकेका छन् ।

उक्त ठूलो त्रुटीबारे अल्लाहले अनेक ठाउँमा प्रष्ट्याएका छन् । अल्लाहमा भएका गुणहरुलाई बेवास्ता गर्दै त्रुटिका जुन स्रोतहरुतर्फ यिनीहरु उन्मुख हुन्छन्, त्यो तिनीहरुका गुणबारेको बेठीक आस्था हो । उदाहरणका लागि अल्लाहले भनेका छन्, '(हे मुहम्मद ! मानवजातिसित) भनिदेऊ, के तिमीहरु अल्लाहलाई छोडेर त्यसको उपासना गर्छौ जसले न तिमीहरुलाई कुनै हानि पुऱ्याउने सामर्थ्य राख्छ न कुनै लाभ नै ? र, अल्लाह सर्वश्रोता र सर्वज्ञ छन् ।' (कुरआन, ५ : ७६)

अल्लाह पुनः भन्छन्, 'तिनीहरुभन्दा बढी पथभ्रष्ट को हुन सक्छ जो अल्लाहलाई छोडी यस्ता चिजहरुलाई पुकार्छन् जसले महाप्रलयसम्म पनि तिनीहरुको प्रार्थना स्वीकार गर्न सक्दैनन् बरु तिनका प्रार्थनाबारे अनभिज्ञ छन् ? र, जब मानिसहरुलाई एकत्रित गरिनेछ तब ती पूज्यहरु तिनीहरुका शत्रु हुनेछन् र तिनीहरुको उपासनालाई ठाडै अस्वीकार गर्नेछन् ।' (कुरआन, ४६ : ५-६)

संक्षेपमा, कसैले अल्लाहका नाम र गुणहरु ठीकसँग जानेपछि कदापि उनीबाहेक अरु कसैलाई पनि उपासनातिर मोड्न हुँदैन । उपासनाका ती गलत अस्तित्वहरुमध्ये कोही पनि उपासनाका लायक हुन सक्दैनन् । तिनीहरुको उपासना गर्दै र तिनीहरुलाई आफ्नो लक्ष्य बनाउँदै मानिस आफूलाई अवमूल्य मात्र गर्दछन् । सबैभन्दा ननिको, 'उनीहरु अल्लाहलाई बेवास्ता गर्दै, उनीसँग समकक्षीहरुको समीकरण गर्दै उनीसँग रिस आर्जन तथा आफ्नो खराब अन्त्यको तयारी गरिरहेका हुन्छन् ।'

## संक्षेप

अल्लाहमा सही आस्था नै इस्लामी आस्थाको निचोड र कोशेढुंगा हो । यही नै साँचो पनि हो । जिन्दगी सुखी हुनुको, जिन्दगी ठीक हुनुको, वास्तविकता बुझ्नुको तथा खुशी र शान्ति प्राप्तिको लागि साँचो पनि हो । मानिसले अल्लाहलाई राम्ररी जानेपछि अल्लाहको सट्टा कसैको उपासना उसको मनमा आउनै सक्दैन । 'यसैको लागि उसको आत्माको सृष्टि र यही उसको जिन्दगीको उद्देश्य हो' यही कुरा उसलाई विश्वास हुन्छ । जसले एकचोटि एक अल्लाहको उपासनाको सुन्दरता बुझ्दछ, ऊ त्यसबाहेक अरु कसैको उपासना गर्न कहिल्यै पनि रहर वा इच्छा प्रकट गर्न सक्दैन । यसैबाट उसको आत्मालाई ढुक्क र उसको मुटुलाई शान्ति प्राप्त हुनेछ।

## ब्राह्माण्ड र मानवजाति

### ब्राह्माण्डको सृष्टि र अल्लाहको अस्तित्वतर्फ यसको संकेत

ब्राह्ममाण्डलाई विभिन्न तहहरुबाट सृजना गरिएको छ । यहाँ पृथ्वीको उपल्लो तहमा उज्ज्वल समूह र शौर्य मण्डल रहेको छ । पृथ्वीमा पहाड, महासागर र भूईं जस्ता निर्जीव वस्तुहरु रहेका छन् । यहाँ जनावरहरुको आफ्नो ठूलो विविधताका साथ अधिराज्य रहेको छ । यहाँ सृष्टिका अन्य रुपहरु पनि छन् जसलाई मानिसले आज पनि पत्ता लगाएर अगाडि गइरहेका छन् । यी सबै वस्तुतः ईश्वरीय कर्मका सृजनात्मक हिस्सा हुन् । 'अल्लाहले नै आकाश र पृथ्वीहरुको सृजना गरेका हुन्, कुरआनमा यो कुरा स्पष्ट रुपमा सम्वोधन गरिएको छ ।

कुरआनका अनेक श्लोकहरुमा सृष्टिका विभिन्न रुपतर्फ अल्लाहले औंल्याउँछन् र तिनीहरुलाई चिन्हको रुपमा चिन्तन गर्ने मानिसको लागि बयान गर्दछन् । उदाहरणतः अल्लाह भन्छन्, 'आकाश तथा धर्तीको सृष्टिमा, रात एवं दिनको एकपछि अर्कोको आवत-जावतमा, मानिसहरुकालागि लाभदायक सामग्रीहरु लिएर समुद्रमा हिँड्ने डुङ्गाहरुमा, आकाशबाट अल्लाहले बर्षाएका पानीमा जसबाट उनले मुर्दा भूमिलाई जीवित पार्छन् अनि धर्तीमा धेरै प्रकारका जीव-जन्तु फैलाउँछन् तथा हावाको बहनक्रियामा र आकाश एवं पृथ्वीबीच नियन्त्रणमा राखिएका बादलमा निश्चय नै बुद्धिमानहरुका लागि संकेतहरु छन् ।' (कुरआन, २ : १६४)

आजको कोलाहल संसारमा यो संरचना र यसमा मान्छेहरुको उपस्थिति तथा यी सबैको पछाडिका उद्देश्यहरुमाथि चिन्तन गर्ने समय केही थोरै व्यक्तिहरुसँग मात्रै छ । तापनि मानिसको लागि यसमा सोचविचार गर्नका निम्ति समय निकाल्नु महत्वपूर्ण हुन्छ । यदि उनीहरु यस्तो गर्छन् भने उनीहरुलाई आफ्नो जिन्दगीमा अत्यन्तै महत्वपूर्ण अर्थात् ईश्वरतर्फको सिधा मार्गतिर डोऱ्याउने चिन्ह र पाठहरु अवश्य भेटाइनेछन् । यी चिन्हहरु उनी आफ्नो स्वयम्माथि विचार गर्दा वास्तवमा उनको वरिपरि अवस्थित छन् । त्यसैले अल्लाह भन्छन्, 'हामी चाँडै नै तिनीहरुलाई ( जगत्को) क्षितिजमा र तिनीहरु स्वयम्भित्र पनि आफ्ना निशानीहरु देखाउनेछौं ।' ( कुरआन, ४१ : ५३)

यस सृष्टिको जटिलता र श्रृङ्खलालाई मनन गर्दा मानिसलाई अवश्य एक बुद्धिमत्ता स्रष्टा हुनुका साथै यस संरचना पछाडि अवश्य कुनै उद्देश्य भएको विश्वास हुन्छ । 'कसैले कुनै वस्तुको यस्ता सुक्ष्मता र पूर्णताकासाथ संरचना गरेको होस्, फेरि पनि त्यो सम्पूर्ण संरचनाको कुनै आशय र उद्देश्य नहोस्, अकाल्पनिक हो । यसै विन्दुतर्फ अल्लाहले कुरआनका अनेक ठाउँमा संकेत गरेका छन् । उदाहरणका रुपमा अल्लाह भन्छन्, 'हामीले आकाश र पृथ्वी तथा ती दुबैबीचका वस्तुहरुलाई खेलठट्टामा सृष्टि गरेका होइनौं ।' (कुरआन, २१ : १६)

कुरआनको बहसअनुसार यसको अरु कुनै उपयुक्त निष्कर्षसम्म पुग्नु सम्भव छैन । वस्तुतः कोही ईश्वरलाई स्रष्टा मान्छ, 'उसै श्रेष्ठ र महान अस्तित्वले यी सबै श्रृङ्खला र सुन्दरतालाई सृजना गरेका हुन् भन्ने ठहर पनि गर्छ, अनि 'यस संरचनाको कुनै उद्देश्य छैन' भन्ने निष्कर्षसम्म ऊ कदापि पुग्न सक्दैन । एउटा स्रष्टामा विश्वास राखेपछि स्रष्टाको आफ्नो यस सृष्टि पछाडि कुनै उद्देश्य वा सोच छैन भन्ने पत्यार गर्नु स्रष्टालाई बच्चा जस्तै तथा गैरबुद्धिमान बताउनु हो । त्यस्तो अविवेक स्रष्टाले आममानिस साक्षी रहेको यस्तो सृष्टि उत्पन्न गर्न सक्छ, पत्याउनु गाह्रो छ । होइन, वस्तुतः सृष्टिले स्रष्टाको निश्चित गुणहरुतर्फ औंल्याउँछ र यस सम्पूर्ण संरचनाको पछाडि एउटा महत्पूर्ण र महान् उद्देश्य हुनेतर्फ संकेत गर्छ । प्रकृतिको समग्र अस्तित्वले स्रष्टाको एकदम अनौठो चरित्र भएको जनाउँछ, उनी यो सृष्टिका कुनै पनि चिज  खेलवाडका लागि वा विना कारण सृजना गर्दैनन् ।

यस सृष्टिमाथि मात्रै चिन्तन गर्दा जो कोहीलाई प्राप्त हुने दोस्रो अति महत्वपूर्ण निष्कर्ष, 'जसले यसलाई अनस्तित्वबाट सृजना गरेको छ उनी सहजै यसलाई पुनः सृजना गर्न सक्छन्' निस्कन्छ । र, उनी अवसानपछि पुनः सृजना गर्न सक्ने भएमा अवश्य उनी सबैलाई मृत्युपछि उठाउन र आफू सामुन्ने खडा गर्न पनि सक्छन् । यस निष्कर्षमा मानवजाति र संसारमा तिनको व्यवहारको लागि स्पष्टता धेरै अशुभ प्रतिघातहरु विद्यमान रहेका छन् । तसर्थ कुरआनभरिमा अल्लाहले मानिसलाई यी यथार्थ र अर्थ देखाएका र बुझाएका छन् । उदाहरणतः अल्लाह भन्छन्, 'र, उसले हाम्रोलागि उदाहरण दिन थाल्यो अनि आफ्नो सृष्टि बिर्स्यो । भन्यो, यी सडेगलेका हाडहरुलाई कसले जीवित गर्न सक्छ ? भनिदेऊ, तिनलाई उनैले जीवित पार्नेछन् जसले तिनलाई पहिलोपटक सृष्टि गरेका थिए । उनी प्रत्येक सृष्टिका ज्ञाता हुन् । जसले तिमीहरुकोलागि हरियो बृक्षबाट आगो निकाले अनि त्यसैबाट त तिमीहरु आगो सल्काउँछौ । के जसले आकाशहरु तथा धर्ती सृष्टि गरे, उनी तिनीहरु जस्तैलाई सृष्टि गर्न समर्थ छैनन् ? किन छैनन् ? उनी त महान् सृष्टिकर्ता एवं सर्वज्ञ हुन् । जब उनी कुनै कार्यको संकल्प गर्छन् त्यसकोलागि उनको कार्य भइहाल भन्नु मात्र हुन्छ, अनि त्यो भइहाल्छ । अनि पवित्र छन् उनी जसको हातमा प्रत्येक वस्तुको अधिपत्य रहेको छ र तिमीहरु सबै उनैतर्फ फर्काइनेछौ ।' ( कुरआन, ३६: ७८-८३)

यसप्रकार यो सृष्टि (यस संरचनाको पछाडि अवश्य एउटा उद्देश्य छ, यथार्थको सन्दर्भमा) मृत्युपछि उठाइनुका स्पष्ट चिन्हहरु छन् । मरोणोत्तर जीवन ( मृत्यूपरन्त) को धारणा प्रकृतिसँग बाझ्दैन बरु यो पूर्णतया त्यसको अनुरुप छ ।

मरोणोत्तर जीवनलाई जो अस्वीकार गर्छन् तिनको अनुमान अनुसार अल्लाहले पक्कै कुकर्मीहरुसित भक्तहरु जस्तै व्यवहार गर्नेछन् । यो असम्भव अनुमान हो । त्यस्तो सोच ईश्वरमा आस्था नराख्नेहरुको मात्र हो, यसलाई अल्लाहले प्रकाशना गर्दै यस्तो कदापि नहुनलाई स्पष्ट पार्छन् । अल्लाह भन्दछन्, 'र, हामीले अकाश र पृथ्वी तथा यी दुबैमाझका चिजहरुलाई व्यर्थ सृजना गरेका छैनौं । यो त काफिरहरुको सोचाई हो । अनि काफिरहरुकोलागि नरकको यातना रहेको छ । के हामी आस्थावान तथा सत्कर्मीहरुलाई धर्तीमा विध्वंस मच्चाउने मानिसहरुजस्तै बनाउँछौं त वा ईशभय राख्नेहरुलाई दुष्कर्मीहरुजस्तै बनाउँछौं र ?' (कुरआन, ३८ : २७-२८)

'सृष्टिमा यस्ता अत्यधिक चिन्ह र अल्लाहको प्रकाशनामा यस्ता अत्यधिक सूचक तथा पाठहरु भेटेपछि मान्छेले आफू वरिपरिका सबै प्रमाणहरुसित ठीकसँग प्रतिउत्तर नगरेमा उसको परिणाम के होला ?' कसैले सोध्न सक्छ ।

## मानवजाति र सृष्टि

यी सृजनाहरुमध्ये मानवजाति केही पृथक र विषेश रहेको छ । तापनि प्रथम मानवको प्रारम्भिक भौतिक सृजना विश्वका अन्य जन्तुहरुको सृजनाभन्दा धेरै फरक थिएन । कुरआनका अनुसार प्रथम मानव आदमको भौतिक संरचना यस अन्तरिक्षमा पूर्वदेखि सृजित दुईवटा तत्व माटो र पानीबाट भएको थियो । त्यो त दोस्रो चरण थियो जसमा प्रथम पुरुष आदमको सृष्टिको विशेषता स्थापित भयो । त्यस चरणमा मानिसलाई एकदम अलग र अपूर्व किसिमको प्राणी बनाइयो, उनीहरुमा एउटा भौतिक आकार र अल्लाहले तिनलाई प्रदान गरेको एउटा विशेष आध्यात्मिक भाव मिसाइयो । वास्तवमा यसैले नै उनीहरुलाई यो समान ग्रहमाथि अन्य प्राणीहरुबाट धेरै पृथक गरेको छ ।

मानवजातिका अलग केही विशेष अभिलक्षणहरु निम्न प्रकार रहेका छन्:

(१) चिन्तनशील नैसर्गिक भाऊ, जुन एउटै अल्लाहको उपासनामा विश्वास गराउनको लागि तत्पर र  कारण हुन्छ ।

(२) मानवजातिलाई अल्लाहले प्रदान गरेको बुद्धिमार्फत विषयवस्तुहरुलाई सम्झने र बुझ्ने क्षमता र ल्याकत ।

(३) राम्रो वा खराब मार्गमध्ये जेसुकै पनि अपनाउने स्वतन्त्र इच्छाशक्ति तथा रोजेको कुरालाई सञ्चालन गर्नको लागि सीमित स्वतन्त्र इच्छाशक्ति पनि ।

(४) रोजेको विषयप्रति जवाफदेही, जुन स्वतन्त्र इच्छाशक्ति र क्षमता दिइनुको अनिवार्य परिणाम हो ।

(५) यी सबै यथावत हुँदाहुँदै कुरआनमा औंल्याइएको एउटा थप यथार्थ, 'सृष्टिका सम्पूर्ण स्रोतहरु उसको उपभोगको लागि, उसको वशमा गरिएका छन् ।'

उपरोक्त विशेष लक्षणहरु दिएपछि 'मान्छेको जिन्दगी एउटा विशेष उद्देश्यको लागि हो' भन्ने उसले बुझ्नुपर्छ ।

'उनीहरुलाई ख्यालख्यालका लागि बनाउनुभन्दा स्रष्टा धेरै बुद्धिमान र अति पवित्र छ', मानिसको सृष्टि र उनीहरुले पाएको विशेष गुणबाट हरेकले बुझ्नुपर्छ । यसबारे अल्लाह भन्छन्, 'अतः के हामीले तिमीहरुलाई ब्यर्थ सृष्टि गरेका छौं? र, तिमीहरु हामीतर्फ फर्केर आउने छैनौ भने अनुमान गरिराखेका छौ ?' (कुरआन, २३ : ११५)

सम्पूर्ण प्राणी र मानिसलाई सृजना गर्ने तथा त्यसभन्दा पनि ठूलो र महान स्रष्टाले मानिसलाई विना निर्देशन वा उनीहरुले गर्ने वा नगर्ने कुराहरु बताए बेगर छोड्नेवाला छैन । उसले जनावरहरुलाई पनि तिनले बाँच्नुका कुरा निर्देशन गरेको छ । यसको लागि अल्लाह भन्दछन्, 'के मनुष्यले यो ठानेको छ कि ऊ यस्तै (बेलगाम) छाडिनेछ ? (कुरआन, ७५ : ३६)

तसर्थ 'यो जीवनमा मान्छेका कर्महरु उसको स्वयम्तर्फ एउटा वास्तविक उपशाखा राख्छन्' मान्छेले बुझ्नुपर्छ । यस अर्थमा, उसले गरेको कुनै कर्म बेमतलब वा विना कारणका छैनन् । उसको जीवनको यहाँ के उद्देश्य रहेको छ भने तथा स्रष्टा उसका हरेक कर्म, सोच, नियत र हिंड्डुलबाट अवगत छ ।

'यस जीवनमा उसको एउटा उद्देश्य छ, यसलाई बुझ्न मानवजातिको लागि अति महत्वपूर्ण हुन्छ । उक्त ठम्याई जीवनमा परिवर्तनको पहिलो कदम हुनसक्छ, जसमा आफ्ना महान र चकित पार्ने सृजनातर्फ कसैले आफ्नो पूर्ण इच्छाले समर्पणको लागि फर्कन सक्छ । उक्त यथार्थ नबुझिकन कुनै विशेष तरीकाबाट व्यवहारमा परिणत गर्नुको कुनै औचित्य वा अर्थको खाँचो नहुन पनि सक्छ । कुनै औचित्य नहुनु, नैतिक तवरले केही गलत वा केही सही नहुनु, कुनै ईश्वर नहुनु वा अस्तित्वको कुनै उद्देश्य नहुनुको आशय भयो, 'मानिस आफ्नो मनपरी जुन शैलीमा पनि व्यवहार गरुन् । यस सृष्टिको वास्तविकता, यसको उद्देश्य र यसमा उसको कर्तव्यतर्फ मानिसका आँखाहरु खुलेपछि त्यहाँ ठूलो र गहिरो असर हुनसक्छ । अमेरिकी कारागारहरुमा कार्यसम्पादन गर्दा यस ग्रन्थकारको निजी अनुभव रहेको छ । अनेक कैदीहरुसित 'उनीहरुले आफ्ना अपराध किन गरे' भनेर सोध्दा सबैको एकनासको प्रश्न हुन्थ्यो, 'किन न गर्नुपर्ने ?' 'उनीहरु यस अपराधबाट टाढा रहेको

भए नपक्रिन्थे' उनी सबैसितको एउटै प्रतिउत्तर थियो । एउटा स्रष्टाप्रति जवाफदेहीता वा यस जीवनको उद्देश्यबारे चिन्तनको कुनै प्रतिउत्तर थिएन । 'यो अस्तित्व अर्थहीन र संजोग मात्र हो' जस्तो निकै मूर्ख्याईयुक्त विश्वास राखेका मानिसको सोच विरुद्ध कसैले धेरै बहस गर्न सक्दैन ।

अहिले केही मानिसहरु, 'मानवजाति केवल क्रमिक उन्नति गर्दै जनावरबाट उत्पन्न भएका हुन्' जस्तो इस्लामी आस्था विपरीत विश्वास राख्छन् । यस्तो सोच अनुसार, 'मानिस केवल भौतिक तत्वहरुको दोहोरो प्रक्रिया हुन् तथा निकटतम् गोत्रको नक्कलअनुसार जनावरबाट प्रत्यक्ष ओर्लेका छन् ।' 'त्यहाँ मान्छे र बाँदरबीच धेरै कडीहरु हराएका छन् तथा वैज्ञानिक विचारहरु पनि क्रमिक उन्नतिको सिद्धान्त विरुद्ध उचालिएका छन्' यथार्थलाई यहाँ बेवास्ता गरिएको छ । के यो अपरम्पार र शानदार विश्व ब्राह्माण्डका सबै हिस्साबारे त्यसो हुन सक्छ त ? के जनावरभन्दा धेरै पर र उच्च क्षमता दिएका मानिस कुनै श्रेष्ठ उद्देश्य वा स्रष्टाप्रति जवाफदेहि बेगर जनावरभन्दा बढि केही होइनन् ? 'यो दृष्टिकोण वास्तवमा पूर्णतः कुतार्किक र आन्तरिक हिसाबले धेरै हानिकारक छ' भन्ने ठहर गर्न सकिन्छ ।

मानवआत्मा नैसर्गिकतवरले पापी हुनुमा पनि केही मानिस विश्वास गर्दछन् । यसको विपरीत, सन्देशवाहक मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) स्वयम्ले भनेका छन्, 'हरेक बच्चा फितरह (प्राकृतिक मार्ग अर्थात् इस्लाम धर्म) मा जन्मन्छ । तर ती उसका आमाबुवा हुन् जो उसलाई यहुदी, क्रिश्चियन अथवा मजुसी बनाउने गर्छन् ।' (१०) 'बच्चा नैसर्गिकतवरले पापी जन्मन्छ' 'हरेक बच्चा साँचो धर्ममा जन्मन्छ' भन्दा धेरै पर छ । त्यसपछि परिवार, समाज र वातावरणको कुप्रभावद्वारा कोही अशुद्ध मार्ग अनुसरण गर्न पुग्छ ।

धेरै ईशाईहरु 'नैसर्गिक पाप'को विचारमा विश्वास राख्छन् । 'प्रथम मानव आदमले जुन पाप गरेका थिए त्यो उनका सम्पूर्ण सन्ततिमाथि लागेको छ' उक्त विश्वासको अर्थ हो । तसर्थ बच्चालगायत हरेकको काँधमाथि त्यो लागेको छ । (उनको भनाईनुसार) त्यसलाई हटाउने एउटै उपाय हो, 'ईश्वरले आफ्नो पुत्रलाई बलि चढाउनु ।' यो आस्था विशेषतः त्यसको अन्तिम भाग स्पष्टसँग इस्लामी एकैश्वादको विरुद्ध रहेको छ । ईश्वरको आफ्नो कुनै पुत्र छैन । ऊ आफ्नो कुनै समकक्ष वा कसैलाई कुनै हिसाबले आफ्नो तुल्ल वा आफ्नो कुनै नातेदार राख्दैन ।

इस्लामी मान्यताअनुसार आदम र हव्वा दुबैले शैतानद्वारा छलिएरसँगसँगै गल्ती गरेका थिए । तापनि उनीहरु दुबैले ईश्वरसँग पश्चाताप गरे तथा ईश्वरले तिनको पश्चाताप स्वीकार गरे । यहाँ नै तिनीहरुको पापको अन्त्य भयो । त्यो पाप अरुमाथि लाग्ने अर्थै छैन । अझ बढि अर्काको पापबारे निर्दोष व्यक्तिहरुलाई दोषी बनाउनु अल्लाहको लागि हदैसम्मको अन्याय हो । यसबारे अल्लाह भन्छन्, 'जसले जति कमाउँछ उसको भागीदार आफैं हुन्छ । र, कुनै पनि भारी बोक्नेले अरु कसैको भारी बोक्ने छैन ।' (कुरआन, ६ : १६४)

तसर्थ इस्लामी परिदृश्यमा नैसर्गिक पापको विचारधारा स्पष्टतः झूठो र सारमा हानिकारक देखिन्छ । यसले ईश्वर र उसको न्यायबारे अति गलत भावना दिन्छ । अझ यसले मान्छेलाई उसको आत्मा नैसर्गिक तवरले पापी हुने आस्थाबाट दुषित बनाउँछ ।

आत्माबारे इस्लामी विचारधारा अघिका चिन्तकहरुको गल्ती र बेठीक धार्मिक विश्वासहरुबाट स्वतन्त्र छ । यसले मानवजातिलाई उसको ठीक भूमिकामा राख्छ र यो पूर्णतया मान्छेको स्वभाव अनुकुल, युक्तिसँगत र सृष्टिको मौजदात हो ।

## मानवको दर्जा

मानिस अल्लाहका सृजना हुन् । मानिस कुनै पनि शैलीमा जसरी पनि ईश्वरीय हुँदैनन् । उनीहरु कुनै ईश्वरीय गुणमा पनि अल्लाहको हिस्सेदार छैनन् । यो सम्पूर्ण मानवजाति र व्यक्ति विशेषको लागि पनि एकदम सही कुरो हो । कोही मान्छे ईश्वरको वास्तविक पुत्र वा पुत्री हुन सक्दैनन् । 'अल्लाहले संरचना गरेकामध्ये मानिस सबभन्दा ठूलो वा सबभन्दा महान् पनि होइनन्, यो उनीहरुले स्वीकार गर्नुपर्छ । अल्लाह भन्छन्, 'आकाशहरु र पृथ्वीको सृजना निसन्देह नै मानवजातिको सृजनाभन्दा महान् कार्य हो ।' (कुरआन, ४० : ५७)

'मान्छे साँच्चिकै अल्लाहको आमसंरचनामध्ये एउटा सानो अंश हो' विचार गर्दा उसले विनम्र हुनुपर्छ । उपरोक्त वर्णन गरिए अनुसार अल्लाहले मानवजातिलाई विभिन्न आशीष बख्सेका र उनीहरुलाई आफ्ना अनगिन्ति सृष्टिहरुभन्दा माथि र बढि गुणहरु दिएका छन् ।

वास्तवमा हरेक व्यक्तिको प्रतिक्षामा दुईवटा भिन्न सम्भाव्यताहरु रहन्छन् । सो अवस्था प्रारम्भिक मान्छेको प्रारम्भिक संरचनादेखि नै कायम रहेको छ । आदमको सृष्टिपछि फरिश्ताहरु (स्वर्गदूत) लाई आदमको साष्टाङ्ग गर्ने हुकुम दिइएको थियो । यी फरिश्ताहरु पारलौकिक शक्तिबाट खाँदिएका हुन्छन्, यिनीहरुले मानिसलाई सुकर्म गर्न चाहनेबेला तिनीहरुको छेवैमा रहेर सधैं टेवा पुऱ्याउँछन् । त्यतिखेर त्यहाँ शैतान (११) पनि थियो, उसले मानवजातिको दुश्मन रहने र सकेसम्म उनीहरुलाई पथभ्रष्ट गर्ने शपथ लिएको थियो । यसप्रकार दुई सम्भाव्यताहरु स्थापित भएका थिए । मानिस माथिभन्दा माथि उकल्न अथवा तलभन्दा तल ओर्लनको लागि स्वतन्त्र छ ।

यथार्थमा जीवनको उद्देश्य अल्लाहको उपासना गर्नु र उनलाई खुशी पार्नु हो । यसप्रकार बदलामा उनको खुशी पनि प्राप्त गर्नु हो । ईश्वरको सच्चा सेवक हुनु मानवजातिको असीम उद्देश्य हो । यसभन्दा ठूलो अरु कुनै उद्देश्य होइन । केवल यही उद्देश्य मानवजातिको आत्माको लागि वास्तवमा सही साँचो स्थानमा ल्याउन सक्छ किनकि मानिसको आत्मामा यसैको गहिरो पहिचान रहेको छ ।

यसभन्दा अघि बढेर 'अल्लाहको उपासना गर्दै कोही पनि धेरै उत्कृष्ट, श्रेष्ठ र इज्जतदार हुनसक्छ । त्यसभन्दा महान वा श्रेष्ठ कोही हुँदैन' अधिकतम् सम्भाव्यता हुन्छ । यो  हरेकनिर स्पष्ट हुनुपर्छ । जति बढि ऊ त्यस उद्देश्यतर्फ हिँड्छ, त्यति बढि नै ऊ भाग्यमानी हुनपुग्छ र एकमात्र साँचो ईश्वर तथा स्वामीतिर आफूलाई समर्पण गर्दा उसले बढि इज्जत आभास गर्नुपर्छ । उक्त यथार्थ स्वीकारेपछि यस सम्भाव्यतालाई ठूलो पार्नका निम्ति उसले प्रतिस्प्रर्द्धा गर्नुपर्छ ।

वास्तवमा कसैले स्पष्ट उद्देश्य राख्न स्वीकारेपछि उसको आत्मामा कोशिशहरु गहन हुन्छन् । उसलाई उद्देश्यहरुको अपार सोचको पछाडि लखेट्ने आवश्यकता पर्दैन, तीमध्ये कुनैलाई पनि पूर्णतया पूरा गर्नु योग्य वा त्यसबाट सन्तुष्ट हुनुलायक ऊ कहिले पनि हुँदैन । (धेरैजसो मानिसका उद्देश्यहरु परस्पर विरोधी हुने गर्दछन् र उनीहरु ती सबैलाई पूरा गर्न सक्दैनन् ।)

## इस्लाममा सम्पूर्ण मानवको सारभूत समानता

जुन बुँदालाई समात्न आधुनिक समाजले अहिले पनि कोशिश गरिरहेको छ त्यसमा इस्लामको शिक्षा जोडदार रुपमा उठ्ने गरेको छ । त्यो सम्पूर्ण मानिसको

सारभूत समानता हो । सबै मानिसहरु अल्लाहका संरचना हुन्, उनीहरुमध्ये हरेकमा अल्लाहसामु समर्पण र उपासना गर्दै मानवजातिको सबभन्दा ठूलो उँचाईसम्म पुग्ने क्षमता विद्यमान रहेको छ । यसप्रकार मानिस मानिसबीच कुनै विभेद छैन, उनीहरुको रोजाईले मात्र उनीहरुलाई अल्लाह, कानून र समुदायका अन्य सदस्यहरुको दृष्टिमा अलग गर्नेछ । गोत्र, रंग र राष्ट्रियताको यसमा कुनै पनि भूमिका छैन ।

अल्लाह भन्छन्, 'हे मानव ! हामीले तिमीहरुलाई एक पुरुष तथा एक स्त्रीबाट सृष्टि गऱ्यौं र तिमीहरुका विभिन्न जाति तथा बंश बनायौं ताकि तिमीहरु एक अर्कालाई चिन्न सक । वास्तवमा अल्लाहको दृष्टिमा तिमीहरुमध्ये सर्वाधिक प्रतिष्ठित त्यो व्यक्ति हो जो तिमीहरुमध्ये सबैभन्दा अधिक ईशभय राख्छ । निस्सन्देह अल्लाह सर्वज्ञ तथा सुसूचित छन् ।' (कुरआन, ४९ : १३)

सन्देष्टा (मुहम्मद-उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) ले भेला गरिएको सबैभन्दा ठूलो जनसमूह अगाडि उपरोक्त कुरआनी शिक्षालाई व्यक्त गर्दा यसरी अझ बढि स्पष्ट गरेका थिए, 'हे मानिसहरु हो ! तिम्रो स्वामी साँच्चिकै एउटै हो र तिम्रो वास्तविक पिता पनि एउटै हो । निसन्देह कुनै अरबीलाई कुनै गैरअरबीमाथि कुनै श्रेष्ठता छैन न कुनै गैरअरबीलाई अरबीमाथि कुनै श्रेष्ठता प्राप्त छ । त्यसैगरी गोरोलाई कालोमाथि कुनै श्रेष्ठता छैन न नै कालोलाई गोरोमाथि कुनै श्रेष्ठता प्राप्त छ । भक्तिद्वारा मात्रै कोही अर्कोमाथि बढि श्रेष्ठ हुन्छ । के वास्तवमा मैले तिमीसम्म सन्देश पुऱ्याइसकें?'(१२)

मानवजातिबीच अन्तर तिनमा विभाजनको कारण हुनुको सट्टा स्रष्टाको महानतातर्फ औंल्याउँछ । अल्लाह भन्छन्, 'र, अल्लाहकै निशानीहरुमध्ये हो आकाशहरु तथा धर्तीको सृष्टि र तिमीहरुका भाषाहरु एवं वर्णहरुको भिन्नता । निश्चय नै यसमा ज्ञानीहरुका लागि धेरै निशानीहरु रहेका छन् ।' (कुरआन, ३० : २२)

यसप्रकार अल्लाहको साँचो उपासक हुनुको द्वार गोत्र र राष्ट्रियता जस्ता कुरासित सरोकार नराखी सबैको लागि खुला छ । 'अल्लाहको उपासनाको यसै माध्यमले वास्तवमा कोही इज्जत र मर्यादाको हकदार र गुणहरुबाट परिपूर्ण हुन्छ भन्ने इस्लामी सिद्धान्त इतिहासभरिमा निरन्तर व्यवहारिक रहेको छ ।

इस्लामबारे दुष्प्रचारतर्फ ध्यान नदिएको भएमा मानवजातिको सारभूत समानतामा स्त्री र पुरुष दुबै सामेल छन् । अल्लाह एउटा पारलौकिक अस्तित्व र उपासनाको एकल हकदार हुनुमा पुरुष र स्त्रीबीच (१३) केही विभेद छैन । ईश्वरनिर दुबै समान छन् ।

उदाहरणको लागि अल्लाह भन्छन्, 'पुरुष होस् वा महिला जसले ईमान ल्याएर सत्कर्म गर्छ हामी अवश्य नै उसलाई पवित्र जीवनयापन गराउनेछौं र उनीहरुले गरेका कार्यहरुको उत्तम प्रतिदान प्रदान गर्नेछौं ।' (कुरआन, १६ : ९७) यस श्लोकको अर्थलाई कुरआनका अन्य स्थानहरुमा पनि दोहोऱ्याइएको पाइन्छ ।

'इस्लामले महिलाहरुलाई प्रदान गरेका हक एवं अधिकारहरु पश्चिमाका महिलाहरुले हालसम्म पाएका छैनन् भन्ने राम्ररी स्पष्ट भइसकेको छ । यीमध्ये सम्पत्तिको स्वामित्व र आफ्नो निजी व्यापार चलाउने हक एवं अधिकारलगायतका अन्य पनि धेरै मामिलाहरु छन् । हरेक दर्शन, धर्म र संस्कृतिले कुनै मामिलाको बढि मूल्य ठहराउँछ त कुनैलाई पर ढकेल्छ । इस्लाममा सबैभन्दा बढि महत्वपूर्ण गुण अल्लाहको भक्ति र आज्ञापालन हो । इस्लाममा दोस्रो बढि मूल्यवान गुण धर्मबारे ज्ञान हुनु हो । यी दुबै मामिलाहरुमा महिलाहरु पूर्णतया पुरुष समान छन् । इस्लामी इतिहासमा महिलाहरुको ब्याख्या गरिएको पाइन्छ । यसैगरी उनीहरुको भक्ति र शिक्षाको कदर पनि गरिएको छ । 'मानिसको मूल्यांकन तिनीहरुको सुन्दरता, यौनशक्ति, खेलको दौड, तिब्रता, राम्रो गान, नाच्नु वा अभिनय गर्नुद्वारा हुन्छ, इस्लामले भन्दैन । यी विषयवस्तुहरुलाई आधुनिक सभ्यताले बढि महत्व दिएपनि इस्लामी दृष्टिकोणमा मानिसको मूल्यांकन गर्दा ती फजूलमध्ये हुन् । समग्रमा यस जीवनमा बढि मूल्यवान वस्तुहरु भनेको अल्लाहको भक्ति र धार्मिक ज्ञान हो । इस्लाममा महिला र पुरुष एकदम बराबर छन् र इस्लामी नजरमा यो बराबरीको सबभन्दा बढि महत्वपूर्ण उदाहरण पनि हो ।

## धर्म

सृष्टि र मानिसहरुबारे विस्तृत बहस गरिसकेपछि अब पालो स्वयम् धर्मको आवश्यकताबारे बहसको आयो । अझ जुन आधारमा एउटा धर्म स्वीकार गर्न लायक हुनसक्छ त्यसमाथि पनि बहस हुन जरुरी छ ।

# मानिसलाई धर्मको आवश्यकता

विश्व अति धेरै भौतिक चरणमा प्रवेश गरिसकेको छ । विज्ञानले प्रकृतिलाई जितिसक्यो र अब धर्म, कथा र पूर्वका अन्धविश्वासहरुको कुनै आवश्यकता नै छैन जस्तो लाग्छ । तापनि धर्म टाढा भएको छैन । टाढा हुनु त बेग्लै हाल समयमा संसारभरिमा धर्मको पुनरुत्थान भइसकेको छ ।

कुरआन र सुन्नतको मूलपाठको उल्लेखअनुसार मान्छेभित्र धर्म स्वभाविक हुनु स्पष्ट छ । अल्लाहले मानिसको सृष्टि ईश्वरलाई जान्नु र उसको उपासनाको इच्छा राख्नु नैसर्गिक भावभित्र पर्दछ । सन्देशवाहक (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) ले पनि भनेका छन् 'सुन, तिमीले नजानेको र मेरो मालिकले मलाई आजै सिकाएको कुरा तिमीलाई सिकाउन मलाई हुकुम दिइएको छ...(ईश्वरले भनेका छन्), 'मैले आफ्ना सम्पूर्ण सेवकहरुलाई अल्लाहको उपासनाका नैसर्गिक झुकाऊका साथ सृजना गरेको छु । तर शैतानहरु तिनीहरुनिर आएर तिनलाई तिनको (साँचो) धर्मबाट टाढा पारिदिन्छन् । र, जेजति तिनीहरुका लागि मैले वैध गरेको छु त्यसलाई अवैध बनाउँछन् र तिनीहरुलाई मसँग समकक्षी ठहराउने निराधार आदेश दिन्छन् ।' (१४)

'मानिसमा अन्तरनिहित नैसर्गिक झुकावलाई दबाउने, लुकाउने वा बङ्ग्याउने कोशिश गर्ने कुशक्तिहरु पनि विद्यमान छन् भन्ने उपरोक्त अनुच्छेदबाट पनि स्पष्ट भइसकेको छ । तर तिनीहरुले मानिसको आत्माको गहिराईमा जरो गाडेको सत्यलाई भने कदापि मार्न सक्दैनन् । केहीमा सफल भए पनि सबैमा मार्न सक्दैनन् । सबैले धर्म नमाने पनि कम्तिमा केही मानिसहरु ईश्वर र धर्म अर्थात् अल्लाहसित सम्बन्धित आस्था र अभ्यासहरुलाई सधैं मान्छन् । 'यसप्रकार नैतिक तवरले हरेक व्यक्तिले धर्मको कुनै न कुनै रुप र अन्तिम अस्तित्व वा ईश्वरमा दह्रो विश्वास गरिसकेको छ', यो अचानकको कुरा होइन ।

यस संसारमा भौतिकवादीहरु एउटा कुरा कहिल्यै पनि अस्वीकार गर्न सक्दैनन्, 'मानिसको संरचनामा भौतिक अंशसँगसँगै गैरभौतिक अंश पनि रहेको छ, त्यसलाई आत्मा वा अलौकिक भाग भनिन्छ ।' भौतिकवादीहरु मानवको भौतिक अंशसित मात्र सरोकार राख्दछन् । उनीहरु उसको बृहत् अलौकिक अंशलाई सघाउन निम्ति उसको मनमा विशाल रिक्तता छोड्दै केही पनि गर्न सक्दैनन् । उसले त्यस रिक्ततालाई अनुभव गरेपछि मात्र उसलाई त्यहाँ केही गलत हुने यकीन हुन्छ ।

उनीहरुले त्यस रिक्ततालाई केहीबाट भर्न चाहन्छन् । यद्यपि उनीहरु धेरै भौतिक कुरा वा विभिन्न भौतिक वस्तुहरु (मदिरा, लागु पदार्थ) तर्फ मोड्न सक्दछन् तर यस्ता कुराहरु कहिल्यै पनि सही तवरले उनीहरुको जीवनको शून्यता भर्न सक्दैनन् ।

उनीहरु आफू वरिपरिका भौतिकवादी प्रचारप्रसारबाट पर हटेमा उनीहरुलाई 'उनको जीवन र दिलबाट हराएको कुरा ईश्वर र धर्म हो', पत्ता लाग्छ ।

प्रख्यात इस्लामी विद्वान इब्ने तैमियाले लेख्नुभएको छ, 'दिल आफ्नो मालिकको उपासनाको माध्यमले उससित माया गर्दै र उसतर्फ (पश्चातापद्वारा) फर्कदै मात्र स्वस्थ हुन सक्छ, सफलता प्राप्त गर्न सक्छ, खुशी हुन सक्छ, सन्तुष्ट हुन सक्छ, आराम महसुस गर्न सक्छ, स्थिरता र शान्ति पाउन सक्छ । यद्यपि सृष्टिबाट हर प्रकारको सुख उसलाई प्राप्त हुन सक्छ तर ढुक्क वा प्रशान्त हुन सक्दैन । किनकि दिलमा आफ्नो मालिकको आन्तरिक इच्छा रहेको छ, किनकि ऊ यसको ईश्वर हो, माया र अनुसरण हो र उससँग यसलाई मोज, सुख, आनन्द, सुविधा, शान्ति र स्थिरता प्राप्त हुनु निश्चित छ ।' **(१५)**

इब्ने तैमियाको उपरोक्त अभिब्यक्तको कुरआनी श्लोकहरुबाट पनि पुष्टि हुन्छ । उदाहरणतः अल्लाहले भनेका छन्, 'ती व्यक्तिहरु जो इमान ल्याउने हुन् र जसका हृदयले अल्लाहको स्मरणबाट सन्तुष्टि प्राप्त गर्छन् । र, जानिराख अल्लाहको स्मरणबाट नै हृदयहरु सन्तुष्ट हुने गर्छन् ।' (कुरआन, १३:२८)

अल्लाहले अझ भन्दछन्, 'हे आस्थावानहरु हो ! अल्लाह र रसूलका आदेशहरुलाई स्वीकार गर जब रसूलले तिमीहरुलाई यस्तो कार्यका लागि बोलाउँछन् जुन तिमीहरुलाई जीवन प्रदान गर्छ । जानिराख अल्लाह मानिस तथा उसको हृदयबीच पर्दा बन्न पुग्छन् । र, यो पनि जानिराख तिमीहरु उनकैसामु एकत्रित गरिनेछौ ।' (कुरआन, ८ : २४)

पुर्नजीवनका लागि यो नै सही जीवन हो, यसैतर्फ अल्लाह र उसका सन्देशवाहकले हरेकलाई बोलाइरहेका छन् । दिलको यही उद्धार र यथार्थ जीवन हो किनकि यसले मान्छेलाई वासना, कुइच्छा, कुविश्वास र कथाहरुको दास हुनुबाट बचाउँछ । यो आत्माको लागि वास्तविक जीवन हो र यसैले उसलाई अनभिज्ञता, आशंका र अलपत्रबाट बचाउँछ । यो स्वयं मान्छेको लागि सही जीवन हो किनकि

यसले उसलाई अरु मानिस र दर्शनहरुको अधिनता र दासताबाट बचाउँछ । यसले उनीहरुलाई आफैं स्वीकारेको र आर्जन गरेको अन्तिम उद्देश्य अर्थात् एक्लो अल्लाहको उपासना र चाकरी गर्नको लागि स्वतन्त्र पार्छ । यो उसको मानमर्यादाको स्रोत र उसको संरचनाको उद्देश्य हो । अन्ततः यो स्वर्गमा स्वामीसित खुशी हुनु र दाससित स्वामीले खुशी हुनुको, अनन्त परम सुख र भाग्यमानी जीवन हो ।

## सत्यधर्मका परिमाणहरु

मानवजातिको इतिहास पल्टाउँदा 'मानिस धर्ममान्ने इच्छा राख्दछन् भन्ने थाह हुन्छ । तापनि त्यहाँ धेरै धर्महरु छन् र हरेकले आफ्नो धर्मलाई साँचो धर्मसरह प्रस्तुत गर्दछन् र त्यसलाई मानवजातिको लागि अति सञ्चो ल्याउने बताउँछ । यसप्रकार यो परिच्छेदमा लेखकले आफ्नो मान्यता अनुसार कुनै धर्मलाई साँचो भनेर छुट्याउनको लागि ४ परिमाणहरु पेश गर्न मन पराएका छन् ।

प्रथम, 'धर्मले आफ्नो मौलिक स्रोत अवश्य ईश्वरलाई ठहराउनुपर्छ ।' अघिदेखि उल्लेख गरेअनुसार ईश्वरबारेका तपसिलहरु ईश्वरबाहेक कसैले जान्न सक्दैन । 'सबभन्दा बढि महत्वपूर्ण कुरा ईश्वरको उपासना कसरी गर्नुपर्छ' ईश्वरबाहेक कसैलाई थाह छैन । मानिस ईश्वरबारे धेरै उपयुक्त निष्कर्षसम्म पुग्न सक्षम भए पनि 'कसैले (ईश्वरको प्रकाशना बिना) ईश्वरको उपासना गर्ने विधि पत्तो लगाएको छ' मौलिक तवरले दाबी गर्न सक्दैन । यसप्रकार कसैको मनमा अन्तिम उद्देश्य ईश्वरलाई साँच्चिकै खुशीपार्नु तथा उपयुक्त विधिमा उसको उपासना गर्नु भएमा उसको लागि उसैको पथप्रदर्शन र निर्देशनतर्फ उन्मुख हुनुबाहेक कुनै विकल्प रहँदैन ।

यसप्रकार उपरोक्त पहिलो परिमाणको आधारमा मानवनिर्मित कुनै पनि धर्म तार्किक विकल्प होइन । मानिसले जति सक्दो कोशिश गरे पनि ईश्वरको उपासनाको विधिबारे अधिकारिक तवरले केही भन्न सक्दैन ।

'ईश्वरले एकैचोटि धर्मको रचनामा भूमिका खेलेछ' उक्त प्रमाणको आशय पनि होइन । होइन, उक्त प्रमाणको आशय 'धार्मिक शिक्षाका पूरा कार्यक्षेत्र अल्लाहबाटै आउँछ भन्ने हो । केही यस्ता धर्महरु रहेका छन् जसको मूल त अल्लाहबाटै हो तर पछि तिनका अनुगामीहरु मानवीय विचारमाथि भर गर्दै त्यसलाई समायोजन गरे,

नरम बनाउन वा बदल्नको लागि आफूलाई स्वतन्त्र महसूस गरे । कारवाही गर्दै उनीहरुले वास्तवमा एउटा नयाँ धर्म नै रचना गरिसके जुन ईश्वरले प्रकाशना गरेकोबाट फरक छ । यसले एकचोटि पुनः उद्देश्यलाई बर्बाद गर्दछ । जे अल्लाहले प्रकाशना गरेको छ त्यसमा मानवजातिबाट परिवर्तन वा सच्याउनुको आवश्यकतै छैन । यस्तो कुनै फेरबदल वा परिवर्तनको अर्थ ईश्वरले प्रकाशना गरेको मार्गबाट टाढिनु हो । यसप्रकार कुनै फेरबदल वा परिवर्तन मानवजातिलाई अल्लाहको उपासनाको सही विधिबाट टाढा नै लैजानेछ ।

यसरी पहिलो परिमाणले धर्मको उत्थान अल्लाहबाट हुनुपर्छ भन्ने बताउँछ । तापनि यो प्रयाप्त छैन । दोस्रो परिमाण 'अल्लाका शिक्षाहरु तिनका मौलिक रुपमा सुरक्षित हुनुपर्छन्' पनि हो । यसको तर्क स्पष्ट हुनुपर्छ । मौलिक प्रकाशना त ईश्वरबाटै भयो तर पछि मानिसबाट परिवर्तन गरियो वा बङ्ग्याइयो, त ईश्वरको धर्म र मानिसले थपेको मिसावट मात्र हात लाग्छ । धेरै समयसम्म ईश्वरको शुद्ध धर्म बाँच्दैन । यो एउटा स्पष्ट तर्कशास्त्र जस्तो देखिए पनि यस बुँदालाई नबुझेका मानिसलाई ऐतिहासिक तवरले प्रमाणित हुन नसकेका धर्मशास्त्र वा शिक्षाहरुको अन्धो अनुसरण गर्दै गरेको देख्दा अचम्म लाग्न सक्छ ।

तेस्रो परिमाण, धर्मलाई पछिल्लो धर्मको कुनै रुपबाट रद्द वा बर्खास्त नगरिएको होस् भन्ने हो । अर्को शब्दमा 'ईश्वर पछिल्लो वा अघिल्लो धर्मलाई रद्द वा खारिज गरी एउटाभन्दा बढि प्रकाशना गर्न वा एउटाभन्दा बढि सन्देशवाहक पठाउन सक्छन् ।' यस्तो अवस्थामा कोही ईश्वरप्रति साँच्चिकै समर्पित हुन्छ, ऊ अनुसरण गर्नको लागि रद्द गरिएको शिक्षालाई रोज्ने तथा ईश्वरले अहिल्यै अनुसरण हुन चाहेको शिक्षालाई बेवास्ता गर्ने अधिकार राख्दैन । पुनः यसले ईश्वरको ताबेदारीको सिद्धान्तको उल्लंघन तथा अल्लाहले आदेश दिएकालाई पैरवी गर्नुको सट्टा मनपरी रोजाई बाट अन्याय गर्दछ ।

उपरोक्त तिनै परिमाणहरु सिधा र स्पष्ट छन् । लेखकको विचारमा एउटा चौथो परिमाण पनि मननीय रहेको छ । चौथो परिमाण भनेको धर्मका आधारभूत विश्वासहरु मानवजातिले बुझ्न योग्य र मानव स्वभाव प्रतिकुल नहुनुपर्ने भन्ने हो । जसले यस्तो तह सृजना गरेको छ र मानिसलाई बुझ्ने र आफ्नो वरिपरिबाट शिक्षा प्राप्त गर्ने क्षमता दिइएको छ, 'उनै अल्लाहले उनीहरुलाई उनको विवेकभन्दा

पूर्णतया पर र आत्माले सत्यतासरह स्वीकार गर्न नसक्ने मामिलाहरुमा विश्वास गर्न लगाउँछ', यस्तो कुरा अकल्पनीय हो ।

## इस्लाम ती परिमाणहरुको प्रकाशमा

स्थान अभावका कारणले यहाँ विभिन्न धर्महरुको तुलना र 'ती परिमाणहरुको कस्सीमा तिनीहरु कसरी जान्छन्, छुट्याउन सम्भव छैन ।(१६) यहाँ मात्र इस्लामबारे बहस हुनेछ ।

पहिलो परिमाण, 'धर्मको मौलिक स्रोत अवश्य ईश्वर नै हुनुपर्छ ।' पुनः यसको आशय धार्मिक शिक्षा र विश्वासहरुको स्रोतमा मानिसले कुनै पनि हिसाबले फेरबदल वा सच्याउने अधिकार राख्ने ईश्वरको मात्रै हुनुपर्छ । प्रायः अन्य धर्महरु जस्तो इस्लाममा पण्डित्याई छैन । कुनै विद्वान जति ठूलो किन नहोस् गल्तीको पात्र एउटा मान्छे मात्र हो । तसर्थ कसैले बनाएको कुनै पनि नियम ईश्वरको प्रकाशनाको उज्यालोमा सिद्ध गर्नुपर्छ । 'कुरआन र सुन्नत अन्तिम प्रमाण रहिरहेछन्, तिनको उल्लंघन गर्ने हक कसैलाई छैन, इस्लाममा यो एउटा सर्वसम्मत सिद्धान्त हो । मुस्लिम विद्वानहरुको ठम्याई अनुसार इस्लाम धर्म ईश्वरको धर्म हो र मानिसको भूमिका भक्त भई इस्लामलाई ओसार्ने र बुझ्ने कोशिश गर्नु मात्र हो । बङ्ग्याउनु वा फेरबदल गर्नु कदापि होइन ।

अघि भनिएको दोस्रो परिमाण ईश्वरीय प्रकाशनाको ऐतिहासिक सुरक्षासँग सम्बन्धित रहेको छ । 'कसैले सत्य स्वीकार गरेको छ भन्ने प्रमाणित गर्नको लागि उक्त परिमाण आवश्यक हुन्छ । इस्लामी इतिहासले यहुदी वा ईशाई मतभन्दा फरक परिदृश्य पेश गर्छ । सन्देष्टा मुहम्मद (उनीमाथि अल्लाहको दया र शान्ति होस्) झण्डै १४ सय वर्ष अगाडि जन्मेका थिए । उनी पक्कै विभिन्न ऐतिहासिक सन्देशवाहककहरुमध्ये सबैभन्दा बढि ऐतिहासिक हुन् । कुरआन र मुहम्मद (उनीमाथि अल्लाहको दया र शान्ति होस्) का वाणीहरु अति सूक्ष्म पर्यत्न बाटअनन्तसम्मकालागि सुरक्षित गरिएका थिए । बृहत नभएको कुरआन स्वयम् सन्देष्टा मुहम्मद जीवित हुँदैखेर देखि नै लिखित र कण्ठको रुपमा सुरक्षित गरिएको थियो । सन्देशवाहकका धेरै मित्रहरुले पूरै कुरआन कण्ठगरेका थिए र विगतका धार्मिक समुदायहरुसित घटेका घटनाहरुबाट डर्दै यसलाई कुनै किसिमको मिसावटबाट बचाउनको लागि आवश्यक कदम चालेका थिए । सन्देशवाहक (

उनीमाथि अल्लाहको दया र शान्ति होस्) को मृत्युपछि चाँडै सम्पूर्ण कुरआन एकसाथ संकलन गरिएको थियो र यसको औपचारिक नक्कल तुरुन्तै टाढाटाढाको भू-भागहरुमा ग्रन्थको शुद्धता पक्का गर्नको लागि पठाइएको थियो । आजकल पनि संसारको कुनै भागमा भ्रमण गरेर कसैले एउटा कुरआन उठाउन सक्छ र कुरआनलाई संसारभरिमा एकनासै भेटाइनेछ । कुरआनपछि, सन्देशवाहक (उनीमाथि अल्लाहको दया र शान्ति होस्) को पद्दति (सुन्नत) लाई पनि ठूलो लगनशीलतासाथ सुरक्षित गरिएको थियो । ती सबै इस्लामका शुरुदेखि नै लेखिए, पढिए र सावधानीपूर्वक अवतरित गरिएका थिए । कुरआन र सन्देशवाहकको भाषा पनि सुरक्षित गरिएको छ । यसलाई मुसा र ईशा जस्ता पहिलाका सन्देशवाहकहरुबारे जसका हिब्रो र आरामिक भाषाहरु थिए, धेरै अवधिसम्म सुरक्षित हुन सकेनन्, भन्न सकिन्नँ ।

यसप्रकार सन्देशवाहक मुहम्मद (उनीमाथि अल्लाहको दया र शान्ति होस्) ले प्राप्त गरेको ईश्वरीय प्रकाशना ठीकसँग सुरक्षित गरिएको छ र सत्यता चाहनेहरुको लागि आज पनि उपलब्ध छन् ।

तेस्रो परिमाणको संलग्नता रद्द वा खारिज नगरिएको प्रकाशनासँग थियो । 'ईश्वरले नयाँ सन्देशको अनुसरण चाहन्छ, उक्त बुँदाको आशय हो । त्यो सिद्ध भइसकेपछि सत्यवादीसामु ईश्वरप्रति नयाँ सन्देशको अनुसरणबाहेक कुनै अधिकार रहँदैन । उक्त बुँदामाथि झन् विस्तृत बहस दूतत्वको दर्शनमाथि बहस गर्दा हुनेछ, जहाँ अन्तिम दूतको रुपमा मुहम्मद सुस्पष्ट सन्देष्टा मानिएका छन् ।

लेखकद्वारा अन्तिम स्थिर परिमाण आस्थावानको लागि पेश गरिसकिएको छ । यस पुस्तकमा शुरुमा भौतिकवादी र डार्विनवादीहरुको संक्षिप्त खण्डन गरिएको थियो । तिनका दाबीहरु बिल्कुल असमर्थनीय छन् । त्यसरी नै त्रैत्य (पिता, पुत्र र आत्मा भन्ने तीन पुरुषको संयोजन) बारे क्रिश्चियनहरुको आस्था पनि हो, यसबारे उनीहरु आफैं वर्षौंवर्ष लड्दै गरे र साँचो अर्थ प्रमाणित गर्नका लागि परिषदमाथि परिषद गठन गर्दै गरे । कसैले यसलाई केवल रहस्य बताएका छन् । यसप्रकार आस्थाको छलाङ्ग जस्तो विश्वासको आधारमा धर्म हुनु हुँदैन । वास्तवमा धर्म शुरुमै राम्ररी ज्ञानको आधारमा हुनुपर्छ, ताकि दिल र दिमाग दुबैले यसमा सान्त्वना पाएर बलियो

धारणासाथ यसको अनुसरण गरुन् । त्यसप्रकार मानवजातिको पूर्ण स्वभाव, तर्कशास्त्र र सत्यता अनुरुप इस्लाम र अल्लाहबारे आस्थाहरुमा पाइन्छ ।

## सन्देष्टा हुनु

यहुदी र क्रिश्चियनहरु सन्देष्टाका दर्शनसित परिचित छन् । दूतहरुको लामो पंक्तिमा अरुसँगै इब्राहीम, मूसा र ईशा सामेल छन्, वस्तुतः सन्देष्टा मुहम्मद ( उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) मुस्लिमहरुको दाबीअनुसार अन्तिम हुन् ।

## सन्देष्टा हुनुको वास्तविकता

सन्देशवाहक अथवा सन्देष्टा वा ईशदूतहरु अल्लाहले आफ्नो सन्देश मानवजातिसम्म ल्याउनका लागि छानेका विशिष्ट व्यक्तिहरु हुन् । अल्लाहले उनीहरुतर्फ प्रकाशना गर्छ र उनीहरुले त्यसलाई ओसार्ने गर्दछन् । सन्देष्टाले सन्देशलाई इमानदारीकासाथ ओसार्दछन् र कुनै अवस्थामा पनि यो सन्देशलाई बदल्ने वा बङ्ग्याउने अधिकार राख्दैनन् । त्यसैबेला जसका समक्ष उनीहरु पठाइएका हुन्छन्, सन्देश ओसारेपछि तिनीहरु (मानिसहरु) ले उनीहरु (सन्देष्टा) को आज्ञापालन गर्नुपर्छ । अल्लाह भन्दछन्, 'र, हामीले हरेक रसूललाई अल्लाहको आदेशबमोजिम उनको आज्ञापालन गरियोस् भन्ने उद्देश्यले मात्र पठाएका छौं ।" (कुरआन, ४ : ६४),

अल्लाह कसलाई आफ्नो सन्देष्टा बनाउने भन्ने सम्वन्धमा स्वयम् राम्ररी जान्दछ । सन्देशवाहकहरुको यो छनोट निश्चय नै जथाभावी हुँदैन । बरु 'आफ्नो दूतत्वलाई कहाँ राखोस्' त्यस स्थानलाई अल्लाह नै बढि जान्दछ । (कुरआन, ६ : १२४) यसरी अल्लाह मानवजातिमध्ये विशिष्ट आचरणका मानिस सन्देष्टाका लागि छान्दछन् ।

अल्लाह अझ अगाडि भन्छन्, 'तिमीहरुभन्दा पहिला केवल पुरुषहरुलाई हामीले रसूलको रुपमा पठायौं जसमाथि हामी प्रकाशना (वह्य) गर्ने गर्थ्यौं ।' (कुरआन, १६ : ४३) सन्देशवाहकहरु मानवजातिमध्ये कै थिए, यिनी श्लोकहरु यसलाई स्पष्ट पार्छन् । उनीहरु अर्ध-ईश्वर थिएनन् ।

अल्लाह विशेष कारणले मानिसलाई आफ्ना सन्देशवाहक हुनुको लागि चयन गर्छ । सन्देशवाहकहरुको उद्देश्य अल्लाहको तर्फबाट सत्यलाई फैलाउनु हो । उनीहरु त्यस सत्यतालाई स्पष्ट पार्छन् र त्यसको अनुसरण नगर्नुमा मानिसको लागि कुनै बहाना छोड्दैनन् । सन्देशवाहकहरुको लक्ष्य मानवजातिको आत्माहरुमा मान्य हुनसक्ने यथार्थ स्पष्ट र निसन्देह शैलीमा सन्देश प्रस्तुत गर्नु हो । यसप्रकार जो त्यस सत्यलाई अंगाल्न चाहन्छन्, उनीहरुले अंगाल्नेछन् र जो सत्यलाई स्वीकार गर्न चाहँदैनन्, उनीहरु बहिष्कार गर्नेछन् । यसले दुबै समूहलाई छुट्याउने उद्देश्य पूरा गर्छ । एक, उनी जो अल्लाहको दया र माया प्राप्तिको हकदार हुन्छन् । दोस्रो, उनी जो अल्लाहको रिस र दण्ड पाउने हकदार हुन्छन् ।

यसप्रकार सन्देशवाहकहरु स्पष्ट पथप्रदर्शन, शुभ-समाचार र कडा चेतावनीसमेत लिएर आए । अल्लाहले सत्यता ओसार्ने त्यस्ता सन्देशवाहकहरु नपठाएको भए मानवजातिहरु कराउँथे र दाबी गर्थे, ‘उनी कहाँ सन्देशवाहक आएका भए उनी तिनको अनुसरण गर्थे ।’ अल्लाहलाई जे भइसक्यो, जे हुनेछ र जे हुनसक्थ्यो सबै थाह छ । भनेका छन्, ‘र, हामीले तिनीहरुलाई यस (अन्तिम सन्देष्टा) अघि नै कुनै प्रकोपद्वारा नष्ट पारेको भए तिनीहरुले भन्ने थिए, हे हाम्रा पालनकर्ता ! तिमीले हामीसमक्ष कुनै रसूल किन पठाएनौं ताकि हामी अपमानित तथा तिरस्कृत हुनुअघि नै तिम्रा आदेशहरुको अनुसरण गर्ने थियौं ?’ (कुरआन, २० : १३४)

सन्देशवाहकहरु स्पष्ट चिन्हहरुकासाथ पठाइएपछि मानवजातिको लागि कुनै बहाना बच्दैन, यसबारे अल्लाह यसरी भन्छन्, ‘यी ईशदूतहरु शुभ-सूचक तथा सचेतक बनाएर पठाइएका थिए ताकि रसूलहरुपश्चात् मानिसहरुलाई अल्लाहविरुद्ध केही भन्ने ठाउँ नरहोस् । र, अल्लाह अति प्रभुत्वशाली एवं तत्वदर्शी छन् ।’ (कुरआन, ४ : १६५) उक्त श्लोक वास्तवमा एउटा गम्भीर चेतावनी हो । (१७)

## सन्देष्टा भएको चिन्ह

विगतका सन्देष्टाहरुको अध्ययनबाट कसैले सन्देष्टाहरु हुनुका निश्चित ‘अप्रत्यक्ष’ चिन्हहरु अनुमान गर्न सक्छ । पहिलो, ईश्वरले चुनेको मान्छे उनीतर्फ केही प्रकाशना शुरु हुनुभन्दा अघिको जीवनकालमा अवश्य सम्मानित र सचरित्र हुनुपर्छ । उदाहरणतः जसले कुनै सांसारिक कुराबारे कहिल्यै पनि झूठो बोलेन ऊ एक्कासी ईश्वरबारे झूठो प्रचार र आफू प्रकाशना पाइरहने दाबी गर्न थाल्छ,

अकल्पनीय हो । दोस्रो, जुन धर्मोपदेश उनी दिइरहेछन् त्यसमा श्रेष्ठता र सत्यता हुनुपर्छ । त्यसैगरी त्यस सन्देशको आधारभूत कुरा विगतमा सन्देष्टा मानिएका भनाईअनुरुप हुनुपर्छ । ब्राह्माण्ड र जीवनको वास्तविकतासम्बन्धी ईश्वरको आधारभूत सन्देश एउटादेखि अर्को सन्देष्टासम्म नबदलेको हुनुपर्छ । अझबढि दूतहरुले सन्देश ओसार्नुबाट आफ्नो कुनै निजी फाइदा वा भुक्तानी नचाहेको हुनुपर्छ । उनीहरुको लक्ष्य सांसारिक नरहेको हुनुपर्छ । उनीहरु ईश्वरको खुशी पाउन र ईश्वरको आज्ञापालनको लागि मात्र सन्देश ओसारी रहेका हुन्छन् । राजनीतिक जित नभए पनि सन्देष्टालाई सधैं अध्यात्मिक जितको आनन्द मिल्छ । किनकि उनी सधैं आफ्नो सन्देशमा मग्न रहने र कहिले पनि आफ्नो उद्देश्यबाट विचलित र मरुञ्जेल आफ्नो संकल्पको प्रदर्शन गरिराख्दछन् । ईश्वरको साँचो सन्देष्टा मानिएको कसैलाई पनि कसैले कहिले पनि आफ्नो आस्था र सन्देश छोड्ने भेटाइएको पाइंदैन ।

ती सबैका साथसाथै अल्लाहले आफ्ना सन्देशवाहकहरुलाई उनी साँच्चिकै प्रभुद्वारा पठाइएका छन् भन्ने प्रदर्शन गर्नका लागि सामान्यबाट पर केही विशेष चिन्हहरु उपलब्ध गराउँदछ । ती सबै अल्लाहको पूर्ण न्याय, दया र लोकोपकारिताले गर्दा नै हुन्छ । सन्देशवाहकहरुलाई उसको छनोट र पठाउने शैलीबाट सन्देशको सत्यतालाई जिद्दीले मात्रै स्वीकार गर्दैन । तसर्थ सन्देशको सम्पूर्ण विषयसूची मानव स्वभाव अनुसार मात्रै छैन, बरु सन्देशवाहकहरुले ल्याएको सन्देशको विधि हेर्दा तिनलाई ईश्वरको सन्देशवाहक स्वीकार नगर्नको लागि मानिसनिर कुनै बहानै रहँदैन । जस्तो अल्लाह भन्दछन्, 'निसन्देह हामीले आफ्ना सन्देशवाहकहरुलाई स्पष्ट दलीलहरु दिएर पठायौं ।' (कुरआन, ५७ : २५)

अल्लाहले सन्देशवाहकहरुलाई दिएका विशेष चिन्हहरुलाई 'चमत्कार' भनिएको छ । यस वैज्ञानिक कालमा मानिसहरु विगतमा टिपोट गरिएका चमत्कारहरुबारे हेर्न अभिमुख छन् । तापनि त्यस्ता घटनाहरुबारे नैसर्गिक तवरले केही अतार्किक छैन । यस उदाहरणको प्रारम्भ ईश्वरले संरचना गरेको यस ब्राह्माण्डबाट गरिन्छ । एउटा धेरै सहजसँग बुझ्न सकिने उदाहरण (जुन अघि बहस गरिसकिएको छ) 'ईश्वरले यस ब्रह्माण्डका क्रियाकलापमाथि पूरा नियन्त्रण गरी राखेको छ र ऊ यसका क्रियाकलापलाई जुनसुकै बेला र जो कोहीको लागि पनि आफ्नो इच्छानुसार बदल्न सक्छ ।' आजसम्म कसैले अहिलेसम्म पनि बारम्बार औषधिको चमत्कार वा रोगबाट

निको हुनुबारे सहजरुपले युक्तिसँगत व्याख्या गर्न नसकिने र अस्वीकारको ठाउँ पनि नराख्ने अचम्महरु सुनिरहेको छ ।

विगतमा त्यस्तै केही घटनाहरु घटे, जस्तो कि मूसाको लागि लाल महासागरलाई रोकिनु, ईशाद्वारा रोग तथा अन्धोपनलाई निको पार्नु । ती सबै चिन्हहरुले 'सन्देष्टाहरु ईश्वरद्वारा पथप्रदर्शित र समर्थित छन्', भन्ने दाबीको थप समर्थन हुन्छ । ती सबै चिन्हहरुको प्रदर्शनले पूर्णतया कदर त भयो तर समय बितेपछि मानिस ती कथा र दाबीहरुमा शंका गर्न थाले वा ती चमत्कारहरुको प्रभावमा खिया लाग्न थाल्यो । पछिल्लो कालखण्डमा उक्त सन्देश दोहऱ्याउन अरु दूतहरु पनि आउन बाँकी रहेकाले त्यो ठूलो मामिला थिएन ।

यसप्रकार अल्लाहले सम्पूर्ण मानवजातिको लागि न्यायको दिनसम्मको लागि आफ्नो अन्तिम सन्देष्टा पठाएपछि उनलाई निकै फरक किसिमको चमत्कार दियो, जुन इस्लामी आह्वानको साथसाथै सधैँभरि बाँकी रहनेछ । सन्देष्टा मुहम्मद ( उनीमाथि अल्लाहको दया र शान्ति होस्) ले भनेका छन्, 'मानिसलाई विश्वस्त पार्नका निम्ति सन्देष्टाहरुमध्ये हरेकलाई चमत्कार दिइयो, तर मलाई दिइएको चमत्कार ईश्वरीय प्रकाशना हो, यसलाई अल्लाहले मतर्फ प्रकाशना गरेको हो । यसले मरोणोत्तर जीवनमा मेरा अनुयायीहरु अरु सन्देष्टाहरुको अनुयायीभन्दा बढि हुनेछन् भन्ने मेरो आशा रहेको छ ।' (१८) अर्को शब्दमा, सन्देष्टा मुहम्मदको ठूलो चिन्ह र चमत्कार कुरआन हो ।

यसप्रकार ईशदूत मुहम्मदले पाउनुभएको सबभन्दा ठूलो चिन्ह अहिले पनि सबूतको रुपमा रहेको छ र आज पनि अभ्यास गरिन्छ । (१९)कुरआनले आफू जस्ता केही शब्दहरु बनाउन सबै लाई चुनौति दिएको छ । उदाहरणतः अल्लाह भन्छन्, 'यदि तिमीहरु हामीले आफ्ना सेवकमाथि अवतरित गरेका ग्रन्थको बारेमा सन्देहमा छौ र सत्यवान छौ भने कुरआनमा भएझैं कुनै एउटा मात्र भए पनि सुरह ल्याऊ र यसको लागि अल्लाहबाहेक आफ्ना सन्य सहयोगीहरुलाई पनि आह्वान गर ।' ( कुरआन, २ : २३)

कुरआन विभिन्न किसिमले चमत्कार हो । उदाहरणका लागि मुहम्मद ( उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) को समयमा अरबीहरु भाषामा श्रेष्ठ थिए । कैयौं सालसम्म सन्देष्टाको घोर प्रतिरोध हुँदाहुँदै पनि 'उनीहरु कुरआन जस्तो कुनै

साहित्यिक ग्रन्थ भेटाउन सकेनन्, स्वीकार गरे । बरु कुरआन अति धेरै सहज शैलीमा एउटा 'साहित्यिक चमत्कार' हो । आफ्नो भविष्य सूचनाको सन्दर्भमा, वैज्ञानिक र ऐतिहासिक सत्यतामा, ठीक संरक्षणमा, उदार र बुद्धिमानी नियमहरुमा, विगतदेखि हालसम्म मानिसको सुधार र परिवर्तनमा पार्दैआएको प्रभाव आदिमा कुरआन अद्भूत हो ।

सन्देष्टा मुहम्मद स्वयम् निरक्षर भए पनि अल्लाहले आफ्नो सन्देशवाहक हुनुको लागि उनलाई चयन गऱ्यो । निरक्षरता उनबारे खोट होइन, बरु उनी ईश्वरीय सन्देशवाहक हुनुको वास्तवमा झन् बढि प्रमाण हो । किनकि ईशाई सम्मतको छैटौं शताब्दीपछिको यस अरबी बासिन्दाले यस्तो पुस्तक उत्पन्न गर्न सक्दैनथ्यो । उदाहरणस्वरुप अल्लाहले सन्देष्टातर्फ (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) पहिलाका सन्देष्टाहरुका कथाहरु प्रकाशना गऱ्यो । त्यहाँको वातावरणमा यहुदी वा ईशाईहरुको शिक्षाहरुसम्म बढि पहुँच राख्ने अवसर थिएन, तापनि उनले पहिलाका सन्देष्टाहरुका कथाहरु निश्चित सत्यताकासाथ बताए । यथार्थमा यो अझ बढि अचम्मको कुरा हो । प्रचलित बाइबलमा ऐतिहासिक तवरले असम्भव हुने वा कालदोष हुने उल्लेखहरु आजकल धेरैजनाले स्वीकार्छन् । कुरआन त्यस्ता सबै सन्दिग्ध विषयहरुबाट मुक्त हुनुकासाथै एउटा मर्णात्मक मात्रको उत्पादन नहुनु यसको अर्को चिन्ह हो । एउटा विस्तृत कार्यमा फतूही र अल-दरगजेलीले बाइबलमा भेटाएका ऐतिहासिक गल्तीहरुका धेरै उदाहरणहरु पेश गरेका छन् जबकि कुरआनमा पनि हुबहु उही कथा र घटनाहरु उल्लेख हुँदाहुँदै पनि त्यहाँ ती गल्तीहरु भेटिएका छैनन् । (२०)

## मानवजातिलाई ईश्वरीय सन्देशवाहकहरुको अपरिहार्यता

मानवजातितर्फ सन्देशवाहकहरु पठाउनु अल्लाहका ठूला कृपाहरुमध्येको एक हो । दूत मुहम्मदलाई पठाइएको बारेमा चित्रण गर्दै अल्लाहले भनेका छन्, 'र, (हे मुहम्मद !) हामीले तिमीलाई सम्पूर्ण संसारबासीहरुको लागि दया मात्र बनाएर पठाएका छौं । (कुरआन, २१ : १०७)

मानिसलाई अल्लाहको यस कृपाको धेरै आवश्यकता छ । जो कोहीले अल्लाहलाई खुशी पार्नको लागि आफ्नो जीवन कसरी बिताउनुपर्छ, उसलाई यसको

व्यावहारिक उदाहरणको आवश्यकता हुन्छ । जुन ज्ञान सन्देशवाहकहरुले ल्याएका थिए स्वयम् उनीहरुलाई पनि आतुरतासाथ त्यसको खाँचो थियो ।

अल्लाहले चाहेको भए आफ्नो सन्देशलाई लिखित रुपमा उदाहरणतः पहाडको छेउमाथि सहजै प्रकाशना गर्न सक्थे । तापनि त्यसको सट्टा मानवीय सन्देशवाहकहरु पठाउनुमा उनको अपार कृपा र बुद्धिमता रहेको छ । यी सन्देशवाहकहरुको फाइदा दोहोरो छ, (१) सहजै लिखित सन्देश पठाउनुको सट्टा मानिसलाई सन्देशवाहक बनाएर पठाउनुद्वारा अल्लाहले आफ्नो सन्देश कल्पित क्षेत्रबाट क्रियात्मक क्षेत्रतर्फ रुपान्तरित गरेको छ । सन्देशवाहकहरुद्वारा सन्देशको कार्यान्वयन मानिसलाई पथप्रदर्शनको एउटा व्यावहारिक आदर्श दिन्छ । पथप्रदर्शन विविध शैलीमा बुझ्न सकिने केवल स्पष्ट र आम सिद्धान्त होइन । होइन, मानिसको अनुसरणको लागि सन्देशलाई एउटा ठोस र व्यावहारिक ढाँचामा विस्तृत उदाहरणका साथ पेश गरिएको छ । (२) सन्देशवाहकहरु श्रेष्ठ चरित्रका मानिस भए पनि उनी सधैं मानिस नै थिए । यथार्थमा उनी अरुको लागि उदाहरण थिए । तसर्थ उनीहरुद्वारा ऐश्वरीय शिक्षाको कार्यान्वयनबाट यी शिक्षाहरु कार्यान्वयन गर्न सकिने र मानिसको उपायभित्र हुने प्रमाणित हुन्छ । मानवजातिको क्षमताभन्दा ठूलोलाई धर्म वा सदाचार भन्न सकिन्न । यो मानिसको क्षमताभित्र छ र सन्देशवाहकका कार्यहरु यसका प्रमाण हुन् ।

माथि उल्लेख भएअनुसार सन्देशवाहकहरुद्वारा पेश गरिएका ज्ञानहरुको मानिसलाई असाध्यै खाँचो रहेको छ । उक्त ज्ञानहरुलाई दुई किसिममा विभाजित गर्न सकिन्छ तथा मानिसको लागिदुईटै  आवश्यक छन् ।

ज्ञानको पहिलो किसिम वा जसलाई इस्लामी पाठहरुमा अलौकिक भनिन्छ अति प्राकृतिक छ । ती पूरै मानव अनुभवको लोकभन्दा बाहिरका कुराहरु हुन् । मानिसले ती मामिलाहरुबारे अल्लाहको प्रकाशनाबाट मात्रै जान्न सक्छन् । यस लोकमा अल्लाह, उनका गुण, सृष्टिको उद्देश्य, राम्रो वा नराम्रो कसरी छुट्याउने, मृत्युपछि र भविष्यमा मानवजातिसित के होला आदिबारे विस्तृत ज्ञान सामेल छन् ।

तापनि अल्लाहको पथप्रदर्शनको सरोकार त्यही मामिलाहरुसित मात्र छैन, बरु अल्लाहले आफ्ना मानिस सन्देशवाहकहरुतर्फ प्रकाशन गरेको पथप्रदर्शनले मानिसलाई पार्थिव वा सांसारिक मामिलाहरुमा पनि मार्ग देखाउँछ । अल्लाहले

मानिसको सहजै पहुँचमा राखेको प्राविधिक कुराहरुबाहेक ती मामिलाहरुमा मानिसलाई अल्लाहको पथप्रदर्शनको साँच्चिकै धेरै आवश्यकता पर्छ । अल्लाह स्रष्टा र विधाताले मानिसको लागि सबभन्दा राम्रोलाई एक्लै मात्र जान्दछ । अल्लाहले भनेका छन्, 'के जसले सृष्टि गरेका छन् उनैले जान्ने छैनन् त ? उनी त सुक्ष्मदर्शी र सुसूचित छन् ।' (कुरआन, ६७ : १४) यो वाणी अलि विस्तारसाथ बयान गर्न जरुरी छ किनकि यसले सांसारिकताको मूल, 'जसले आजभोलि संसारभरिको विचारलाई थिचिरहेछ' तर्फ डोऱ्याउँछ ।

मानिसले आफ्नो निजी, आर्थिक, राजनैतिक व्यवस्था, अन्तरराष्ट्रिय कानुन आदि बनाएका छन् । यसले गर्दा 'उनीहरु आफ्नो सरोकारभन्दा परको कोशिस गरी रहेछन्' भन्ने उनीहरुले मान्नुपर्छ । उनीहरुको अति राम्रो नियतका बावजूद प्रायः त्यसको नोक्सान फाइदाभन्दा बढि हुने गर्छ । उदाहरणतः अर्थशास्त्रको क्षेत्रमा दिमागमा आउनसक्ने पहिलो कुरा समाजवादी र साम्यवादी विचार अचानक खुम्चिनु हो । पूँजीवादलाई पनि नियालेर हेर्दा अनुमान गरिएकोभन्दा 'वास्तविकता अति टाढा र परिणाम शोषण नै हुन्छ' भन्ने पत्ता लाग्छ किनकि त्यसमा धनीहरु बढ्ता धनी र गरीबहरु बढ्ता गरीब हुँदै जान्छन् ।

ईश्वरीय प्रकाशनाको विरुद्ध हुनेगरी मानवनिर्मित ऐनहरु आम तवरले कैयौं विशेष समस्याहरुका कारण हुन्छन् । पहिलो, मानिस लालसाहरुबाट लगातार प्रभावित भइरहन्छन् । मानिस प्रत्येक किसिमको आवेग र बासनाबाट आफूलाई पर राख्न सक्ने भए पनि भौतिक र सामाजिक विज्ञानबीच निक्कै ठूलो फरक रहेको हुन्छ' भन्ने उनीहरुले मान्नुपर्छ । 'मानिस विभिन्न माहौलमा कसरी गर्नेछन्' सामाजविद्हरुले जाँचेर जान्न सक्दैनन् । उनीहरु वास्तविकताको अनुमानभन्दा बढि केही गर्दैनन् । अल्लाहले कुरआनमा मानवजातिमा यस्तो सीमित ल्याकतबारे भन्दछन्, 'मानिसहरु सांसारिक जीवनका केवल बाह्य पक्ष जान्दछन् र तिनीहरु आखिरत (मरोणोत्तर जीवन) बारे अनभिज्ञ छन् ।' (कुरआन, ३० : ७) त्यो स्वीकारेपछि 'त्यसले प्रमाणित गर्छ, मानिस आफ्नो स्रष्टाद्वारा पर्थप्रदर्शन र ज्ञानको आवशयकीय छन्, जसले आफ्नो कृपाले आफ्ना दूतहरुमार्फत त्यस्तो पथप्रदर्शन पठाइसकेको छ । छोटकरीमा सांसारिक ऐनहरु मानिसलाई ईश्वरीय प्रकाशना जस्तो हौसाउन सक्दैनन् । यस्ता ऐनहरुमा प्रभावकारी नैतिक असर नहुन पनि सक्छ । अर्को शब्दमा मानवनिर्मित ऐनहरुमा मान्छेलाई कानूनपालन गराउनको लागि बल प्रयोग गर्नुबाहेक कुनै उपाय

रहँदैन । जबकि ईशदूतहरुबाट घोषणा गरिएका ऐनहरुको पालना अल्लाहलाई खुशी पार्न र उसको रिसबाट बच्नको नियतले तानिएको हुन्छ ।

संक्षेपमा, 'मानिसलाई ईशदूतहरुबाट प्राप्त ज्ञानहरुको असाध्य आवश्यकता छ र तिनीहरुलाई ईशदूतहरुमार्फत कायम गरिएको आदर्शको पनि अपरिहार्यता छ' यथार्थबाट उम्कन संभव छैन ।

## सन्देष्टाहरुको आह्वानका सिद्धान्तहरु

भनिन्छ, सन्देष्टा (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) ले भन्नुभयो, 'अल्लाहले १ लाख २४ हजार सन्देष्टालाई पठायो ।' (२१) अल्लाहले भनेका छन्, 'उसले हरेक जातितर्फ एउटा सन्देष्टा पठायो ।' (कुरआन १६ : ३६)

यति धेरै सन्देष्टा र सन्देशवाहकहरु पठाइए पनि वास्तवमा सबै एउटै मार्गमा थिए । 'अल्लाह हरेक सन्देष्टालाई विगतका सन्देष्टाहरुको समान धर्मतर्फ मार्गदर्शन गर्दछन्' अल्लाहले अन्तिम सन्देष्टा (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) लाई निर्देशन दिएका छन् । अल्लाहले भनेका छन्, 'अल्लाहले तिमीहरुकोलागि त्यही धर्म निर्धारित गरेका छन् जसको आदेश उनले नूहलाई दिएका थिए । अनि, जसको प्रकाशना (हे मुहम्मद !) हामीले तिमीतर्फ गरेका छौं र जसको जोडदार आदेश हामीले इब्राहीम, मुसा तथा ईसालाई दिएका थियौं ।' (कुरआन, ४२ : १३)

यसप्रकार हरेक मुस्लिमले ती सबै सन्देष्टाहरुमा विश्वास गर्दछ र तिनमा विश्वास र तिनको आदरले गर्दा तिनीहरुमध्ये कसैबीच फरक गर्दैन । ईश्वरले ती सबैलाई पठाएका छन् । ती सबैले समान सारभूत सत्यतामा विश्वास राख्दथे र समान मार्गतिर बोलाएका थिए । तसर्थ कसैलाई यो भन्ने अधिकार छैन, 'ऊ उनीहरुमध्ये कसैमाथि विश्वास र आदर गर्दछ र अर्कोमाथि विश्वास वा आदर गर्दैन ।' पहिला त यो कुरा ती सबैलाई पठाउने अल्लाहको अनादर हो । त्यसपछि यो अतार्किक पनि छ किनकि ती सबै मौलिक तवरले एउटै सन्देशकासाथ आएका थिए तथा ईशदूत अर्थात् एक अर्काको दाजुभाई भनी परिचित गराएका थिए ।

तसर्थ ती सबैमा विश्वास र हरेकको ठीक इज्जत गर्नुपर्छ । यसको लागि अल्लाहले भनेका छन्, '(हे आज्ञाकारीहरु हो !) भन- हामीले ईमान (आस्था) ल्यायौं

अल्लाहमाथि र त्यस (ग्रन्थ) माथि जो हामीतिर अवतरित गरियो र त्यसमाथि पनि जो इब्राहीम, इस्माइल, इस्हाक, याकुब एवं (याकुब) का सन्तानहरुमाथि अवतरित गरिए अनि जो मुसा एवं ईशालाई प्रदान गरियो तथा जो अन्य सन्देष्टाहरुलाई उनका रब (पालनकर्ता) को तर्फबाट प्रदान गरियो । हामी यिनीहरुबीच कुनै विभेद गर्दैनौं । र, हामी उनै (अल्लाह) को आज्ञाकारी (मुस्लिम) हौं ।' (कुरआन, २ : १३६) संक्षिप्तमा ती सबै एकल र एउटै ईश्वरद्वारा पठाइएका हुनाले र यो अस्तित्वको सत्यता एउटै र नबदलिँदो भएको हुनाले तिनीहरुका सन्देशहरु मौलिक तवरले एउटै र समान थिए ।

कुरआन पढ्दा जो कोहीले सम्पूर्ण सन्देशवाहकहरुको आह्वानको मौलिक सिद्धान्तहरु हेर्न सक्छ । उनीहरुको सन्देश तलका तीनवटा विषयहरुका वरिपरि घुम्छः

(१) मानिसलाई ईश्वरतर्फ बोलाउनु, 'उनीबाहेक कोही उपासना योग्य छैन' स्पष्ट प्रमाणहरुका साथ बताउनु र उनीहरुलाई उनैतर्फ आत्मसमर्पण गर्न र सबै मिथ्या ईश्वरहरुलाई छोड्न अह्वाउनु । अल्लाहले भनेका छन्, 'हामीले प्रत्येक समुदायमा यसको लागि रसूल पठायौं,'केवल अल्लाहको उपासना गर तागूत (हरेक सीमा नाघेको) बाट टाढा रहने गर । अनि तिनीहरुमध्ये कोहीलाई अल्लाहले मार्गदर्शन गरे र कोहीमाथि पथभ्रष्टता सिद्ध भयो । धर्तीमा भ्रमण गर र हेर नकार्नेहरुको के परिणाम भयो ।' (कुरआन, १६ : ३६)

(२) हरेकभित्र नैसर्गिक तवरले रहेको ईश्वरीय खुशीप्राप्ति र आत्मीय शुद्धिकरणको एउटा विशेष मार्ग छ र हरेकलाई सोझो मार्ग देखाइएको छ । अल्लाहले भनेका छन्, 'हामीले तिमीहरु सबैकालागि एउटा धर्म विधान एवं कार्यप्रणाली तय गरेका छौं ।' (कुरआन, ५ : ४८) सम्पूर्ण सन्देष्टाहरुले सहज ऐनहरुसमाहित गरी एउटै मौलिक बाटो देखाए, जस्तो उपासनाको आदेश, बहुदेववाद, व्यभिचार, हत्या आदिको रोक्का । 'उनका विशेष अभ्यासहरुको कुनै पनि बुँदामा अलिकति पनि फरक छैन' यसको तात्पर्य होइन । सामान्यता उनका अभ्यासहरु एकनासै थिए तर ईश्वरले धेरै सन्देष्टाहरुलाई विशेष मानिसतर्फ विशिष्ट ऐनहरुकासाथ तिनको काल र क्षेत्रको लागि पठाएको थियो । यो अल्लाहको कृपा र बुद्धिमताको अंशमध्ये हो । तापनि तिनका अभ्यासका केही कुराहरुमा विविधताका बाबजुद तिनको मौलिक सन्देश वा तिनका बाटोका मौलिक स्वभावमा कुनै विभिन्नता छैन ।

(३) आज्ञापालन र अल्लाहको उपासनाको निधो गरेमा र यसको उल्टो अल्लाहको आज्ञापालन वा उपासनाको अस्वीकार गरेको अवस्थामा व्यक्तिगत भाग्य बताउनु । उक्त बुँदामा सन्देष्टाहरुले मानवजातिलाई मृत्युपछिको जीवनमा अन्तिम फैसला र अल्लाहको इनाम वा सजायबारे बताएका छन् । यी मामिलाहरुका तपसिल अल्लाहबाट जान्न सकिन्छ र सन्देष्टाहरुले यी कुराहरुलाई प्रष्ट नपारुञ्जेल अल्लाहले कहिले पनि कसैलाई सजाय दिएका छैनन् । यसप्रकार सबै सन्देशवाहकहरुले वास्तवमा आस्थालाई स्वीकार गर्न चाहनेहरुका लागि खुशीको खबर र यसलाई अस्वीकार गर्नेका लागि अशुभ अन्त्यको कडा चेतावनी दिएका छन् । अल्लाह भन्दछन्, 'र, हामीले रसूलहरुलाई केवल शुभ-सूचक एवम् सचेतक बनाएर पठाएका छौं । र, जसले इमान ल्याए र सुध्रे उनीहरुकोलागि न कुनै डर छ न उनीहरु चिन्तित नै हुनेछन् । र, जसले हाम्रा आयतहरुलाई मिथ्या ठहर गर्छन् तिनका अवज्ञाले गर्दा तिनीहरुमाथि प्रकोप लाइलाग्नेछन् ।' (कुरआन, ६ : ४८-४९)

उपरोक्त तीन मौलिक बुँदाहरुका वरिपरि नै सबै सन्देष्टाहरु घुमे । सन्देष्टाहरुले आ-आफ्ना सन्देश ओसार्नको लागि मरिहत्ते गरे, आफ्ना जिम्मेवारी निर्वाह गरे र सन्देशलाई स्पष्टसित ओसारे । तिनीहरुको आगमनको केही समयपछि बहाना वा निहुँको लागि कुनै घर छुटेन । सन्देष्टाहरुले आ-आफ्ना अभियान पूरा गरे र अब जिम्मेवारी मानिसमा आएको छ ।

## अघिल्ला ग्रन्थहरुमा सन्देष्टा मुहम्मदबारे भविष्य सूचना

'सम्पूर्ण सन्देष्टाहरुको मौलिक सन्देश एउटै थियो' भन्ने कुरा माथि उल्लिखित परिच्छेदले प्रमाणित गरिसकेको छ । सन्देष्टा मुहम्मदको आगमनबारे भविष्य सूचना विगतका सबै सन्देष्टाहरुले त होइन तर प्रायः ले गरेका थिए । यसको उदाहरण, अल्लाहले कुरआनमा भनेका छन्, 'जो निरक्षर ईशदूत, सन्देष्टा (मुहम्मद) को अनुसरण गर्छन्, जसलाई उनीहरु आफूसँग रहेको पुरानो तथा नयाँ बाइबलमा उल्लेख भएको पाउँछन्, जसले तिनीहरुलाई सुकर्मको आदेश दिन्छन् र कुकर्मबाट रोक्छन् र राम्रा वस्तुहरुलाई तिनीहरुको लागि वैध तथा नराम्रा वस्तुहरुलाई अवैध गर्छन् अनि तिनीहरुमाथि लादिएको भारीलाई झार्छन्, त्यस बन्धनलाई खोल्छन् जसमा तिनीहरु जकडिएका थिए । अतः जुन मानिसहरुले उनीमाथि आस्था राखे र

तिनको समर्थन तथा मद्दत गरे र उनीमाथि अवतरित प्रकाशको अनुसरण गरे, तिनीहरु नै सफलता प्राप्त गर्नेहरु हुन् ।' (कुरआन, ७ : १५७)

कुरआनका यी र अन्य श्लोकहरुको आधारमा 'यहूदी र क्रिश्चियनहरुसित बाँचेका मौलिक ग्रन्थमा सन्देष्टा मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) को आगमनबारे निश्चय नै केही प्रमाणहरु होलान्' भन्ने मुस्लिम विद्वानहरुले ठहर गरे । मुस्लिम विद्वानहरुका तर्कअनुसार वास्तवमा सन्देष्टा मुहम्मदतर्फ प्रत्यक्ष इंकित धेरै श्लोकहरु भेटाउन सकिन्छ । यसबारे धेरै पुस्तकहरु पनि लेखिएका छन् ।

छोटकरीमा उदाहरणको लागि एउटा जोडामाथि मात्र बहस गरिनेछ । उक्त परिच्छेदको पहिलो उदाहरण पुरानो बाइबलबाट लिन सकिन्छ । मोसेस भन्दछन्, प्रभु (ईश्वर) ले मसित भने, 'उनीहरु जे भनिएका छन्, राम्ररी भनिएका छन् । म उनीहरुतर्फ उनीकै दाजुभाईहरुमध्ये तिमी जस्तै एउटा सन्देष्टा पठाउनेछु र आफ्ना वाणीहरु उसको मुखमा राख्नेछु र म उसलाई जे आदेश दिनेछु उसले ती सबै उनीहरुको सामु भन्नेछ ।' (डियूट्रोनोमी, १८ : १७-१९, किंग जेम्स भर्सन) ।

पहिलो, ईस्राइलीहरुका दाजुभाईहरु को हुन् ? बाइबलको हिब्रो शब्दकोशका अनुसार 'ब्रदर्न' शब्द यस्तो जाति समूहको व्यक्तित्वतर्फ संकेत गर्छ जो ईस्राईलीहरुका नजिकका नातेदारहरु मानिएका थिए । (२२) उक्त स्वरुप इस्साकको आधा भाई र अब्राहामको छोरा इस्माइलबाट फैलिएको जाति समूहमा राम्ररी फिट हुन्छ । सम्पूर्ण अरबीहरु विशेषतः मुहम्मद इस्माइलबाट फैलिएका सन्तानहरु हुन् ।

दोस्रो, आउने सन्देष्टालाई 'तिमी जस्तै' बाट वर्णन गरिएको ब्याख्या मोसेस जस्तो हुनुको खबर हो । आजकल केही क्रिश्चियनहरु यस परिच्छेदलाई जेससतर्फ संकेत भएको भन्छन् जबकि क्रिश्चियनहरु जेससलाई सामान्यता सन्देष्टा मान्दैनन्, यो बिलकुल अमिल्दो रहेछ । जमाल नद्वीले 'मोसेस र मुहम्मद कति मिल्दा र जेसस उनीसँग कति अमिल्दा थिए' प्रमाणित गर्नको लागि एउटा टेबल बनाएका थिए । त्यसबाट प्रमाणित हुन्छ, 'जन्म, पारिवारिक जीवन, मृत्यू स्वभाव, जीवनचर्या, बलजफ्ती बसाईसराई, शत्रुहरुसँग संघर्षका परिणामहरु, शिक्षा, स्वभाव र तिनका आफ्ना मान्छेहरुद्वारा नेतृत्वको स्वीकारोक्ती आदिबारे मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) जेससभन्दा मोसेससित धेरै बढि मिल्दा थिए (ती सबैमाथि अल्लाहको कृपा र शान्ति होस्) ।' (२३)

उपरोक्त श्लोक यो भन्दै जारी रहन्छ, 'मेरा वाणीहरु उनको मुखमा राख्नेछु र जेसुकै म उनलाई आदेश दिनेछु ती सबै उनले उनीहरुसित भन्नेछन् ।' सन्देष्टा मुहम्मदको कुरआनसँग सम्बन्धबारे उक्त बर्णन झण्डै मिल्दोजुल्दो रहेको छ । वाणीहरु उनको मुखमा जिब्रईलको प्रत्यक्ष प्रकाशनाद्वारा उद्भाषित गरिएका थिए, मुहम्मदले जे उनीतर्फ प्रकाशना गरिएको थियो त्यसलाई जस्ताको त्यस्तै दोहऱ्याउनु भयो र त्यो प्रकाशनामा समाहित सबैबाट शासन गरे ।

नयाँ बाइबलमा जोनको गोस्फेलमा पछिल्लो परिच्छेद भेटाउन सक्छ, 'यदि तिमी मसित माया गर्छौ भने मेरा आदेशहरुलाई कार्यान्वयन गर र म पितासँग विन्ति गर्नेछु अनि उसले तिमीलाई अर्को पछ्यौरा दिनेछन् जो तिमीसँग सधैं रहन सक्नेछ' (जोन १४ : १५-१६) जोन १६ : ७-८ र जोन १६ : १२-१३ ले पनि एउटा आगामी पछ्यौरा र सत्यताको आत्मा आउनेबारे बोलेका छन्, जो जेससले बाँचुञ्जेल आउन सक्दैन ।

ईसापछि आउने र ईसाले बाँचुञ्जेल नआउने उनी को हुन् त ? क्रिश्चियनहरु उक्त वाणीहरुको व्याख्या पवित्र आत्माबाट गर्छन् । तर, ईसाई धर्मदर्शन अनुसार पिता, पुत्र र पवित्र आत्मा सबै त्रैत्यका हिस्सा र तीनै मिलेर एउटै हुन् । यदि मामिला यस्तो छ भने कसरी एउटा हाजिर छ र अर्को गायब ? यो ईसाई धर्मदर्शनसँग असाध्यै अमिल्दो छ । अझ बढि जोन १६ : १२-१३ को एउटा भागले यसरी उद्घृत गर्छ, 'उसले तिमीलाई पूर्णसत्यताको मार्ग देखाउनेछ, किनकि उसले आफ्नो मनले बोल्ने छैन, बरु जेसुकै उसले सुन्नेछ त्यही बोल्नेछ र उसले तिमीलाई आउने कुराहरुबारे बताउनेछ,' यी मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) को सुन्दर विवरण र उनले ईश्वरबाट कसरी प्रकाशना प्राप्त गरे र त्यसलाई ओसारेको बाहेक अरु केही होइन ।

श्लोकहरुको आउँदो र अन्तिम समूहको सन्दर्भमा लेखकको आस्थाले वस्तुतः यस टिप्पणीबाहेक अरु केही भन्न सक्दैनन्, 'एउटा महान ईशदूतको त्यसबेला पनि अपेक्षा गरिएको थियो', र यो जोनको लेखोट हो, 'जब यहूदीहरुले उनीसित तपाई को हुनुहुन्छ ? सोध्नको लागि पुरोहितलाई जेरुसेलमबाट पठाए र उनले स्वीकार गरे, अस्वीकार होइन बरु स्वीकार गरे, म ईसा होइन । र, उनले उनसित सोधे, अनि को हुनुहुन्छ त ? के तपाई इलियास हुनुहुन्छ त ? (२४) र उनले भने, होइन । के तपाई

ईशदूत हुनुहुन्छ ? र, उनले उत्तर दिए, होइन । (जोन १ : १९-२१, किंग जेम्स भर्सन) । जुन सन्देष्टाको अपेक्षा जोन र यहूदीहरु गरिराखेका थिए उनी को थिए त ?

यी संक्षिप्त उदाहरणहरु पर्याप्त हुनेछन् र रुचिकर पाठकहरुले गहन अध्ययन एवं खोज गर्न सक्छन् । जसरी ती चिन्हहरु सन्देष्टा मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) तर्फ संकेत गर्छन् भने जस्तोकि मुस्लिम विद्वानहरुको अवधारणा रहेको छ, उहाँबारे भविष्यवाणी गरेको सन्देष्टासित तिनीहरुको विश्वासले गर्दा तिनले संकेत गरेको सन्देष्टालाई सबैले पछ्याउनुपर्छ ।

## अन्तिम सन्देश

यति धेरै सन्देष्टाहरु पठाएपछि, अल्लाहले सन्देशवाहक मुहम्मदलाई पठाए । मुहम्मद, ईसा मसीहको जन्मभन्दा ५७० वर्ष पश्चात जन्मेका थिए । उनी अरबी प्रायद्वीपको मक्कामा जन्मेका थिए । मक्काका मानिसहरु मूर्तिपूजाका भक्त थिए । मक्कामा इब्राहिम र इस्माइल सन्देष्टाहरुद्वारा निर्माण गरिएको एउटा भवन थियो । कअ्बाको नामले जानिने यस ढाँचालाई साँचो ईश्वर अल्लाह मात्रको उपासनाको लागि समर्पण गरिएको थियो । अरबका बहुदेववादीहरुले यसलाई आफ्ना मूर्तिहरुबाट भरेका थिए । मुहम्मद उनीहरुमाझ रहे पनि कहिले पनि मूर्ति पूजामा भाग लिनु भएन । उनी आफ्नो इमानदारीमा प्रख्यात भएर इमानदारको उपनामबाट विभूषित भएका थिए ।

चालीस वर्षको उमेरमा मुहम्मदमाथि पहिलो प्रकाशना उद्भाषित भएको थियो । यो उनीसँगको पहिलो प्रारम्भ थियो अनि ईश्वरबाट आफ्नो भूमिका ग्रहण गरे । अरबी बहुदेववादीहरुले तत्कालै उनको सन्देश 'ईश्वरबाहेक कोही पूजनीय होइन'लाई अस्वीकार गरिदिए । उनी इमानदार चिनिए पनि तिनीहरुले उनलाई झुठो प्रमाणित गरिदिए र त्यसपछि चाँडै मुहम्मदका अनुयायीहरुलाई सताउनको लागि ठूलो अभियान प्रारम्भ गरियो । मक्कामा १३ सालसम्म धर्मोपदेश गरिराखेपछि मक्का छोडेर मदीना शहरमा बस्नको लागि सन्देष्टा स्वयम् जान (हिजरत गर्न) बाध्य भए, त्यहाँ पहिलादेखि उनका केही अनुयायीहरु थिए ।

मदिनाका बासिन्दाले उनलाई शहरको अगुवा बनाए । मक्काका अविश्वासीहरुले विर्सेनन् र नयाँ आस्थालाई समाप्त पार्नको लागि सैनिक कार्रवाही

गरे । तापनि मुस्लिमहरुको एउटा सानो समूह मौलायो र अविश्वासीहरुको आक्रमणको सामना गर्न योग्य भयो । १० वर्षको अवधिपछि सन्देष्टा स्वयम्ले मक्कातर्फ एउटा सेनाको नेतृत्व गरी विना रक्तपात मक्कामा विजय हासिल गरे । यसप्रकार इस्लाम अरबमा विजेता भएर संसारभरि फैलिन थाल्यो ।

सदियौँसम्म अल्लाहले असंख्य सन्देशवाहकहरु पठाए । तापनि उनले अन्तिम सन्देशकासाथ (कुरआन) यी अन्तिम सन्देष्टा (मुहम्मद) लाई पठाउन तय गरे । यिनी अन्तिम सन्देशवाहक आफ्नो कालदेखि कियामतको दिनसम्मका सम्पूर्ण मानवजातिका लागि सन्देशवाहक हुन् । त्यसपछि न कुनै प्रकाशना हुनेछ न यो प्रकाशनामा कुनै फेरबदलको लागि कुनै सन्देष्टा आउनेछन् । तसर्थ उनी पहिलाका सन्देष्टाहरुभन्दा केही हिसाबले फरक पनि छन् ।

पहिलो, कुनै गल्ती वा बङ्ग्याई सच्याउनको लागि पछि कोही सन्देष्टा नआउने हुनाले जुन प्रकाशना अन्तिम सन्देष्टाबाट प्राप्त गरियो त्यसलाई यसको पुरानो शुद्धतामा सुरक्षित गर्नु पर्दथ्यो ।

दोस्रो, अन्तिम सन्देष्टाको चिन्हको स्वभाव पनि फरक हुनुपर्दथ्यो किनकि यो चिन्ह सन्देशवाहकको कालमा रहेका मानिसमाथि मात्र प्रभाव पार्नको लागि थिएन बरु ती सबैमाथि पनि जो पछि आउनेवाला थिए ।

तेस्रो, यिनी अन्तिम सन्देष्टा मानवजातिमध्ये कुनै एक समुदायको लागि पठाइएका थिएनन्, नत्र हरेक समुदाय आ-आफ्ना निजी अन्तिम सन्देष्टा राख्ने हुन्थे, त्यसपछि एकअर्कामा भिन्नता हुन्थ्यो । उनी (अन्तिम सन्देष्टा) सन्देशवाहकहरुको आगमनको अन्त्य गर्ने र समग्र जगतको लागि उपयुक्त हुन सम्पूर्ण मानवजातिको लागि पठाइनु पर्थ्यो ।

चौथो, फैसलाको दिनसम्मका सम्पूर्ण मानवजातिको लागि यस सन्देशका ऐन र शिक्षाहरु स्थिर हुन आवश्यक भएका मामिलाहरुमा स्थिर हुनुपर्थे र निर्देशनहरु मानवजातिको बदलिँदो परिस्थिति अनुसार बदलाउको लागि खुला हुनुपर्थ्यो ।

यी सबै कुराहरु सबैले देख्न सक्छन्, ‘सन्देष्टा मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) को सन्देशमा ठ्याक्कै मिल्छन् । कुरआन र सुन्नह (हदीस) को

सुरक्षाको विषय पहिला नै बहस गरिसकिएको छ । त्यसैगरी आज पनि अनुभव गर्न सकिने उनको 'चिन्ह' अन्तिम चमत्कार, कुरआनको स्वभावमाथि पनि अघि बहस गरिसकिएको छ ।

तेस्रो मामिलाको रुपमा सन्देष्टा मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) केही विशिष्ट मानिसको लागि पठाइएका थिएनन् बरु 'उनी संसारभरिका सबै मानिसको लागि पठाइएका थिए' उद्घोष गर्ने उनी एकमात्रै थिए । अल्लाह भन्दछन्, 'भनिदेऊ हे मनुष्य हो ! म तिमीहरु सबैतर्फ अल्लाहद्वारा पठाइएको रसूल हुँ ।' ( कुरआन, ७ : १५८)

अर्को श्लोकमा भनिएको छ, 'र, (हे मुहम्मद !) हामीले तिमीलाई सम्पूर्ण मानवजातिकोलागि शुभ-सन्देशवाहक तथा सचेतकको रुपमा पठाएका छौं ।' ( कुरआन, ३४ : २८)

सन्देष्टा मुहम्मदले पनि बयान गर्नु भएको छ, 'उनी पहिलाका सन्देष्टाहरुभन्दा पाँचवटा मामिलाहरुमा पृथक थिए । उनले जनाएका तीमध्ये अन्तिम, 'अर्का दूतहरु आफ्ना मानिसको लागि मात्र पठाइन्थे जबकि म सम्पूर्ण मानवजातिको लागि पठाइएको छु ।' (२५)

अन्ततः सन्देष्टा मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) बाट जारी गरिएको ऐन जोकोहीले पढ्दा यसमा 'झुकाउन वा मोड्न सकिने र मुहम्मदको कालमा अभ्यास गरेझैं आज पनि अभ्यास गर्न सकिने तत्वहरु छन्, भन्ने कुरा पाइन्छ । जुन अनन्तसम्मका लागि स्थिर हुनुपर्ने आवश्यक थियो, त्यो इस्लामी ऐनमा स्थिर रहेको छ । जुन झुकाउन वा मोड्नको लागि खुला छोड्नुपर्दथ्यो, त्यो खुला छोडिएको छ । उदाहरणको लागि व्यवसायिक मामिलाहरुमा व्याज सधैंका लागि निषेध गरिएको छ तर त्यससँग सामान्य पथप्रदर्शक रेखाहरु दिएका छन्, त्यसअनुसार आजको आधुनिक युगझैं व्यवसायिक मामिलाका नयाँ विधिहरु विकसित भएपछि कसैले इस्लामी पथप्रदर्शन अनुसार स्वीकार गर्न योग्य वा अयोग्य तय गर्न सक्छ । यसप्रकार इस्लामी कानून १४ सय वर्षसम्म सम्भाव्य रह्यो र 'फैसलाको दिन (महाप्रलय) आउञ्जेल लगातार सम्भाव्य रहनेछ,' भन्ने प्रमाणित भइसकेको छ ।

अल्लाहको आदेश अनुसार उनी सन्देष्टा मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) उनका अन्तिम सन्देशवाहक हुन् । अल्लाहले भनेका छन्, 'मुहम्मद तिमीहरुमध्ये कुनै पुरुषका पिता होइनन् बरु उनी अल्लाहका रसूल एवं नबीहरुका समापक (अन्तिम नबी-सन्देष्टा) हुन् । र, अल्लाह नै प्रत्येक वस्तुका ज्ञाता हुन् ।' ( कुरआन, ३३ : ४०)

सन्देष्टा मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) ले पनि भनेका छन्, 'म सम्पूर्ण सृष्टिसमक्ष पठाइएको हुँ र सन्देष्टाहरुको आगमन मबाट बन्द गरिएको छ ।' (२६) पुनः उनी भन्दछन्, 'ईस्राईलका सन्तानहरु तिनका सन्देष्टाहरुमार्फत नेतृत्व गरिएका थिए, एउटा सन्देष्टाको देहान्त भएपछि अर्को सन्देष्टाले उनको स्थान लिने गर्दथ्यो, तर अब मपछि यहाँ कोही सन्देष्टा आउनेछैन ।' (२७)

यसप्रकार अन्त्यमा मुहम्मद आए र 'उनी अन्तिम सन्देष्टा हुन्,' भन्ने प्रष्ट पारे । उनी पश्चात् कोही पनि सन्देष्टा आउनेवाला छैन । उनको सन्देशको सत्यता र उनको इमानदारी राम्ररी कायम भएको छ । उनमा विश्वास कायम गरेपछि वा कुरआनलाई सत्य ठानेपछि त्यसरी नै उनको अनन्ततालाई पनि मान्नुपर्छ ।

साथै सन्देष्टा मुहम्मदलाई अस्वीकार गरी अर्का सन्देष्टाहरुलाई स्वीकार्ने अधिकार कसैलाई छैन । 'मुहम्मद साँचो त थिए तर म उनको सट्टा मोसेस वा जेससलाई पछ्याउनको लागि चयन गर्छु,'को अधिकार कसैलाई छैन । अल्लाहनिर यो मान्य हुनुको कसैले अपेक्षा गर्नु हुँदैन, यौक्तिक कुरो यही हो । अल्लाहले अघिल्ला सन्देष्टाहरुमध्ये बाँकिरहेका शिक्षाहरुलाई बदर गरी आफ्ना अन्तिम सन्देशवाहकमा विश्वास र पछ्याउनको लागि मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) लाई पठाएका हुन् । कुरआनमा अल्लाहले यस कुरालाई यसरी बयान गरेका छन्, 'र, जब अल्लाहद्वारा अवतरित ग्रन्थमाथि इमान ल्याउन भनिन्छ तब तिनीहरु भन्छन्, हामी त त्यसै किताबमाथि विश्वास राख्छौं जुन हामीमाथि अवतरित भएको छ । तिनीहरु त्यसबाहेक अन्य (ग्रन्थ) लाई मान्दैनन् जबकि यो (कुरआन) पूर्णरुपमा सत्य हो । यसले तिनीहरुकहाँ पहिलेदेखि विद्यमान ग्रन्थहरुको पुष्टि गर्दछ ।' (कुरआन, २ : ९१)

सन्देष्टाले भनेका छन्, 'त्यस ईश्वरको कसम जसको हातमा मेरो प्राण छ, म बारे थाह पाएका मानिसहरुमध्ये यहूदी वा ईसाई जोकोहीले मेरोबारेमा सुन्यो अनि ममा अवतरित भएका सन्देशमा विश्वास नगरी मरिहाल्यो ऊ अवश्य नरकवासी हुनेछ ।' (२८) सन्देष्टाले आफ्ना एकजना साथीलाई पनि बताउनुभयो, 'मेरो दाजु मोसेस आज जिउँदो भएको भए उनलाई मेरो अनुसरणबाहेक अन्य अधिकार हुँदैनथ्यो ।' (२९)

छोटकरीमा सन्देष्टा मुहम्मदतर्फ संकेत गर्ने चिन्हरु स्पष्ट रुपमा सामुन्ने छन्। मुहम्मदको आफ्नो इमानदारी अप्रश्नीय रहेको छ । उनको ग्रन्थको सुरक्षा कायमै छ। सबै सूचक चिन्हहरु उनलाई सन्देष्टा हुनेतर्फ संकेत गरिरहेका छन् । सन्देशवाहक हुनाले उनका वाणीहरुमा अवश्य विश्वास गर्नुपर्छ । यसैले उनले आफूलाई अन्तिम सन्देष्टा घोषणा गरेका हुन् र 'सम्पूर्ण मानवजातिले अनुसरणका लागि अब उनलाई नै रोज्नुपर्छ', भनी भनेका छन् । मानवजातिमध्ये हरेकलाई यसै रोजाईको सामना गर्नु पर्दछ तथा 'उनी ठीक र युक्तिसँगत निधो गर्नेछन्, भन्ने अपेक्षा पनि गरिएको छ।

## इस्लाम र आस्था

## इस्लामको परिभाषा

इस्लाम शब्द क्रियाबाट आएको हो जसको अर्थ हुन्छ, 'उसले त्याग्यो वा आत्मसमर्पण गऱ्यो ।' (३०) यसर्थ इस्लाम आत्मसमर्पण वा आफूलाई त्याग्नुको कार्य वा विधि हो । यसैले मुस्लिम त्यो हो जो समर्पित हुन्छ ।

पारिभाषिक हिसाबले इस्लाम शब्दको कम्तीमा दुईवटा व्याख्या प्रयोग गरिएका छन्, (१) एउटा परिभाषा यो हो, जुन ईश्वरको सत्य धर्मको लागि मानिसको सृष्टिदेखि प्रयोग हुँदै आएको छ र (२) एउटा परिभाषा यो हो, जुन अहिले अन्तिम सन्देष्टा मुहम्मदबाट ल्याइएको धर्मको लागि प्रयोग भइरहेको छ ।

## इस्लामः सबै सन्देष्टाहरुको धर्म

धार्मिक दर्शनमा इस्लामलाई 'एक्लो ईश्वरप्रति सत्य समर्पण र आज्ञापालन' को अर्थमा प्रयोग गरिन्छ । साथै यस हिसाबले ईश्वरका सबै साँचो सन्देष्टाहरुको धर्म पनि यही नै थियो । यथार्थमा तिनका सबै अनुयायीहरुको धर्म पनि यही थियो ।

अर्को शब्दमा आदमको समयदेखि पृथ्वीमाथि अन्तिम आस्थावान रहेसम्म हरेक सत्य आस्थावानले इस्लामकै अभ्यास गर्दछ र ऊ एउटा मुस्लिम हो । अभ्र यसै धर्मकोसधैंभरि पालना गर्ने अल्लाहले आदेश दिएका छन् । तसर्थ जहिले पनि अल्लाहनिर स्वीकार्य रहेको एकमात्र धर्म इस्लाम नै हो । अल्लाहले भनेका छन्, 'अल्लाहको दृष्टिमा इस्लाम मात्र स्वीकार्य दीन (धर्म) हो ।' (कुरआन, ३ : १९) अल्लाह अगाडि भन्दछन्, 'र, जसले इस्लामबाहेक अन्य कुनै धर्म ग्रहण गर्न खोज्छ उसको धर्म कदापि स्वीकार्य हुनेछैन र ऊ आखिरतमा घाटा बेहोर्नेहरुमध्ये हुनेछ ।' ( कुरआन, ३ : ८५)

'सबै सन्देष्टाहरुको अभ्यास र धर्म इस्लाम नै थियो' भन्ने अल्लाहले कुरआनभरि स्पष्ट पारेका छन् । उदाहरणको लागि अल्लाहले नूहबाट मानिससामु आस्थाको सन्दर्भमा उनको भनाई स्पष्ट पार्दै यसरीउद्घृत गरेका छन्, 'तर यदि तिमीहरु विमुख हुन्छौ भने म तिमीहरुसित कुनै प्रतिदान त मागेको छैन । मेरो प्रतिदान त केवल अल्लाहकहाँ रहेको छ र मलाई आज्ञाकारीहरुमध्ये बन्ने हुकुम भएको छ ।' (कुरआन, १० : ७२)

इब्राहीम पनि एक मुस्लिम थिए । इब्राहीमलाई पशिचमामा प्रायः 'एकैश्वरवादको पिता' भनेर सम्बोधन गरिन्छ । निःसन्देह इब्राहीम एक पवित्र एकैश्वरवादी र ईश्वरप्रति यथार्थ समर्पण गर्नेवाला थिए । (उनी एउटा साँचो मुस्लिम थिए) तापनि उनी कुनै हिसाबले पनि एकैश्वरवादको जन्मदाता भने थिएनन् । एकैश्वरवाद आदमको पनि धर्म थियो तथा आदम र इब्राहीमबीच नूह जस्तै सबै सत्य आस्थावानहरुको पनि धर्म थियो । ईश्वर वा अल्लाहलाई मात्र मान्नु र उनीतिर नै समर्पण गर्नु ईश्वरको साँचो धर्मको खम्बा रहेको छ ।

मोसेस पनि एउटा मुस्लिम नै थिए, उनी पनि अल्लाहबाट प्रकाशना पाउने गर्थे, अल्लाहतर्फ नै पूर्णतया समर्पित थिए र आफ्ना मानिसलाई पनि त्यस्तै गर्ने आदेश दिन्थे । मोसेसले भविष्यमा आफू जस्तै एउटा सन्देष्टा आउने कुरालाई कहिले पनि अस्वीकार गरेका थिएनन्, ईशा मसिहले पनि मोसेस जस्तै कार्य गरे ।

इस्लाम धर्मलाई अपनाउने वा एक्लो अल्लाहतिर समर्पण गर्ने ईशा मसिह अल्लाहका अर्को सन्देष्टा थिए । उनले पनि इस्लाम धर्म आफ्ना अनुयायीहरुलाई सिकाए । ईशा मसिह सबै सन्देष्टाहरुझैं मानव नै थिए, आफू ईश्वर भएको वा अर्ध-

ईश्वर भएको कहिले पनि दाबी गरेनन् । वस्तुतः 'ईशा मसिहले कसैसित कहिले पनि आफ्नो उपासना गर्न भनेनन्' भन्ने कुरा अल्लाहले कुरआनमा स्पष्ट पारेका छन् । ( हेर्नुस कुरआन ५ : ११६-११८)

यसप्रकार इस्लामको भ्रातृत्व र साँचो आस्थाको बन्धनले आदमदेखि अन्त्यसम्मका सबै इलाका र मानिसलाई वारपार गर्दै सबैलाई यसै मार्गमा समाहित गर्दछ । सत्य आस्थावानहरु एक अर्कासँग माया गर्छन् र एक अर्कालाई सघाउँछन् । यो साँच्चिकै एउटा शुभ र बेजोड भ्रातृत्वको नमुना हो ।

विशेषतः हरेक युगका साँचा मुस्लिमहरु सबै सन्देष्टाहरुमा विश्वास राख्छन् । उनीहरु ती सबैलाई समर्थन गर्छन् र तिनको इज्जतको बचाऊ पनि गर्छन् । वास्तवमा आजकल सन्देष्टाहरुको इज्जत बचाउने जिम्मेवारी विशेषतः सन्देष्टा मुहम्मदका अनुयायीहरुको काँधमा आइपरेको छ । अन्य धर्मका मानिसहरु तिनले अस्वीकार गरेका सन्देष्टाबारे अपशब्द प्रयोग गर्दा मात्र होइन बरु तिनीहरुका आफ्नै सन्देष्टाहरुबारे पनि अपशब्द प्रयोग गर्दा वा खिल्ली उडाइंदा दुःखी देखिदैनन् । आज मुहम्मदका अनुयायीहरु मात्रै ती कुलीन र आस्थावान सन्देष्टाहरुको इज्जत बचाउको लागि उभ्छन् र बचाऊ पनि गर्दछन् । कसैले कहिले पनि कुनै धार्मिक मुस्लिमलाई इब्राहीम, इस्हाक, मुसा, ईशा वा अन्य कुनै सन्देष्टाबारे अपशब्द गर्दै सुनेको छैन । बरु मुस्लिमहरु ती सबैका सन्देष्टाहरुको आदर-सम्मान गर्छन् र तिनीहरुको हक अधिकार योग्य विधिमा उनी सबैलाई माया गर्दछन् ।

## इस्लामः सन्देष्टा मुहम्मदको धर्म

सन्देष्टा मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) को समयभन्दा अघि त्यहाँ धेरै धर्महरु प्रचलनमा थिए भन्न सकिन्छ किनकि हरेक समुदायका आ-आफ्ना सन्देष्टाहरु थिए । जसका शिक्षाहरुलाई उनीहरुले पछ्याउने गर्थे र इस्लामकै बाटोमा हुन्थे । यसैबेला सन्देष्टाहरुको त्यस्तै सिलसिलामा एउटा नयाँ सन्देष्टा उनीहरुतर्फ आएको भए त्यो नयाँ सन्देष्टालाई पछ्याउनुबाहेक तिनीहरुको अर्को कुनै अधिकार हुने थिएन । पहिला बहस गरे अनुसार 'जसले अल्लाहको पछिल्लो सन्देष्टालाई मान्नु अस्वीकार गर्छ' ऊ अल्लाहतर्फ साँच्चिकै समर्पित छैन र अल्लाहतर्फ साँच्चिकै  समर्पित न भएकाले ऊ मुस्लिम हुन सक्दैन ।

तसर्थ सन्देशवाहक मुहम्मदको समयदेखि (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्)अल्लाहप्रति समर्पण र उपासनाको एउटै स्वीकारयुक्त विधि अर्थात् सन्देशवाहक मुहम्मदको मार्ग रहेको छ । आजकल अल्लाहको इच्छाप्रति साँच्चिकै आत्मसमर्पण गर्न सकिने यही एकमात्र मार्ग हो । जसले जानीजानी सन्देशवाहक मुहम्मद ( उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) लाई अस्वीकार गर्छ, ऊ अन्य जति सन्देष्टाहरुमाथि विश्वास राखे पनि अल्लाहप्रति समर्पित र मुस्लिम हुन सक्दैन ।

'अल्लाहप्रति समर्पण' वा इस्लामको नाम पाएको एक्लो धर्म मुहम्मद ( उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) को धर्म हो' उल्लेख गर्नु रुचिपूर्वक हुन्छ । अन्य प्रख्यात धर्महरु व्यक्ति विशेष, मानिस वा स्थानहरुको नाममा प्रचलनमा रहेका छन् । माइक्रोसफ्ट इन्कार्टा अनुसार यहुदीको परिभाषा अहिलेको हिब्रो अघि पनि भेटिएको छैन । यो यहुदाको नामसित जोडिएको छ । ईशाइ नाम निसन्देह ईशापछि आएको हो र बुद्ध धर्मको नाम बुद्धपछि आएको हो । हिन्दुमतको नाम हिन्दुस्तान स्थानसित जोडिएको छ । तर, अल्लाहको बुद्धिमत्ता र दयाले गर्दा अल्लाहप्रति समर्पणको एकमात्र साँचो धर्मको नाम (जुन सबै सन्देष्टाहरुको धर्म हो) सम्पूर्ण मानवजातिका लागि पठाइएका अन्तिम सन्देष्टाको उद्देश्यसँग मात्रै राखिएको र सुरक्षित गरिएको छ ।

समग्रमा अहिले इस्लाम र योभन्दा पहिलाका सबै सन्देष्टाहरुको पद्धति पाउन एकमात्र उपाय सन्देशवाहक मुहम्मदलाई अनुसरण गर्नु हो । मुसाको बारेमा सन्देशवाहकले भनेका छन्, 'मेरो दाजु मुसा आज जीवित भएको भए उनलाई मेरो अनुयायी हुनुबाहेक अर्को कुनै उपाय हुँदैनथ्यो ।' (३१)

सन्देशवाहक मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) को पद्धतिलाई अपनाउनुको निम्ति हरेकको लागि खुला गरिएको छ । एउटा सुन्दर बयानमा सन्देशवाहकले सम्पूर्ण मानवजातितर्फ आफ्नो आह्वानको स्वभाउको एउटा रहस्यमयी व्याख्या गरेका छन् । 'उनले सुतिरहेको अवस्थामा केही स्वर्गदूतहरु उनीनिर आए, सन्देष्टासँग ती स्वर्गदूतहरुले भने, 'उनी सुतिरहेछन् त्यसैले उनलाई छाडि देऔं)' अर्काले जवाफ दिए, 'यिनका आँखा निदाईरहेका छन् तर दिल जागरुक छ ।' उनीहरुले भने, 'हो, तिम्रा साथी त्यस्तै छ' र उनीहरुले समान प्रस्ताव गरे । उनीहरुले भने, 'यसको उदाहरण यस्तो मान्छे जस्तो हो जसले एउटा भवन बनाउँछ,

त्यसमा खानेपिउने सामग्रीबाट भरिपूर्ण एउटा ठूलो टेबुल लगाउँछ र अरु मानिसहरुलाई त्यसतर्फ डाक्छ । जो उसको निम्तो स्वीकार्छन्, घरभित्र पस्छन् र बिछ्याइएको मेचबाट खान्छन् । जो उसको निम्तो स्वाकार्दैनन्, उनी न त घरभित्र पस्छन् न बिछ्याइएको मेचबाट खान्छन् ।' केही स्वर्गदूतले भने, 'यसलाई यसको अर्थ बताऊ ।' अर्काले उत्तर दिए, 'यो सुतिरहेछ' ती अर्काबाट जवाफ आयो, 'यसका आँखा सुतिरहेछन् तर यसको दिल जागरुक छ ।' तसर्थ उनले रहस्यको व्याख्या गर्दै भने, 'त्यो भवन स्वर्ग हो र डाक्ने मान्छे मुहम्मद हुन् (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) । त्यसैले मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) को आज्ञापालन यथार्थमा अल्लाहको आज्ञापालन हो । जो कोही मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) को अवज्ञा गर्छ ऊ वास्तवमा अल्लाहको अवज्ञा गर्छ । र मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) मानवजातिलाई मुक्ति दिलाउने हुन् ।' (३२)

अब त्यस निमन्त्रणाको उद्घोष भइसकेको छ र हरेकले उक्त निमन्त्रणालाई स्वीकार वा अस्वीकार गरी आफ्नो निर्णयको परिणाम अवश्य भोग्नु पर्नेछ ।

## आस्थाबारे इस्लामी धारणा

अल्लाहप्रति वाह्य समर्पणकासाथै दिलमा पनि अवश्य विश्वास राख्नुपर्छ । आस्थासित सम्बन्धित प्रश्न केमा सम्भावित विश्वास राख्नु पर्ने हो वा अर्को परिभाषामा आस्थाका विषयहरु के के हुन् ? सन्देशवाहकले एकचोटि आस्थाको व्याख्या यसरी गरेका छन्, 'यो अल्लाहलगायत उनका स्वर्गदूतहरुमा, उनका किताबहरुमा, उनका सन्देष्टाहरुमा, अन्तिम दिनमा, राम्रो र नराम्रो दुबै ईश्वरीय आदेशमा विश्वास गर्नु हो ।' यहाँ सन्देशवाहकले आस्थाका प्राथमिक धाराहरुतर्फ औंल्याएका छन् । ती धाराहरु गन्तिमा देहाय बमोजिम ६ वटा छन्,

(१) अल्लाहमा विश्वास, इस्लामी आस्थाको महत्वपूर्ण खम्बा हो । आस्थाको यो विषय यो किताबभरि स्पष्ट पारिएको छ र त्यसैले यहाँ पुनः विस्तारको आवश्यकता छैन ।

(२) स्वर्गदूतहरुमा विश्वास, स्वर्गदूतहरु अल्लाहको सृष्टिका एउटा किसिम हुन् जो सामान्यतया मान्छेबाट देखिंदैनन् । उनीहरु प्रकाशबाट सृष्टि गरिएका छन्, तर

उनीहरुको रुप र शरीर हुन्छ । उनीहरु अल्लाहका सेवक हुन् र उनीभित्र कुनै प्रकारको ईश्वरीय भाव हुँदैन । उनी उनको पूर्णतया आज्ञापालन गर्छन् र उनको आदेशको कार्यान्वयनबाट कहिले पनि अलमल गर्दैनन् । 'मानवजातिको अनुभवी क्षेत्रभन्दा पर केही अस्तित्वहरु पनि रहेका छन् भन्ने यथार्थमा आघात न लाग्नुपर्छ किनकि आज पनि यस पृथ्वीमाथि मानिसले पहिला नजानिएका प्राणी विशेषहरु भेटाइरहेका छन् ।

(३) अल्लाहबाट प्रकाशना गरिएका किताबहरुमा विश्वास, अल्लाहका किताबहरुमा विश्वासले अल्लाहले आफ्ना सन्देशवाहकहरुतर्फ आफ्नो कृपा र पथप्रदर्शनको लागि मानवजातिलाई यस जीवनमा सफलता र यसपछिको जीवनमा सुख प्राप्तिको लागि तान्ने अल्लाहका प्रकाशनातर्फ औंल्याउँछ । कुरआन यस्ता किताबहरुको एउटा संख्यातर्फ संकेत गर्छ, इब्राहीमका मुठा आकारका पुस्तकहरु, मोसेसको तौरात, डैविडका भजनावली र जेसेसका शुभ-समाचारहरु । ( 'सन्देशवाहकहरुले प्राप्त गरेका मौलिक प्रकाशनाहरुको नामले जानिने आजका किताबहरु हुबहु त्यस्ता छैनन्' अवश्य सम्झना राख्नुपर्छ । (त्यसलाई ठीकसँग सुरक्षित गरिएको थिएन) ग्रन्थहरुबारे विश्वासमा कुरआन अन्तिम प्रकाशना हुने विश्वास पनि सम्मिलित रहेको छ । 'अल्लाहले प्रकाशना गरेका कुनै लाई विश्वास र अन्यलाई अस्वीकार गर्नुमा आफ्नो अधिकार बताउनु मान्छेको लागि ठूलो हठ वा अविश्वासको एउटा किसिम मानिएको छ' भन्ने बुझ्नु धेरै महत्वपूर्ण रहेको छ । अल्लाहले भनेका छन्, 'के तिमीहरु ईशग्रन्थका केही अंशमाथि आस्था राख्दछौ अनि केही अंशप्रति कुफ्र (अनास्था प्रदर्शन) गर्छौ ? तिमीहरुमध्ये जसले यस्तो गर्छ उसकालागि यसबाहेक अरु के सजाय हुन सक्छ कि सांसारिक जीवनमा त्यो अपमानित होस् र महाप्रलयको दिन अत्यन्त कठोर यातनातर्फ हुत्याइयोस् ? र, अल्लाह तिमीहरुले गर्ने गरेका कार्यहरुबाट अनभिज्ञ छैनन् ।' (कुरआन, २ : ८५)

(४) सन्देष्टाहरुमाथि विश्वास, यो विचार पनि पहिला नै विस्तारसँग बहस गरिसकिएको छ र त्यसैले यसको यहाँ अझै व्याख्या गर्नुपर्ने खाँचो देखिँदैन ।

(५) अन्तिम दिन र आखिरतमा विश्वास, त्यसपछि अर्को दिन नहुनुलाई 'अन्तिम दिन' भनिएको छ । त्यसपछि स्वर्गका मानिस आफ्नो आवासमा र नरकका मानिस आफना आवासमा हुनेछन् । त्यसको अर्को नाम पनि छ जस्तै 'मरोणोत्तर

जीवन' 'न्यायको दिन' । मानिसले पार गर्ने त्यो सबभन्दा ठूलो दिन होला । वास्तवमा त्यो सबभन्दा गम्भीर र भयानक दिन हुनेछ । त्यसदिन मान्छेको नयाँ जिन्दगी निर्धारित गरिनेछ । त्यसले हरेक प्राणीको लागि एउटा नयाँ सुरुवात प्रतीत गर्नेछ । उक्त नयाँ खुड्किलोले यात अनन्त परम् सुख प्राप्त गर्नेछ वा नरकदण्डतर्फ डोऱ्याउनेछ । अन्तिम दिनको विश्वासले कुरआन वा मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) ले त्यसदिन वा त्यसपछिका दिनहरुबारे जिकिर गरेका हरेक कुराको विश्वासलाई जनाउँछ । त्यहाँ केही आमरुपहरु (मरोणोत्तर जीवन, फैसला, इनाम, स्वर्ग र नरक) छन् तथा कुरआन वा अल्लाहका सन्देशवाहक (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) बाट जिकिर गरिएका अन्य विस्तृत रुपहरु पनि छन् । अझ अगाडि त्यसदिन र त्यसको सेरोफेरोका घटनाहरुबारे ज्ञान भएपछि यसले मान्छेमाथि ठूलो असर पार्नेछ । तसर्थ कुरआन र सुन्नतले त्यस दिन र त्यसबेलाका घटनाहरुबारे धेरै विस्तृत कुराहरु उपलब्ध गराउँछन् ।

'स्वर्ग वा नरकमा हुने बारे किटानकासाथ भन्न सकिन्न' भन्ने बुझ्न महत्वपूर्ण हुन्छ । (३३) 'को सँग के हुनेछ भन्ने कसैलाई थाह छैन । आजको एउटा सच्चरित्र मान्छे बदल्न सक्छ र भोलि आफूलाई नरकतर्फ डोऱ्याउँदै दुष्ट हुन सक्छ । इस्लामको सबभन्दा ठूलो दुश्मन र अविश्वासी भविष्यमा पछुतो गर्न सक्छ र आफूलाई स्वर्गतर्फ डोऱ्याउँदै सबभन्दा बढि धार्मिक हुन सक्छ । पक्कै केही यस्ता मानिसहरु पनि छन् जो कहिले पनि इस्लामबारे सुन्न चाहँदैनन् वा इस्लामको धेरै असत्य चित्र मात्रै देखाइएका हुन्छन् । 'यसपछिको जीवनमा यस्ता मानिसहरुसित के व्यवहार गरिनेछ, अल्लाहलाई मात्रै थाह छ । तापनि केही कुराहरु निश्चित छन्, जस्तै अल्लाह एक्लै त्यस दिनको निर्णायक हुनेछ, अल्लाहले कसैसँग पनि कण बराबर पनि अन्याय गर्नेछैन र कोही साँचो मुस्लिम र विश्वासकर्ता भएमा अल्लाह उससित खुशी हुनेछ ।

(६) ईश्वरीय आदेशमा विश्वास राख्नु, 'यसको अर्थ, 'यस सृष्टिमा कुनै घटना अल्लाहको अनुमति र इच्छा बिना घट्न सक्दैन' भन्ने यथार्थमा विश्वास राख्नु हो । उनको इच्छाविरुद्ध जान कसैमा सामर्थ छैन । सबै कुराहरु उनको नियन्त्रणमा रहेका छन् । 'तापनि यसको अर्थ, इस्लाम भाग्यवादी हो भन्ने होइन । मानिसलाई एउटा किसिमको स्वतन्त्र इच्छा दिएको छ । 'जसरी पनि मानिसले आइन्दा जे गर्नेछन्' अल्लाह आफ्नो पूर्ण ज्ञानले त्यसलाई पहिलादेखि नै जान्दछ । 'उनीहरु जे पनि गर्न

इच्छुक छन्, उसलाई थाह छ र उसले पनि त्यसलाई चाहन्छ र त्यसको आज्ञा दिन्छ तर ऊ तिनीहरुबाट आफ्नो जीवन चयनको कारण होइन ।

इस्लामी आस्थाका उपरोक्त यी पाँच आधारभूत विषयवस्तुहरु हुन् । यहाँ आस्थासित सम्बन्धित एउटा दोस्रो महत्वपूर्ण विषय 'आस्था'को वास्तविक अर्थ र तात्पर्य के हो ? भन्ने विषय पनि रहेको छ । पहिलो, आस्था अर्थात् कोहीमा साँचो र स्थिर विश्वासले त्यसको आज्ञापालनतर्फ डोऱ्याउनुपर्छ । अन्यथा त्यो कुनै तथ्यको एउटा मान्यता मात्र हुनेछ र आस्थाबारे  इस्लामको उक्त विचार होइन ।

मान्छेका आस्थाहरु उसको अस्तित्वका सबभन्दा महत्वपूर्ण रुप हुन् । त्यही उसको जीवनशैली र व्यक्तिगत छनौट पछाडि कारक शक्ति हुने गर्छन् । साँचो र प्रभावशाली विश्वासहरु एउटा कल्पित सतहसम्म मात्र पुग्दैनन् बरु तिनीहरुको प्रभाव दिनानुदिन व्यवहारिक सतहमा देखापर्छ । अर्को शब्दमा कसैका कर्महरुमाथि कुनै दरिलो असर नराखी त्यहाँ कुनै साँचो आस्था नै हुँदैन । 'म आफ्नो दिलमा विश्वास राख्छु' कसैले दाबी गरेपछि त्यसैबेला उसले आफ्नो विश्वासको दाबीअनुरुप कर्महरु नगरिकन उसको दाबी सही हुँदैन । त्यस्तो मान्छेका कर्महरु उसको आफ्नो दिलमा भएको आस्थाको दाबीलाई असत्य प्रमाणित गरिदिन्छन् । यसप्रकार इस्लामी दर्शन अनुसार दिलमा साँचो आस्थाले कर्महरुबाट ईश्वरको आज्ञापालनको चाहना गर्छ ।

## इस्लाममा उपासनाका नियमित कर्महरु

## उपासनाको परिधि

उपासनाको इस्लामी परिभाषा अनुसार पालनकर्ताको अनिच्छापूर्ण मातहती भन्ने अर्थ हुन्छ । ईश्वरको उपासना एकमात्र उद्देश्य हो जसको लागि वास्तवमा सम्पूर्ण मानवजातिको सृष्टि गरिएको छ । यथार्थमा जहिले पनि कोही सर्वश्रेष्ठ र सर्वमहान ईश्वरको साँचो सेवा र उपासनाबाट नै हुन सक्छ ।

अल्मिक्रीजी लेख्छन्, 'उपासनाको स्वरुपमा चारवटा कुराहरु पर्दछन्,

'उपासना' नियमित वा धार्मिक वा आध्यात्मिक ठानेका कर्महरुमा सीमित छैन। सकेसम्म अल्लाहको एउटा पूर्णसेवक बन्नु उसको उद्देश्य हुनुपर्छ । अनिच्छापूर्ण मातहतीको सही धारणा धेरै व्यापक छ । उपासना वा इबादतको धारणामा अल्लाहले मन पराउने र मञ्जुरी दिने आन्तरिक वा बाह्य हरेक भनाई वा गराई शामेल छन् । तसर्थ उपासना मान्छेको हरेक भागमा मिसिएको हुनुपर्छ । यसले उसभित्र विशिष्ट गुणहरुलाई  बाह्य कर्महरु जस्तै छुनुपर्छ ।

छोटकरीमा उपासनाले निम्न कुराहरुलाई ओगटेको छ,

(क) मान्छेको प्रभुसँगको सम्बन्ध । (ख) मान्छेको आफ्नो आत्मासँगको सम्बन्ध र त्यसमाथि अधिकार । (ग) मान्छेको आफ्नो समग्र समाजसँगको सम्बन्ध । (घ) मान्छेको आफ्ना नातेदार, लोग्नेस्वास्नी, सन्तान र ऊसँग विशेष हकअधिकार राखेका सबैसँगको सम्बन्ध । (ङ) मान्छेको अल्लाहले यस सृष्टिमा राखेका जनावरहरुसँगको सम्बन्ध । (च)  जिम्मेवारीकासाथ र नैतिक तवरले प्रयोगको लागि अल्लाहले सृजना गरेको पर्यावरण र सम्पूर्ण स्रोतहरुसँगको सम्बन्ध ।

तापनि अल्लाहले मानवजातिलाई उपासनाका ती कर्महरुमा कसरी अगाडि बढ्ने, त्यसलाई कसरी जोगाउने र त्यसलाई कसरी निरन्तरता दिने भन्ने आदि कुराहरुबाट बिना प्रमाण छोडेको छैन । बरु अल्लाहले मानवजातिका लागि उपासनाका बिशिष्ट नियमित कर्महरु नियोजन गरेको छ । यी कर्महरु तिनका उपासनाका कर्म हुन् र तिनीहरु एक अल्लाहको उपासनाको मार्गलाई निरन्तरता दिनका लागि मान्छेलाई सघाउने कर्म पनि हुन् । ती कर्महरुमध्ये सबैभन्दा बढि महत्वपूर्ण कर्म 'इस्लामका पाँच आधार स्तम्भ' को नामले परिभाषित छन् । सन्देशवाहक (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) ले बर्णन गरेका छन्, 'इस्लामलाई पाँचवटा (आधार स्तम्भ) मा स्थापना गरिएको छ, 'अल्लाहबाहेक उपासना योग्य कोही होइन र मुहम्मद अल्लाहका सन्देष्टा हुन्' भन्ने कुराको साक्षी बक्नु, नमाज कायम गर्नु, जकात (धर्मदान) दिनु, त्यस घर (कअ्बा) को हज्ज गर्नु तथा रमधान महिनाको ब्रत (रोजा) राख्नु ।' (३४)

पहिलो आधार स्तम्भ आस्थाको घोषणा हो । 'जनताको पुष्टि बेगर कसैले पनि दिलमा आज्ञापालन हुनु दाबी गर्नु हुँदैन' भन्ने पहिलो आधार स्तम्भले जनाउँछ । ईश्वरको आज्ञापालनको अर्थ गोप्य आज्ञापालन होइन । यो एउटा सार्वजनिक

आज्ञापालन हो, यो हरेकको आचरणलाई हाँक्ने शक्ति हो । यसप्रकार दृढ विश्वास, आस्था, शुद्ध नियत र इमानदारीका साथ जो कोहीले 'कोही उपासना योग्य होइन अल्लाहबाहेक र मुहम्मद अल्लाहका सन्देष्टा हुन्' को घोषणा गर्नुपर्छ ।

यी आधार विना बाँकी कर्महरु वास्तवमा व्यर्थ हुन्छन् । अन्य कर्महरु आस्थामाथि अवश्य आधारित हुन्छन् । प्रथमतः ईश्वर र उनका सन्देष्टामा विश्वास नराखि कसैले कुनै कर्ममार्फत ईश्वरलाई राम्रोसँग खुशी पार्न सक्दैन । तसर्थ यसआस्थाको संगतले कर्महरुतर्फ हाँक्छ । यस आस्थाले डोऱ्याएको पहिलो कर्म आस्थाको घोषणा र एलान हो । तसर्थ सबैको लागि अर्का आधारहरुको यो प्रारम्भिक विषयवस्तु हो ।

अन्य चारवटा स्तम्भहरु तल बयान गरिएका छन्,

## नमाज (प्रार्थना)

दोस्रो स्तम्भ, 'प्रार्थना कायम गर्नु' (नमाज) हो । यो स्तम्भको अर्थ आफ्नो इच्छानुसार जहिले र जहाँ पनि मात्रै प्रार्थना गर्नु होइन । हरेक मुस्लिमले ईश्वरप्रति आफ्नो आज्ञापालनको मौलिक चिन्ह सरह अवश्य गर्नुपर्ने औपचारिक र नियमित प्रार्थनाहरु छन् । (३५) प्रत्येक दिन निर्धारित समयमा त्यस्ता पाँचवटा प्रार्थनाहरु छन् । पहिलो प्रार्थनाको समय बिहानी हुनुभन्दा अगाडि वा सूर्योदय हुनुभन्दा अगाडि हुन्छ । दोस्रो प्रार्थनाको बेला ठ्याक्कै मध्यान्हपछि प्रारम्भ हुन्छ । तेस्रो, अपरान्हपछि शुरु हुन्छ । चौथो, सूर्यास्त लगत्तैपछि प्रारम्भ हुन्छ । र, पाँचौं रातदेखि शुरु हुन्छ । तसर्थ एउटा मुस्लिमलाई एउटा औपचारिक प्रार्थनाबाट टाढा रहनको लागि दिनभरिमा कुनै अवधि बाँकी रहँदैन । यी बारम्बारका प्रार्थनाहरुले मान्छेलाई उसको पालनकर्तासितको सम्बन्ध र जीवनमा उसको सही उद्देश्यलाई लगातार स्मरण गराउँछ ।

आमरुपले यी प्रार्थनाहरु मस्जिदमा उपस्थित भई सामूहिक रुपमा गर्नु अनिवार्य गरिएका छन् । यसैले मुस्लिम आवादीमा अनगन्ति मस्जिदहरु स्थापना गरिएका हुन्छन् । आस्थावानहरु आफूमध्ये कसैद्वारा विशिष्ट वाक्यांश पाठ गर्दै प्रार्थनाको लागि यसरी बोलाइन्छन्, 'आऊ प्रार्थनातर्फ' 'आऊ सफलतातर्फ ।' भक्तहरु प्रार्थनाको अगुवा (ईमाम) का पछाडि मस्जिदमा सोझो पंक्ति बनाउँछन् । ती

सबै एउटै दिशा मक्कातिर उन्मुख हुन्छन् । प्रार्थना अरबी भाषामा कुरआन पढेर गरिन्छ । प्रार्थना भन्नाले अल्लाहलाई साष्टाङ्ग र ढोग्ने भन्ने हुन्छ । संसारभरिको यात्रा गरेपछि कसैले मुस्लिमहरुलाई एउटै शैली र एउटै अरबी भाषा र बखानमा प्रार्थना गर्दै गरेको पाइनेछ । यसप्रकार एउटा मुस्लिम संसारभरिका कुनै पनि मस्जिदमा पसेर तुरुन्तै घर जस्तो तथा आस्थाका आफ्ना दाजुभाई र दिदीबहिनीमाझ हुने अनुभूति गर्छ ।

प्रार्थनाहरुको महत्व आफ्नो जीवनमा गर्ने कर्महरुको यथार्थमा रहन्छ । सबैभन्दा बढि महत्वपूर्ण रुप मानिसको अल्लाहसँगको सम्बन्ध हो । अल्लाहबारेको ज्ञान, निष्कपटता र अल्लाहको उपासना गर्नु नै उसको आस्था हो । अल्लाहसँगको यो सम्बन्ध भनाई र गराई दुबैमा राखिएको छ तथा प्रार्थनाद्वारा त्यसलाई सुधार गरी बढाइएको छ ।

## जकात (धर्मदान)

इस्लामको तेस्रो स्तम्भ जकात वा धर्मदान हो । जकात एउटा विशिष्ट समूह जस्तै गरीब वा दीनहीनहरुलाई वर्षेनी अवश्य दिनुपर्ने कसैको विभिन्न सम्पत्तिको एउटा विशिष्ट हिस्सा हो ।

अल्लाहको कारण आफ्नो धनको केही भाग छोड्नको लागि बाध्य पार्ने विचार पहिला सन्देष्टाहरुको सन्देशमा पनि पाइने उपासनामध्ये एउटा कर्म हो । आत्माको शोधनमा यसको महत्वपूर्ण स्थान रहेको हुन्छ भन्ने सन्दर्भमा सुलैमान नद्वीद्वारा यस्तो उद्घृत गरिएको छ,

'मानवजातिको आध्यात्मिक रोगको मुख्य कारण अल्लाहसित आशा र त्रासको अनुपस्थिति र उहाँसँग माया र सम्बन्धको कमी हो । यी रोगहरुको उपचार प्रार्थना (नमाज) हो । यी रोगहरुको अर्को कारण पनि हो अर्थात् अल्लाहसँग सम्बन्धको सट्टा सांसारिक भोग, धनसम्पत्ति र जायजेथासँग बढि सम्बन्ध । रोगको यो दोस्रो कारणको उपचार जकात (धर्मदान) हो ।' (३६)

उपासनाको यो कर्मले उपासनाको परिधिको सम्बन्धमा अघि बहस गरी सकिएको  एउटा तथ्यमाथि ध्यान केन्द्रित गराउँछ । उपासनाको सरोकार आफ्नो

प्रभुसित अन्तरक्रियाबाट मात्रै हुँदैन बरु यसले विशेषतः मुस्लिमहरुको अन्तरक्रियासित र आमरुपमा बाँकी सबै मानवजातिसित सरोकार राख्छ । जकातद्वारा प्रत्यक्ष रुपमा अर्काका आवश्यकताहरु पूरा गरिन्छ । जुनकारणले अर्कासित अन्तरक्रिया गर्नुपर्छ त्यो पुनः एकचोटि अल्लाहको उपासना नै हो ।

जकातले अल्लाहका खातिर अर्काको मद्दत र परित्यागको मनसाय आत्मामा विकसित गराउँछ । साँचो आस्थावानले अल्लाहको कारण दिनु, 'अल्लाह यस्ता कर्मसित धेरै खुशी हुन्छ' भन्ने हर्षको चेतनशील खेती आफ्नो दिलमा गर्छ । यो स्वार्थी हुनु, गलत धन एकट्ठा गर्नु र मुटुबाट अहम्ताका कुविचारहरु उन्मूलनको लागि मात्र होइन अझ यसको सरोकार त्यसभन्दा पनि बढि रहेको छ । यो तिनीहरुको संभावित रोगी मनोभावको हरेक मुस्लिमले परित्याग गर्नुपर्ने र अल्लाहको बढि निकटता पाउनको लागि अर्काको मद्दत गर्नुपर्ने मनोभावसित स्थानान्तर गर्दछ ।

## ब्रत (रोजा) राख्नु

इस्लामको चौथो स्तम्भ इस्लामी सम्मतको नवौं महिना रमधानको ब्रत राख्नु हो । खानु, पिउनु र यौन सम्पर्कबाट दिनमा (बिहानीदेखि सूर्यास्तसम्म) यो महिनामा रुक्नु यसको आशय हो । (३७)

ब्रत संयम, भक्ति र ईश्वर चेतनाको स्रोत हो । अल्लाहले यसको आदेश मुहम्मद (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) भन्दा पहिलाका सन्देशवाहकहरुलाई पनि दिएका थिए । रमधान महिनाको ब्रत निर्धारित गर्ने श्लोकमा अल्लाहले यसको स्थान र उद्देश्य यसरी बताएका छन्, 'हे आस्थावानहरु हो ! तिमीहरुमाथि ब्रतअनिवार्य गरिएको छ जसरी तिमीहरुभन्दा अघिका मानिसहरुमाथि अनिवार्य गरिएको थियो । आशा छ कि तिमीहरुभित्र ईशभय उत्पन्न हुनेछ ।' ( कुरआन, २ : १८३)

ब्रतको परिधि केवल खाना खानु, पिउनु र यौन सम्वन्धबाट रुक्नुभन्दा अझ धेरै रहेको हुन्छ । यसमा अल्लाहको चेतना अति चुलिएको हुन्छ । ईश्वरीय चेतनाको यो चर्कित सतह ब्रत राख्दा हरेकको हरेक कुरोमा प्रतिबिम्बित हुनुपर्छ । सन्देशवाहक (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) ले यस वर्णनमा उक्त तथ्यतर्फ संकेत गरेका छन्, 'सम्भवतः ब्रत राख्ने व्यक्ति आफ्नो ब्रतबाट भोकबाहेक केही पाउँदैन ।

अबेर रातिको प्रार्थना गर्नेहरुले (३८) सम्भवतः आफ्नो प्रार्थनाबाट अनिदोबाहेक केही पाउँदैनन् ।' (३९) सन्देशवाहक (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) ले अझ भनेका छन्, 'ब्रत, खानु र पिउनुबाट रुक्नु मात्रै होइन, अझ ब्रत फजुल र अश्लील कुराहरुबाट बच्नु पनि हो । कसैले तिमीलाई गाली गरेपछि वा तिमीसित मूर्खख्याई गरेपछि तिमीले ऊसँग भन्नुपर्छ, 'मैले ब्रत राखेको छु, मैले ब्रत राखेको छु ।' (४०) अन्ततः सन्देष्टा (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) ले भनेका छन्, 'कसैले झूठो बोल्न वा त्यसअनुसार कर्म गर्न छोडेन भने उसले आफ्नो खानु पिउनु छोड्नुको अल्लाहलाई कुनै आवश्यकता छैन ।' (४१)

ब्रत एउटा अभ्यास हो जसमा मान्छे आफ्नो इच्छा र चाहना अल्लाहको चाहनालाई अघि राख्दै छोडि दिन्छ । यसले मान्छेलाई उसको जीवनको साँचो लक्ष्य र उद्देश्य सम्झना गराउँदछ । ब्रतले उसलाई आफ्नो जीवनको लागि चाहिने र उसको लागि वास्तवमा महत्वपूर्ण हुने मामिलाहरुलाई सही परिप्रेक्षमा राख्ने आज्ञा दिन्छ ।

अल्लाहका सन्देष्टा (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) ले एक पटक भनेका थिए, 'आफूभन्दा तलतर्फ हेर (जो तिमीभन्दा कमतर छन्) र आफूभन्दा माथितर्फ नहेर (जो तिमीभन्दा बढि सामर्थ्य राख्दछन्) अन्यथा तिमीहरुमाथि अल्लाहका उपहारहरु तिमीनिर तुच्छ हुनपुग्छन् ।' (४२) यस हदीसमा सन्देशवाहक ( उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) ले एउटा उपदेश दिएका छन् जो हरेकलाई उसले अल्लाहबाट पाएको अनेक उपकारहरुको कदर गर्नुमा मद्दत पुऱ्याउँदछ । ब्रतले मान्छेलाई अझ अगाडि लैजान मद्दत गर्छ । ब्रत राख्दै मान्छे अरुको दुर्दशा मात्र देख्दैन बरु ऊ वास्तवमा तिनीहरुको दुर्दशाका बारेमा आफैं पनि महसुस गर्न थाल्छ । तसर्थ धनाढ्यले आफूलाई दिइएकोमा विचार गरी सही कृतज्ञता ज्ञापन गर्न सक्छ । विशेषगरी आजभोलि र भौतिकरुपले विकसित केही मुलुकहरुमा कसैले खाना, पिउन शुद्धपानी, बिजुली आदिसम्म धेरै सजिलोसँग पहुँच राख्छन् । ती सहजै उपलब्ध हुनाले मान्छे तिनलाई अनुदान ठानेर उपभोग गर्न थाल्छ र यिनीहरु कति धेरै महान् बरदान हुन् र कति धेरै मानिस आजको संसारमा यी मौलिक आवश्यकताहरुबाट बञ्चित रहेका छन्, उनीहरुले बुझ्दैनन् ।

## मक्काको तीर्थ (हज्ज) गर्नु

इस्लामको पाँचौं वा अन्तिम स्तम्भ अल्लाहको घर वा कअ्बातिर तीर्थ (हज्ज) गर्नु हो । हरेक मुस्लिममाथि भौतिक र आर्थिक क्षमता राखेको अवस्थामा जीवनभरिमा कम्तीमा एकपटक हज्ज अनिवार्य गरिएको छ ।

हज्जका क्रियाकलापहरु मक्का उपत्यकामा इब्राहीम, उनकी श्रीमती हाजरा र उनका छोरा इस्माइलका कर्महरुको सम्भ्कनामा गरिन्छन् । हरेकले तिनीहरुका पाइलाहरुलाई उनीहरुको स्मृतिमा वस्तुतः दोहोऱ्याउँछ । हरेकले उनीहरुलाई स्मरण गर्छन् किनकि उनीहरुले अल्लाहको कारण हिजरत गरेका थिए र त्यसको बदलामा अल्लाह उनीहरुसँग खुशी भएका थिए र कैयौं हिसाबले उनीहरुमाथि कृपा गरेका थिए ।

यो हज्ज वास्तवमा एउटा निरन्तर चलिरहने अभ्यास हो । संसारका हरेक कुनाबाट कैयौं मिलियन मानिसहरु एकै स्थानमा आउने गर्छन् र मक्कामा झुम्मिन्छन् । उनीहरु अल्लाहको सेवामा बारम्बार मक्का आउनको लागि आफ्नो खुशी व्यक्त गर्छन् । तिर्थालुहरुबीच त्यस शुभ दिन आफ्नो प्रभुअगाडि उभिएको बेला सांसारिक विभेदहरु समाप्त हुन्छन् ।

हरेक मुस्लिमले हज्जको लागि समय, धन र मिहिनेतको ठूलो परित्याग गर्दछ । हरेक मुस्लिमले आफ्नो आस्था र परित्यागबीचको सम्बन्ध अवश्य बुझ्नुपर्छ । बलिदान यो धर्मको एउटा आवश्यक तत्व हो । एउटा सत्य आस्थावानले आफ्नो समय, धन र जीवन पनि अल्लाहको कारण बलिदान गर्नुको चाहना राख्नुपर्छ । यसभन्दा अझ बढी साँचो आस्थावानले कुरआन र सुन्नत अनुरुप नभएका आफ्ना सबै चाहना र खुशीलाई अवश्य पनि परित्याग गर्नुपर्छ । यथार्थमा हरेक साँचो आस्थावानले आफू र एक्लो अल्लाहको सही उपासनाबीच अड्ने हरेक कुरालाई परित्याग गर्नुपर्छ ।

## कुरआन र सुन्नतमा वैज्ञानिक चमत्कारहरु

यसभन्दा पहिला उल्लेख अनुसार अन्तिम सन्देष्टाको 'चमत्कार' बेजोड रहेको छ । उनी अन्तिम सन्देशवाहक र उनी पश्चात् कोही पनि सन्देष्टा नआउने हुनाले

उनको चमत्कार फैसलाको दिनसम्म प्रभाव पार्ने हुनुपर्दथ्यो । कुरआन कैयौं किसिमले चमत्कारी रहेको छ । गत शताब्दीमा वा त्यसपछि धेरै मान्छेहरुले यसमा भरिएका पूर्णवैज्ञानिक तथ्यहरुका कारण यसलाई अद्भूत लेखेका छन् । यथार्थमा नयाँ अविष्कारहरु भएकाले तीमध्ये केहीतर्फ कुरआन र सुन्नतमा संकेत गरिएको छ, भन्ने यथार्थ मानिसहरुले बुझ्न थालेका छन् ।

यहाँ स्थान सिमित भएको हुनाले विशेष उदाहरणहरुलाई विस्तृत व्याख्याको अवसर छैन, कुरआनको अध्ययनबारे केही गैरमुस्लिम वैज्ञानिकहरुको बयान यहाँ नक्कल गर्न पर्याप्त होला ।

## कुरआनका वैज्ञानिक चमत्कारहरुबारे आम भनाईहरु

विशेषत: वर्तमान दशकहरुमा धेरै वैज्ञानिकहरु कुरआनका अद्भूत स्वभावहरुबारे चकित भएका छन् र १४ सय वर्षअघि कसैद्वारा यस्तो कर्म उत्पन्न गर्न सम्भव थिएन भन्ने निष्कर्ष निकालेका छन् । उदाहरणको लागि फ्रेन्च औषधी डाक्टर मौराइस व्यौसेलले बाइबल, कुरआन र विज्ञानको व्यापक अध्ययन गरेपछि लेखेका छन्, 'मुहम्मदको युगमा ज्ञानको सतहको परिदृश्यमा विज्ञानसित सम्बन्धित कुरआनका धेरै वाणीहरु एउटा मान्छेको कृति हुन सक्छन्,' भन्ने सोच्न सकिन्न । अझबढि कुरआन एउटा प्रकाशनाको वाणी हुनाले मात्र होइन, बरु यसले उपलब्ध गराएका सत्यताका प्रमाणहरुले यसलाई धेरै विशिष्ट स्थानको इनाम दिएर पनि आज पढ्दाखेरि यसमा भएका वैज्ञानिक वक्तव्यहरुले पनि यो मानवीय सिमानामा व्याख्याको एउटा चुनौतिसरह जाहेर भएको छ ।' (४३)

कुरआन पढ्दा आमाको गर्भमा मान्छेको सृष्टिको बहसले धेरै पाठकहरुको दृष्टि आफूतर्फ आकर्षित गर्छ । वास्तवमा व्यहोरा र विश्लेषण निकै अपार भएकोले टोरोन्टो विश्वविद्यालयका शरीर रचना र जीव विज्ञानका केइथ मूर, प्राध्यापक एमेरिटसले त्यसलाई आफ्नो पुस्तक 'द डेभलपिङ हियुमन : किलिनिकल्ली ओरिएन्टेड एम्ब्रायोलोजी'मा (४४) विशेष संस्करणमा समावेश गरेका छन् । कुरआनमा ब्याख्या गरिएका अद्भूत र भ्रुण विद्याको ऐतिहासिक विकासबीच एकरुपतामाथि टिप्पणी गर्दै डाक्टर मूरले १९८१ मा यस्तो भनेका थिए, 'मानव विकासबारे कुरआनमा भएको ब्याख्यालाई स्पस्ट पार्नुमा सघाऊ पुर्‍याउनु मेरो लागि धेरै खुशीको कुरा हो । यी वाणीहरु मुहम्मदसम्म अवश्य ईश्वरबाट आएका छन् भन्ने

ममाथि छर्लङ्ग भएको छ किनकि यी ज्ञानहरु प्राय: धेरै सदियौं पछिसम्म अविष्कार गरिएका थिएनन् । यसले मुहम्मद अवश्य ईश्वरका एउटा सन्देष्टा हुन् भन्ने विषय ममा सिद्ध गर्छ ।' (४५)

शरीर रचना तथा प्रसूति ज्ञान विशेषज्ञ र मेनिटोबा विश्वविद्यालयका प्राध्यापकसमेत रहेका डाक्टर टीभीएन प्रसादले उल्लेख गरेका छन्, 'तिमी कुनै निरक्षर मान्छेलाई (आशय मुहम्मद हुन्) वैज्ञानिक प्रकृतिबारे प्रभावशाली उच्चारण गर्दै र बयान दिँदै छक्क पार्ने सत्य भेटाउँछौ, 'यो मात्र संजोग थियो भने मेरो बुझाईभन्दा बाहिर छ । डाक्टर मूरको भनाईअनुसार यसमा धेरै सत्यताहरु खादिएर रहेको हुनाले मलाई आफ्नो यो विचारमा कुनै आशंका छैन, 'उनलाई वर्णन गर्न लगाएको यो एउटा ईश्वरीय प्रबोधन वा प्रकाशना हो ।' (४६)

थाइल्यान्डमा चियांग मै विश्वविद्यालयका प्राध्यापक टेजाटेट टेजासेनले वर्णन गरेका छन्, 'विगत तीन वर्षको अन्तरालमा म कुरआनमा रुचिकर भएँ । आफ्नो अध्ययनबाट चौध सय वर्षअघि कुरआनमा उल्लेख भएका हरेक कुरा वैज्ञानिक माध्यमबाट पनि प्रमाणित भइसकेको पक्का सत्य हो, भन्ने मेरो विश्वास रहेको छ । सन्देष्टा मुहम्मद पढेलेखेका मानिस नभएको हुनाले अवश्य एउटा सन्देशवाहक थिए । किनकि बुद्धिको रुपमा एउटा योग्य स्रष्टाबाट उनीतर्फ प्रकाशना गरिएको यस सत्यतालाई उनले पुन: प्रसार गरे । तसर्थ मेरो विचारमा यो भन्नाको लागि यही समय हो...(यहाँनिर प्राध्यापक टेजासेन इस्लामी आस्था स्वीकार गर्ने घोषणा गर्छन्) । (४७)

माथि उल्लेख भएको अन्तिम व्यक्तिले आफ्नो आस्थाको एलान गरी मुस्लिम बने । वास्तवमा इस्लामको अध्ययन गर्ने पूर्वेली र पश्चिमेली दशौं लाख मानिसहरुलाई यही शौभाग्य प्राप्त भयो । यस कोटीमा केट स्टेभन वा जर्मन राजदूत मुराद होफम्यान जस्ता केही प्रख्यात मानिस पनि हुन सक्छन्, तर यसको यथार्थ पछाडि केही सत्यता रहेको बुझ्ने अधिक ठूलो संख्या केवल सोझो मानिसको छ तथा उनीहरुले निष्कपट, पक्षपातरहित अध्ययन र मनको चिन्तनबाट इस्लामको सत्यता बुझेर यसलाई अपनाउँछन् ।

## मुस्लिम कसरी बन्ने ?

मुस्लिम बन्ने विधि निकै सुलभ र सजिलो छ । सबैभन्दा पहिला आस्थाको उद्घोष गर्नुपर्छ । साक्षीहरुको अगाडि यसरी भन्नुपर्छ, 'म साक्षी बक्छु, उपासनाको योग्यअन्य कोही छैन अल्लाहवाहेक र म साक्षी बक्छु, मुहम्मद अल्लाहका अन्तिम सन्देष्टा हुन् ।' यी वाक्यहरु उच्चारण गरेपछि मान्छे इस्लामको सुन्दर भ्रातृत्वमा जोडिन्छ, यस सौहार्दताको अवधि आदम अलैहिस्सलामको समयदेखि संसारको अन्तिम दिनसम्म फैलिएको छ ।

यो घोषणा गर्नु अघि नुहाउन सिफारिस गरिएको छ । उक्त सांकेतिक कर्मले पहिलेका सबै कर्महरुलाई धुने भूमिका खेल्दछ किनकि मान्छे भर्खर जीवनको एक नयाँ अवस्थामा पसिरहेको हुन्छ । सन्देशवाहक (उनीमाथि अल्लाहको कृपा र शान्ति होस्) ले भनेका थिए, 'इस्लामले इस्लाम पूर्वका सबै पापहरुलाई मेट्छ ।' (४८) अर्को शब्दमा चाहे कसैले अटेरी गरेर ईश्वरको अवज्ञा गरेको होस् वा धर्म नजान्नाले गरेको होस्, ती सबै अब मान्छेको पछाडि परेका हुन्छन् । ऊ अब एउटा नयाँ जीवनको थालनी गर्दछ । 'उसले अब आफ्नो पहिलो पाइला चालेको छ भन्ने बुझ्नुपर्छ । त्यहाँ उसको सामुन्ने अरु धेरै अनौठा पाइलाहरु हुन्छन् । उसले अब अल्लाहको त्यतिञ्जेलसम्म एउटा श्रद्धालु उपासक र सेवक भई हुर्कनु र फक्रिनुपर्छ, जब ऊ अन्ततः फैसलाको दिन अल्लाहसँग अल्लाहको सेवक बनेर खुशी हुँदै र अल्लाहले उसलाई आफ्नो सेवक स्वीकारी खुशी हुँदै भेट्नेछ ।

' निश्चय इस्लाम जीवनचर्याको एउटा पूर्ण विधि हो,' भन्ने कुरालाई अघि जनाइएको छ । इस्लाम स्वीकार गरेपछि मान्छेले अल्लाहप्रति समर्पणको मनसाय राख्नुपर्छ । मान्छेको जीवनमा धेरै परिवर्तन हुनुपर्ने यसको तात्पर्य हुन्छ । तसर्थ यो जीवनको धेरै तरीकाहरुमा आमूल परिवर्तनको साँच्चिकै एउटा कदम हो । 'अल्लाह उसको जीवनको अन्तिम लक्ष्य हो, भन्ने ज्ञान र दृढ विश्वासका साथ उसले करार गर्नुपर्छ ।

त्यसपछि कसैलाई आफ्नो आध्यात्मिक मार्गमा कहिले पनि एक्लो रहनु पर्दैन । इस्लाम अंगाल्ने वित्तिकै ऊ त्यहाँ हरेकको लागि भएको भ्रातृत्व र भगिनीत्वको एउटा भाग बन्छ । संसारभरिका हरेक मुख्य शहरमा कसैले इस्लामी संस्था र मस्जिदहरु भेट्न सक्छ । यस ग्रन्थकारको अनुभव अनुसार ती संस्थाहरु बन्धनमा

आएका नयाँ मान्छेलाई स्वागत गर्न र उसलाई एक मुस्लिमसरह हुर्काउने कोशिश गर्नुमा सधैं धेरै खुशी हुन्छन् ।

अल्लाहले आफ्नो कृपाले आफ्नो धर्मलाई हरेकको लागि खोली दिएका छन् । त्यहाँ कुनै बन्देजहरु छैनन् । एकल अल्लाहप्रति समर्पण र उपासनाको लागि विशुद्ध स्वेच्छाको आवश्यकता मात्र छ ।

अल्लाहले सत्यता चाहने साँचो मानिसलाई आफ्नो धर्म इस्लामको आश्चर्यजनक र सुन्दर मार्गतर्फ डोऱ्याओस् ।

## अन्त्य

ग्रन्थकारले अल्लाहको धर्म इस्लाममाथि केही प्रकाश पार्ने प्रयास गरेको छ । स्पष्ट रुपमा यो एउटा अदभूत कार्य हो र थोरै शब्दहरुमा सम्पादन गर्नु गाह्रो पनि हुन्छ । कहिले काहीं अनुभव गरिने सुन्दरतालाई शब्दहरुमा कोर्न गाह्रो हुन्छ । यद्यपि यहाँ लेखिएका मध्ये केहीले पाठकको मन र मुटुलाई अवश्य छुनेछन् भन्ने लेखकको आशा रहेको छ । हरेक पाठकको लागि ग्रन्थकारको एकमात्र सल्लाह पवित्र इच्छाकासाथ अल्लाहतर्फ उन्मुख हुनुहोस् र उनीसित सत्य पथको प्रेरणा माग्नुहोस् । तपाईको साँचो विन्तिले (अल्लाहले चाहे भने) तपाईलाई प्रत्यक्ष सत्यता र इस्लामको सुन्दरतातर्फ तान्नेछ ।

## पाद टिप्पडि

१, सन्देशवाहक (उहा“माथि अल्लाहको दया र शान्ति होस) को भनाई र गराईलाई सुन्नत र हदीस भनिएको छ । इस्लामबारे थप पढ्दा हरेकलाई यी दुबै परिभाषासित प्रायः सामना गर्नुपर्छ ।

२, यस पुस्तिकामा कुरआनका अध्याय र श्लोकलाई बताउनको लागि अंकमा जुन संकेत गरिएको छ जस्तै २:१६, यसको आशय कुरआनको दोस्रो सूरत वा अध्याय र सोरहौ“ श्लोक वा आयत हो ।

३, उमर अल्अश्करले अर्को उदाहरण पेश गरेका छन्, ‘मरुभूमिमा कुनै शहरको अवशेष भेटाएपछि कोही पुरातात्वविद् वा अन्य कसैले उक्त शहर मान्छेको कर्म बाट होइन बरु हावा, वर्षात, गर्मी र जाडोको प्राकृतिक कर्मको नतीजामा कायम भएका छन्, भनेका छैनन् । कसैले यस्तो भनेको भए मानिसले उसलाई पागल भन्थे । ‘उमर अल्अश्करको किताब ‘बिलीफ इन अल्लाह इन द लाइट ओफ द कुरआन एन्ड सुन्नह’ बाट ।

४, बिलाल फिलिप्स, द पर्पज ओफ् क्रिएशन पृष्ठ ४० ।

५, बिलाल फिलिप्स, द पर्पज ओफ् क्रिएशन पृष्ठ ४१, ४२ ।

६, मुहम्मद अल्हम्माद पृष्ट २६ मा उल्लेख गरिएको ।

७, अहमद बिन तैमिया, मज्मूअ् फतावा शैखुल इस्लाम इब्नि तैमिया भाग १, पृष्ठ २४, २९ ।

८, अल्लाहको साझेदार बनाउनुको अर्थ, अल्लाहको उपासनाका साथसाथै मूर्ति, रुख, जनावर, गुफा, स्वर्गीय व्यक्तित्व, प्राकृतिक शक्ति आदिको पनि उपासना गर्नु हो ।

९, मुस्लिम सधै“ अल्लाह बाट खासगरी उनका यी दुई नामहरु बाट अवगत रहन्छ । कुनै कर्म गर्न थाल्दा हरेक मुस्लिमले यो भन्छ, ‘अल्लाहको नाम बाट जो अति दयालु र सधै“ दयालु छ ।’

१०, बुखारी र मुस्लिम बाट वर्णन गरिएको छ ।

११, इस्लामी धार्णानुसार शैतान खसेको फरिश्ता (स्वर्ग दूत) होइन । फरिश्ताहरु कहिल्ले पनि खस्दैनन् वा शैतान जस्तो केही हु‘‘दैनन् । यो फरिश्ताहरुको नैसर्गको झन्डै विपरीत हो । शैतान अर्कै किसिमको सृष्टि हो जसलाई जिन्न भनिएको छ ।

१२, अहमद बाट वर्णन गरिएको छ ।

१३, वास्तवमा इस्लामी आस्थामा आदम र हव्वा दुबैले एकै साथ आफ्नो पाप स्वीकारेका थिए, दुबैले अल्लाहतर्फ पश्चाताप गरेका थिए र दुबै अल्लाह बाट माफ गरिएका थिए ।

१४, मुस्लिम बाट वर्णन गरिएको छ ।

१५, (अहमद बिन तैमिया) इब्न तैमिया’स एस्से ओन् सेर्भिटियूड पृष्ठ १२१ ।

१६, असंक्षिप्त अनुवादित भाषामा इस्लामको तुलना यहूदि र ईसाईमत स‘‘ग गरिएको छ ।

१७, एकैश्वरवादको सत्यता अल्लाहको कृपाले मानवजातिको स्वभावमा गाडिएको भएता पनि एउटा सन्देशवाहक नपठाइन्जेल र सन्देशलाई स्पस्ट र पारिन्जेल ऊ कहिल्लेसजाय दि‘‘दैन ।‘जो कोही सिधा हि‘‘ड्छ ऊ आफ्नो स्वयंको फाइदाको लागि सिधा हि‘‘ड्छ । र जो कोही भट्कन्छ ऊ आफै‘‘ नोक्सान व्यहोर्नको लागि भट्कन्छ । कोही अर्काको भारि उठाउन सक्दैन । र हामी कहिल्ले पनि एउटा सन्देशवाहक नपठाइन्जेल सजाय दिन्नौ‘‘’ (१७:१५)

१८, बुखारी र मुस्लिम बाट वर्णन गरिएको ।

१९, वास्तवमा जस्तो अघि वर्णन गरिनेछ यसको चमत्कारी स्वभावका नया‘‘ रुपहरु लगातार पत्तो लगाइएका छन् ।

२०, हेर लोऐ फतूही एन्ड शेठा अल दारगजेली, हिस्टरी टेस्टिफाइज टु दि इन्फ्यालिबिलिटी ओफ् दि कुरआनः एर्ली हिस्टरी ओफ् दि चिल्र्डेन आफ् इस्राईल( डेल्ही, इन्डिया) पृष्ठ २४७,२४८ ।

२१, अहमद बाट वर्णन गरिएको ।

२२, जमाल बद्वीको मुहम्मद इन दि बाइबलमा पृष्ठ ४०मा उल्लेख गरिएको ।

२३, बद्वी पृष्ठ ४१ ।

२४, मथ्थिव १७:१२मा जेससको भनाई, 'इलियास पहिला आइसके छन्' उल्लेख गरिएको छ ।

२५, बुखारी र मुस्लिम बाट वर्णन गरिएको ।

२६, मुस्लिम बाट वर्णन गरिएको ।

२७, बुखारी र मुस्लिम बाट वर्णन गरिएको ।

२८, मुस्लिम बाट वर्णन गरिएको ।

२९, अहमद र अल्दार्मी बाट वर्णन गरिएको ।

३०, ई. डब्ल्यु. लेन, अरबिक-इँग्लिश लेक्सिकन भाग १ पृष्ठ १४१३ ।

३१, अहमद र अल्दार्मी बाट वर्णन गरिएको ।

३२, बुखारी बाट वर्णन गरिएको ।

३३, अन्यथा निसन्देह यो कुरआन वा सुन्नतमा सुस्पष्ट बयान गरिएको हुन्थ्यो ।

३४, बुखारी र मुस्लिम बाट वर्णन गरिएको ।

३५, स्पष्टतः कसैले हरेक बेला प्रार्थना र विन्ति गर्न वा स्वेच्छिक नमाजहरु पढ्न सक्छ । तर यस आधार खम्बाको आशय यो होइन ।

३६, सुलैमान नद्वी, वशिर्प इन इस्लाम पृष्ठ १७९ ।

३७, ध्यान राख्नुहोस, इस्लामी पात्रो चन्द्रमामा आधारित पात्रो हो । तसर्थ कैयौं सालपछि रमधानको महिना विभिन्न याममा आउने गर्छ ।

३८, रमधानको महिनामा दिनमा ब्रत राख्न साथै रमधानको रातिमा मुस्लिमहरु विशेष नमाज पनि पढ्छन् ।

३९, इब्ने माजह बाट वर्णन गरिएको र अल्अल्बानी बाट सही ठहराइएको ।

४०, अल्हाकिम र अल्बैहकि बाट वर्णन गरिएको र अल्अल्बानी बाट सही ठहराइएको।

४१, अल्बुखारी बाट वर्णन गरिएको ।

४२, मुस्लिम बाट वर्णन गरिएको ।

४३, मौराइस बुकैलि, दि बाइबल, दि कुरआन एन्ड साइन्स पृष्ठ २५१,२५२ ।

४४, हेर, केइथ ल.मूर, दि डेवलपिँग ह्यूमन ।

४५, आई.ए.इब्राहीम, अ ब्रीफ इलस्ट्रेटेड गाइड टू अन्डरइस्टैन्डिँग इस्लाम पृष्ठ १० ।

४६, इब्राहीम पृष्ठ २७ मा उल्लेख ।

४७, इब्राहीम पृष्ठ ३१ मा उल्लेख ।

४८, अहमद बाट वर्णन गरिएको ।

# विषय सूची الفهرسة


| परिचय | المقدمة |
|---|---|
| ईश्वर (अल्लाह) माथि विश्वास गर्नु ३ | الإيمان بالله |
| पाठपूजाको एउटै लक्ष्य अल्लाह हुनुपर्छ ५ | جميع العبادات لله سبحانه وتعالى |
| अल्लाहका नाम र गुणहरुमा विश्वास ११ | الإيمان في أسماء الله وصفاته |
| ब्राह्‍माण्ड र मानवजाति १४ | الكون والإنسان |
| धर्म २३ | الدين |
| दूत हुनु ३० | الرسالة |
| इस्लाम र आस्था ४६ | العقيدة في الإسلام |
| इस्लाममा उपासनाका नियमित कर्महरु ५३ | أعمال العبادة الشرعية في الإسلام |
| कुरआन र सुन्नतमा वैज्ञानिक चमत्कारहरु ५९ | المعجزات العلمية في القرآن والسنة |
| मुस्लिम कसरी बन्ने ? ६२ | كيفية الدخول في الإسلام |

الحمد لله والصلاة والسلام على نبينا محمد صلى الله عليه وسلم وبعد:

فيطيب لي أن أقدم لكتاب " ما هوالإسلام " والذي ترجمه الأخ الشيخ/ أبوبكر مسلمان الداعية بمركز الدعوة والإرشاد بقطرلأجل إثراء المكتبه الإسلامية التي تعرف بالإسلام باللغة النيبالية .

وقد عرفت الشيخ طالباً للعلم ، متميزا في اللغة العربية إضافة إلى لغته الأصلية النيبالية .

ونحن في مركز الدعوة والإرشاد إذ ننشر هذا العمل الناجح، والذي أشاد به الكثير من الدعاة والمختصين النيباليين ؛ لنرجو من الله تعالى أن نكون وفقنا لإضافة كتاب جديد إلى المكتبة الإسلامية وأن يكون مرجعاً لمن أراد التعرف على الإسلام .

جعل الله عملنا لوجهه سبحانه خالصاً وأن يثيب الشيخ وكل من ساهم في خروج هذا الكتاب النافع إلى النور .

وصلى الله على نبينا محمد وآله وصحبه أجمعين .

كتبه

فواز عبد الله الغامدي

مدير مركز الدعوة في قطرالدوحة

١٤/ ٨ / ١٤٣٣هـ

النيبالية

# ما هو الإسلام؟


تصنيف: جمال الدين زرابوزو

ترجمة الداعية: أبو بكر الندوي    مراجعة: رحمة الله ميان



إعداد مركز الدعوة والإرشاد بدولة قطر
الدوحة - مدينة خليفة الجنوبية
ت: ٩٧٤٤٤٨٧١٧٠٦+ فاكس: ٩٧٤٤٤٨٦٤٧٣٧+ ص.ب: ٢٤٨٢